in Public Domain. Digitization by eGangotri.Funding:

बौ० ८-३६६

महाशी धर्मकथिक

आयुष्मान ऊ. सुन्दरको

दुश्चरित्र

अपराध भरा विमुक्ति उपदेश

अनुवादक:

ज्योति शाक्य

...Sanskrit University, Balmeeki Campus, Kathman...

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding
वी·द· ३६६

bal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding:

al Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

बौ·द· ३६६

महाशी धर्मकथिक

आयुष्मान ऊ. सुन्दरको

दु
श्च
रि
त्र

अपराध भय विमुक्ति उपदेश

अनुवादक:

ज्योति शाक्य

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding:

प्रकाशक :

बेतिमाया शाक्य

मान भवन, पाटन

सन्ति सुखावास

चाकुपाट, पाटन

बुद्ध सम्वत् : २५४२

नेपाल सम्वत् : १११८

विक्रम सम्वत् : २०५५

इस्वी सम्वत् : १९९८

यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन

कम्प्यूटर :

गोविन्द ह्युमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजबला

"न्यू नेपाल प्रेस"

फोन : २५९४५०

Reprinted and Donated by

The Corporate Body of the Buddha Educational Foundation

11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.

Tel: 886-2-23951198 , Fax: 886-2-23913415

Email: overseas@budaedu.org.tw

Website: http: //www.budaedu.org.tw

This book is strictly for free distribution, it is not for sale.

...it University, Balmeeki Campus, Kathmand...

n Public Domain. Digitization by eGangotri.Funding

गुल्मी, थानपति-२ निवासी वेदराज ज्ञवालीद्वारा
वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
उपहार स्वरूप प्रदान।
२०६३/११/२४

विषय-सूची

विषय	पृष्ठ
(अ) प्रकाशकीय	क
(आ) मन्तव्य	ख
(इ) केही भनाई	छ
(ई) दुश्चरित्र अपराध भय विमुक्ति उपदेश प्रणाम	१
(उ) बुद्धवंश प्रणाम	३
(ऊ) पवित्र प्रणाम निर्देशक स्मरणिका	७
(ऋ) दुश्चरित्र अपराध भय विमुक्ति उपदेश	८
(ॠ) दुश्चरित्र हीरा समान	८
(ए) नराम्रा अकुशल	१०
(ऐ) दुश्चरित्र स्वरूप	११
(ओ) रक्सी र मादक पदार्थहरू पनि दुश्चरित्रमा सम्मिलित मानिन्छ	१२
१. अरूको प्राण लिए नराम्रा फल पाइन्छ	१३
भावार्थ अभिप्राय	१४
उदाहरणको रूपमा महाकाल कथावस्तु	१४
तिस्सथेरको कथावस्तु नमूना	१७
प्रतिसन्धि फल र प्रवृत्ति फल	१९
अपाय नर्क अनि यमराज	१९
पाँच यमदूतहरू	२०
आठ नर्कको स्वरूप	२५

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

प्रकाशक :
बेतिमाया शाक्य
मान भवन, पाटन
सन्ति सुखाबास
चाकुपाट, पाटन

बुद्ध सम्वत् : २५४२
नेपाल सम्वत् : १११८
विक्रम सम्वत् : २०५५
इस्वी सम्वत् : १९९८

४२ / १२ / ८

यो पुस्तक नि:शुल्क वितरणको लागि हो, विक्रीको लागि होइन

कम्प्यूटर :
गोविन्द स्यूमत, रामकृष्ण मामिछाने, सुरेन्द्रकुमार राजथला
"न्यू नेपाल प्रेस"
फोन : २५९४५०

Reprinted and Donated by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org.tw
Website: http: //www.budaedu.org.tw
This book is strictly for free distribution, it is not for sale.

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गुल्मी, थानपति-२ निवासी वेदराज ज्ञवालीद्वारा
वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
उपहार स्वरूप प्रदान।
वेदराज ज्ञवाली
२०४२।११।२४

विषय-सूची

विषय	पृष्ठ
(अ) प्रकाशकीय	क
(आ) मन्तब्य	ख
(इ) केही भनाई	छ
(ई) दुश्चरित्र अपराध भय विमुक्ति उपदेश प्रणाम	१
(उ) बुद्धवंश प्रणाम	३
(ऊ) पवित्र प्रणाम निर्देशक स्मरणिका	७
(ऋ) दुश्चरित्र अपराध भय विमुक्ति उपदेश	८
(ॠ) दुश्चरित्र हीरा समान	८
(ए) नराम्रा अकुशल	१०
(ऐ) दुश्चरित्र स्वरूप	११
(ओ) रक्सी र मादक पदार्थहरू पनि दुश्चरित्रमा सम्मिलित मानिन्छ	१२
१. अरूको प्राण लिए नराम्रा फल पाइन्छ	१३
भावार्थ अभिप्राय	१४
उदाहरणको रूपमा महाकाल कथावस्तु	१४
तिस्सथेरको कथावस्तु नमूना	१७
प्रतिसन्धि फल र प्रवृत्ति फल	१९
अपाय नर्क अनि यमराज	१९
पाँच यमदूतहरू	२०
आठ नर्कको स्वरूप	२५

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

सञ्जीव नर्क २६
सञ्जीव नर्क भोगको स्मरणिका २७
यसर्थ मुक्त नहोइञ्जेल दुश्चरित्रबाट मुक्त हुँदैन २७
भनाई (वचन) सत्य २९
स्वभाव-सत्य २९
देखिनुमा सत्कायदृष्टिको प्रवेश ३०
ज्ञान तीन थरी ३२
अपाय दु:ख मुक्तिका निम्ति निर्देशिका स्मरणिका ३३
अपायमा पतन नहुने गरी विपश्यनाले
थामेको कथावस्तु ३५
उत्पन्न भइसकेका र उत्पन्न हुन बाँकी रहेका
दुश्चरित्रहरू विपश्यनाद्वारा हटाउनु पर्छ ३८
विपश्यना के हो ? ३९
विपश्यना योगीका प्रारम्भिक परिकर्म ३९
भाविता गरी सचेत हुने (होश राख्ने) विधि ४०
पाणातिपात—दुष्परिणाम देखाउने काव्य ४६
२. पराई सम्पत्ति चोरे–नराम्रो फल पाइन्छ ४७
भावार्थ अभिप्राय ४८
चोरी गर्नाले नर्कमा पतन भएको साधक
नमूना कथावस्तु ४८
गिज्याएर हैरान पारी चोरेर लुकाएर आएको हुँदा
नाङ्गो यक्ष हुन परेको कथावस्तु ५०
कालसूत्र नर्क ५१
कालसूत्र नर्क भोग रीति ५२
सुनिनेमा सत्कायदृष्टिको प्रवेश ५३

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

चोर्ने कामबाट अपायमा पतन नहोइने गरी
विपश्यनाद्वारा रक्षा: नांगो यक्ष र भानिज चाहिंको
कथावस्तु ५४
रूप र नाम थाह होइने ढंग ५७
अदिन्नादान परिणाम देखाउने काव्य ५९
३. परजनका परिवारलाई उल्लंघन गर्दा पाइने दुष्परिणाम ६०
भावार्थ अभिप्राय ६१
पराई स्वास्नी, छोरा, छोरीको उल्लंघनले नर्कमा
पतन: भावी आयुष्मान आनन्दको कथावस्तु ६१
सात जवनद्वारा प्रतिफल दिने ढंग ६२
सङ्घात नर्क ६३
सङ्घात नर्क भोग रीति ६४
अरूको स्वास्नी, छोरा, छोरी उल्लघंन गर्नाले
अपायमा पतन: भावी आयुष्मान आनन्दको
कथावस्तुको क्रम ६४
सुँघ्दा सत्कायदृष्टि प्रवेश हुने ६५
कामेषु मिथ्याचार कर्मद्वारा अपायमा पतन: नहुनेगरी
विपश्यनाले रोकी दिएको नमूना खेमक कथावस्तु ६६
कारण कार्य थाह पाउने र देख्ने ढंग ६८
कामेषु मिथ्याचार परिणाम देखाउने काव्य ७०
४. ढाँटेर असत्य बोल्नाले दुष्फल ७२
ढाँटेर असत्य कुरो आरोप लाउनाले नर्क पतन: मतवाला
बोधिसत्त्वको कथावस्तु ७३
जाल रोरूव नर्क ७३
लौ ... अब ... धर्म स्मरणिका भनौं ७४

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

खाँदा हुँदी सत्कायदृष्टिको प्रवेश ७५
ढाँटेर छलेर आरोप लगाएको हुनाले तथागतले पनि
आफूमाथि आरोप लगाएको स्थितिमा बस्न पऱ्यो ७६
ढाँटेर छलकपट गरी आए पनि अपायमा पतन
नहोइने गरी विपश्यनाद्वारा रक्षा ७७
उत्पत्ति विनाश दुःख स्वभाव नै हो भनी थाह पाउनु ७९
मृषावाद परिणाम काव्य ८०

५. चुगली गरे दुष्परिणाम ८२
भावार्थ अभिप्राय ८३
चुगली गरेको हुँदा अपायमा पतन भएको कथावस्तु ८३
धूम रोरूव नर्क ८४
महो (धूम) रोरूव नर्क भोग स्मरणिका ८५
छोइनुमा (स्पर्श होइनुमा) सत्कायदृष्टि प्रवेश ८६
चुगलीको कारण अपायमा पतन नहोइने गरी
विपश्यनाद्वारा आरक्षा ८७
क्षय व्यय थाह हुँदै आएपछि गल्ती महसूस हुन थालिने ९०
प्रिय-शून्य वचन परिणाम काव्य ९१

६. कडा वचन बोल्नाले दुष्परिणाम ९३
भावार्थ अभिप्राय ९४
गाली अपशब्द बोल्नाले अपायमा पतन
सुंगुर टाउके प्रेत ९४
तापन नर्क ९५
तापन नर्क भोग स्मरणिका ९६
विचार कल्पनामा सत्कायदृष्टि प्रवेश ९६

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गाली गरेको कारणले अपायमा पतन नहोइने गरी
विपश्यनाद्वारा रक्षा : चार ब्राह्मणको कथावस्तु ९८
क्रमैसित उत्पत्ति - विनाशद्वारा ज्ञानदृष्टि परिपक्वता १००
७. **निरर्थक कुरा गर्नाले खराब परिणाम** १०३
भावार्थ अभिप्राय १०४
निरर्थक सार रहित वचनले अपाय पतन सम्भव १०४
पतापन नर्क १०६
पतापन नर्क भोग परिणाम काव्य १०६
सम्फप्रलाप वचनले अपायमा पतन नहोइने गरी
विपश्यनाद्वारा रक्षा १०७
यथार्थ दृष्टि गतिमान भयो भने भङ्ग मात्र थाह
भइरहन्छ १०८
सम्फप्रलाप परिणाम काव्य ११०
८. **मातलाग्ने मद्य पदार्थको सेवनबाट दुष्परिणाम** १११
जाँड रक्सीको कारण मानिस मार्दा अपायमा पतन ११२
अवीचि नर्क ११४
अवीचि नर्क भोग स्मरणिका ११७
मद्यपानद्वारा अपायमा पतन नहोइने गरी
विपश्यनाले रक्षा गरेको कथावस्तु ११७
भय आदिनवबाट निर्विदा दर्शन ११९
मनोदुश्चरित्र तीनैवटाद्वारा अपाय पतन १२१
८. **(ख) अभिध्याद्वारा दुष्परिणाम** १२१
भावार्थ अभिप्राय १२२
अभिध्याको कारणले अपायमा पतन १२२
९. **ब्यापादको बृद्धिले दुष्परिणाम** १२४

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय	१२४
व्यापादको कारणले नर्कमा पतन : सुप्रबुद्ध कथावस्तु	१२४
१०. धारणा गलत भए दुष्परिणाम	१२६
भावार्थ अभिप्राय	१२७
तिरश्चीन	१२७
प्रेत	१२७
असुरकाय	१२८
मिथ्या धारणाद्वारा अपायमा पतन नहुने गरी विपश्यनाद्वारा रक्षा	१२८
मुक्तहुन चाहन्छौं भने बारम्बार भावित गरी शूक्ष्म शान्तिमा पुग्नु पर्ने	१३०
मनोदुश्चरित्र र विपश्यना काव्य	१३२
इतिश्री पवित्र कामना	१३४
बालक - बालिकालाई ज्ञान प्रदायक धर्म-काव्य	१३६
प्रेरणात्मक काव्य स्मरणिका	१३७
हीन प्रणीत दुई भेद	१३८
आठ दुश्चरित्र दोष	१४२
मनोदुश्चरित्र दोष्	१४४
तीन थरी प्रेम	१४५
संग्रहित मैत्री बृद्धि	१४५
मैत्री प्रतिफल ११ वटा	१४६
तीन थरी अग्नि	१४७
छोरा-छोरी तीन थरी	१४७
छोरा-छोरीका पाँच कर्तव्य	१४८
विश्राम स्थल शान्ति शाला	१४९

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गुरुको दण्ड क्षमा दिने	१५०
सम्पत्ति विनाश कारण ६	१५०
करणीय कर्तव्य	१५१
पञ्चानन्तरिय कर्म पाँच	१५२
उत्तम बुद्ध	१५२
बुद्धगुण - ९ वटा	१५३
बुद्धवाद विभज्ज	१५४
धर्मगुण - ६ वटा	१५५
संघगुण - ९ वटा	१५६
दान	१५८
त्रिशरण गमन	१५८
पञ्चशील सुदृढ गर्न योग्य	१५९
पति-पत्नीको अटुट जोडी	१६०
भावनीय कर्मस्थान दुई : १. शमथ	१६०
२. विपश्यना	१६१
होश है होश !	१६२

लोक - नीति

केही कुरा	१६३
वन्दना गाथा	१६४
पण्डित काण्ड	१६४
सुजन काण्ड	१६८
दुर्जन काण्ड	१७२
मित्र काण्ड	१७३
स्त्री काण्ड	१७५
राज काण्ड	१७७
प्रकीर्ण काण्ड	१८०

bal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding

प्रकाशकीय

"सब्बदानं धम्मदानं जिनाति" = सबै दानलाई धर्मदानले जित्दछ" भन्ने तथागत सम्यक्सम्बुद्धको अमृतवचनलाई हृदयंगम गरी वर्तमान युगका नास्तिकवादी तथा भौतिकवादीहरूको जगजगी मच्चिरहेको अवस्थामा उनीहरूको आँखा खोली दृष्टि सच्याउन सकिएला कि भन्ने मनसायले यो कार्य कारण सिद्धान्तमा आधारित "दुश्चरित्र अपराध भय विमुक्ति उपदेश" नामक पुस्तक नेपाली भाषामा पनि प्रकाशित गर्न सहयोग पुऱ्याउन पाएकोमा अत्यन्त खुशी लागेको छ ।

यस पुस्तकमा उल्लिखित उपदेशहरूलाई सही दृष्टि अगाडि सारी योनिसो मनसिकारलाई अगाडि सारी पठन पाठन र चिन्तन मनन गर्नुको साथै अभ्यासरत समेत भई यसको सार संग्रह गर्न सकेमा प्रकाशनको कामना पूरा हुनेछ भन्ने ठान्दछु ।

सबैको सुख शान्ति होस् ! सबैको सम्पूर्ण दुःख अन्त होस् ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मन्तव्य

लोक परलोक जीवनको अति महत्वपूर्ण जीवनको एउटा समस्या हो । यो मात्र धार्मिक समस्या होइन, प्रमुख मानवीय समस्या पनि हो । जीवन-दृष्टि परिशुद्ध भएन भने मिथ्यादृष्टि मिथ्यावाद मिथ्या धारणा एवं मिथ्या सिद्धान्त भित्रिन थाल्दछ ।

जब जब गलत धारणा भएको चित्त उत्पन्न हुन्छ, तब तब हाम्रो जीवन दोषयुक्त भई प्रत्येक पाइलामा अपाय ढोकाको नजीकतिर अघि सर्दै गइरहेको हुन्छ । स्वच्छ, रमणीय, शान्तिमय आनन्द पूर्ण जीवन नरहन सक्तछ ।

ज्ञान दृष्टि परिशुद्ध भएमा मात्र दृष्टि सोझिन्छ । दृष्टि सोझिएमा मात्र राम्रो जीवन, राम्रो गति, अमूल्य जन्म, अर्थहितकारी भूमि निर्माण गर्न सकिन्छ ।

अतीत जन्म, अनागत जीवन प्रति आस्था र विश्वास कर्मस्वकत्व सम्यग्दृष्टिको मुख्य पृष्ठभूमि हो ।

सही सिद्धान्त यथार्थ दृष्टिलाई देखी, जानी रहनु खान, पान, लवाई बसाई व्यवस्थिति पारी रहनु भन्दा बढी महत्व रहेको ठोसपूर्ण हुन्छ ।

तसर्थ वर्तमान जीवनमा अत्यधिक महत्वपूर्ण र अत्यावश्यक तत्व सम्यग्दृष्टि ग्रहण गर्नु नै हो ।

As a man believes so he thinks, and as he thinks so he acts.

मानिसको विश्वास अनुसार उसको सोचाई हुन्छ र उसको सोचाई अनुसार काम ।

Only the right view can lead to true happiness and complete Peacefulness.

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

वास्तविक सम्यग्दृष्टिले मात्र सही सुख पूर्ण शान्ति प्रदान गर्न सक्तछ ।

तथागत प्रतिपादित विमुक्ति र विशुद्धिको मार्ग मध्ये पहिलो मार्ग नै सम्यग्दृष्टि मार्ग हो । प्रकारान्तर भेदको हिसाबले सम्यग्दृष्टिलाई त्रिविध विभाजन गरी तथागत (बुद्ध) ले दर्शाउनु हुँदा **कम्मस्सकता सम्मादिट्ठि** (कर्मस्वकत्व सम्यग्दृष्टि) प्राथमिक तहमा पर्दछ । तथागतको आफ्नै वचन अनुसार त्यो निम्नानुसार हुन्छ–

"सब्बे सत्ता कम्मस्सका, कम्मदायादा, कम्मयोनी, कम्मबन्धू, कम्मप्पटिसरणा, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सन्ति ।"

यसैलाई अलिकति विस्तृत पारेर लाने हो भने– सत्त्व प्राणीहरू जन्म लिंदै संसार चक्रमा घुमिरहुन्जेलसम्म उनीहरूको राम्रो नराम्रो कुशल अकुशल कर्म (काम) नै उनीहरूको निजी सम्पत्ति हो; ती ती कर्म नै सर्वदा उनीहरूको पछि पछि लागीरहन्छ । आफ्नै कुशल अकुशल कर्म नै उनीहरूको सम्पत्तिको अगुवा हो; अधिकारी हो, हर्ताकर्ता हो । संसार चक्रमा घुमिरहनुको मूलश्रोत पनि उनीहरूकै कुशल अकुशल कर्म राम्रो नराम्रो काम हो । राम्रो नराम्रो काम, कुशल अकुशल कर्म नै उनीहरूको बन्धु बान्धव हो । साँच्चैको इष्टमित्र हो । उनीहरूको साँच्चैको शरण, प्रतिशरण पनि उनीहरूद्वारा गरिने राम्रो नराम्रो कुशल अकुशल कर्म नै हो । उनीहरूद्वारा गरिने कल्याण र पापक राम्रो नराम्रो कर्म नै उनीहरूको दायाद हो; अंश हो; दाइजो हो ।

त्यस अतिरिक्त दोश्रो सम्यग्दृष्टि जसलाई पालि प्रयोजित शब्द अनुसार दसवत्थुक सम्मादिट्ठि भनिन्छ । त्यो निम्नानुसार हुन्छ – **अत्थि दिन्नं; अत्थि यिट्ठं; अत्थि हुतं; अत्थि सुकतदुक्कटानं कम्मानं फल विपाको; अत्थि माता; अत्थि पिता; अत्थि सत्ता ओपपातिका; अत्थि अयं लोको; अत्थि परो लोको; अत्थि लोके समणब्राह्मणा समग्गता**

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

सम्मापटिपन्ना; ये इमञ्च लोकं परञ्च लोकं सयं अभिञ्ञा सच्छिकत्वा पवेदेन्ति ।"

अर्थात् – (क) दिने काम र दिइनुको फल वा विपाक अवश्यमेव छ । (ख) महान दान कर्म र त्यसको फल वा विपाक अवश्य छ । (ग) अवश्यमेव सानो दानकर्म र त्यसको फल वा विपाक छ । (घ) निश्चय नै सुकृत्य र दुष्कृत्य कर्म र त्यसको फल वा विपाक छ । (ङ) आमा प्रति राम्रो वा नराम्रो गरेको र त्यसको फल र विपाक अवश्य छ । (च) बाबु प्रति राम्रो वा नराम्रो गरेको र त्यसको फल वा विपाक अवश्य छ । (छ) गर्भ आदिमा बस्न नपरी स्वभावत: यथावत् रूपमा जन्मिने सत्त्व प्राणीहरू अवश्य छन् । जस्तो कि – देव, ब्रह्मा, यक्ष, प्रेत आदि; जसलाई सामान्य मानिसहरूले (स्थूल मांसचक्षु मात्रले) देख्न सकिन्न । (ज) नि:सन्देह नै आफ्ना आँखाहरूले देख्ने इहलोक छ । (झ) नि:सन्देह नै अन्य संसार वा परलोक छ, जहाँ मरणोपरान्त जन्म होइन्छ–

अर्को विधिले भन्ने हो भने– नि:सन्देह यस मानव संसार र अन्य संसार (चार अपाय लोक, छ काम देवलोक र बीस ब्रह्मलोक) छ ।

फेरि अर्को विधि अनुसार– अवश्यमेव मनुष्य लोक, चार अपाय लोक, छ काम देव लोक, बीस ब्रह्म लोक सहित यस विश्व ब्रह्माण्ड र आठै दिशामा अन्य अपरिमित लोक छ ।

(ञ) साँच्चै नै यस मानव लोकमा सर्वज्ञ बुद्ध, श्रमण र ब्राह्मणहरू छन् । जो मानसिक शान्ति अवस्थामा पुगिसकेर राम्ररी आचरण गरिसकेका छन् । जसले यस लोकलाई मात्र नभई अन्य लोकलाई समेत स्वयं आ-आफैले विशिष्ट ज्ञानद्वारा साक्षात्कार गरी देखी, जानी अरूहरूलाई पनि प्रकाशित गर्दछन् ।

उल्लिखित यी दुई सम्यग्दृष्टि ज्ञानद्वारा नै हामीले आफ्ना दृष्टि के कस्तो हुनुपर्छ भन्ने कुरालाई बुझ्न सजिलो हुन्छ । यसैलाई फेरि व्याख्या गरेर लानु परेमा "मन्तव्य" अतिविस्तृत हुन जाने भय छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

यी कुराहरूलाई जान्न बुझ्न चाहेमा मग्गङ्ग दीपनी विपस्सना दीपनी, पञ्च आलोक आदि आदि आधिकारिक ग्रन्थहरूको आद्योपान्त अध्ययन मनन एवं परिशीलन आवश्यक छ ।

आधारभूत धर्म त्यो हो, जुन धर्मको आधार लिंदा वा शरणमा जाँदा शरणार्थीहरूलाई अपाय दु:ख र भवचक्र दु:खको खाडलमा झर्न नपरी धारण गर्ने क्षमता हुने मात्र नभई धर्मको शरणमा नजाने व्यक्तिहरूले खप्न पर्ने सांसारिक दु:ख पारलौकिक दु:खबाट समेत सुरक्षा दिन सक्ने क्षमता भएको होओइन्छ ।

अपाय दुर्गतिमा विना कारण पतन हुइने होइन । यस पुस्तकमा दर्शाइराखे अनुसार आ-आफूद्वारा गरिने पापक अधर्मको आचरणले नै हुइने हो । तसर्थ अपायमा पतन हुने भन्दा अपायमा धकेलि दिने पतन गराउने पापक अकुशल धर्महरू नै सबभन्दा भयंकर देखिन्छ ।

तसर्थ धर्मलाई अनुकूल हुने गरी आचरण गरेर धर्मको शरणमा गई त्यसमा संलग्न भइरहने व्यक्तिहरूमा कुशल धर्म बृद्धि हुँदै गइरहने हुनाले अकुशल धर्महरू पनि स्वत: नै लोप हुँदै गइरहने हुँदा अकुशल धर्महरूलाई कुशल धर्मले, विशेष रूपमा विपश्यना कुशल धर्मले रोकी हटाई राख्ने हुन्छ । फलस्वरुप त्यसको फल वा विपाकले अपाय दु:ख, भवचक्र दु:खलाई पनि हटाई निर्मूल पारी दिन्छ । यसैलाई यस पुस्तकद्वारा बुझाई दिने प्रयास भइरहेको कुरालाई पाठक वृन्दहरूले प्रत्यक्ष अनुभव गर्न पाउनु हुनेछ ।

यो पुस्तक आज राष्ट्र भाषा नेपालीमा देखा पर्न सक्नु अनुवादकज्यूको धर्म र भाषा प्रतिको श्रद्धा र आस्थाको कारणले हो । आफ्नो शारीरिक स्थितिलाई परवाह नराखी काम सुम्पिने बित्तिकै सोचेभन्दा पनि शिघ्रताका साथ पूर्ण कर्तव्य परायणी भई काम सम्पन्न गरीदिनु भएको धेरै समय बितिसक्यो । बल्ल, अहिले वहाँको प्रयास सार्थक पार्न सकेकोले वहाँ प्रतिको आफ्नो कर्तव्य पूरा भएको ठान्दै छु ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

यस कार्यको लागि वहाँलाई जति साधुवाद दिए पनि कमनै हुनेछ। जेहोस् यस पुण्यको प्रभावले वहाँको जीवन सुखमय हुनुको साथै सम्पूर्ण दु:खको अन्त्य, शान्ति स्वस्तियुक्त निर्वाण प्राप्तिको कारण पनि बनोस्।

यस पुस्तक प्रकाशनार्थ प्रकाशकको व्यवस्था गर्नु, प्रुफ पढ्नु अन्य आवश्यक सहयोग दिनुमा सतत् प्रयत्नशील बहिनी उत्पलवर्णा प्रति र बेला बेलामा आफ्ना अमूल्य समय दिई प्रुफ संशोधनमा सहयोगको हात बढाउने शिष्यहरू भिक्षु बोधिज्ञान भिक्षु निग्रोधहरू प्रति कृतज्ञता ज्ञापन गर्नु आफ्नो कर्तब्य ठान्दछु।

पुस्तक प्रकाशनमा प्रेस परिवारहरूको सहृदय सहयोग विना चिटिक्क पारेर समय मै प्रकाशनमा आउन सक्ने सम्भव छैन। त्यसको लागि प्रेसका प्रमुखहरू सहित यस कार्यमा संलग्न सबै प्रेस परिवार हरूद्वारा थुप्रै सहयोग र सहानुभूति प्रदान भएका छन्। त्यसकारण सबै प्रति जति धन्यवाद र साधुवाद दिए पनि नपुग नै रहने छ। वहाँहरू प्रति अत्यन्त आभारी छु।

अन्तमा सबै श्रद्धालु महानुभावहरूको सहयोग, अनुदान, योगदान सहानुभूतिद्वारा प्रकाशनमा आएको यस पुस्तकको सही अध्ययन, चिन्तन मनन एवं अनुशीलन परिशीलनद्वारा अकुशल हटाई कुशल बृद्धि गरी विपश्यना ज्ञानको प्रकाशले प्रज्वलित मार्गज्ञान फलज्ञानको ज्योतिपुञ्जमा रही दु:ख विमुक्त निर्वाणको अनुभूति प्राप्त गर्न सकेमा सर्व अर्थ सिद्ध भएको सम्झन पाइने छ। अस्तु!

नेपाल भाषामा अनुदित पुस्तकको प्रणेता–

भिक्षु ज्ञानपूर्णिक
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर
फोन: ४८२९८४

(२०५५ कार्तिक ७ गते)

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

केही भनाई

आदरणीय भन्ते ज्ञानपूर्णिकज्यूले बर्मेली भाषाबाट नेपालभाषामा परिवर्तित गर्नुभएको पुस्तक हो **"दुश्चरित्र अपराध भय विमुक्ति उपदेश"**। उनै श्रद्धेय भन्तेको वचन अनुसार यो नेपाली भाषामा अनुदित गरिएको हो। भाषाको गहिरो ज्ञान भएको मानिस त म होइन तरै पनि समयको सदुपयोग होस् र आफैले पनि यसमा वर्णित धर्मका विषय राम्ररी बुझ्न सकूँ भनेर नै अनुवाद गर्ने जमर्को गरेको हुँ।

यहाँ विशेष भन्न चाहेको कुरो के हो भने आदरणीय भन्ते ज्ञानपूर्णिकज्यूले नेपाल भाषामा आफ्नो जुन विशेष शैलीमा विषय-वस्तुलाई सबैले राम्ररी बुझ्न सकून् भनी शब्दहरू दोहोऱ्याई-दोहोऱ्याई लेख्नु भएको छ, त्यसको मैले केवल जस्ताको तेस्तै शब्दानुवाद मात्र गर्ने प्रयास गरेको छु। विशेष विपश्यना प्रक्रिया सम्बन्धि कुराको अर्थ विकृत नहोस् भन्ने नियतले नै यस्तो प्रयास गरी सीधा-सादा भाषामा परिवर्तित गरेको छु। यसो हुँदा नेपाल भाषामा भए जति नै यो नेपालीकरणमा भाषाको मीठास र साहित्यिकपना नभएको पाठकहरूलाई महसूस हुन सक्तछ। यसका लागि म क्षमा प्रार्थी छु र पुस्तकको विषय-वस्तु यथार्थ रूपले बुझ्नलाई सहायता मात्र पनि यो अनुवादले पुऱ्याए म सफल ठान्ने छु। अस्तु।

– अनुवादक।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

दुश्चरित्र अपराध भय विमुक्ति उपदेश

प्रणाम

जहित्वान ससङ्खारं, जहितुं नोपि नायको ।
अदेसयि वरं धम्मं, तं सुगतं नमामहं ॥

यो नायको = मनुष्य देव ब्रह्मा सहित अनेकौं सत्त्वहरूका अगुवा (अग्रदूत), मार्ग प्रदर्शक एवं पवित्र नायक उनै सम्यक्सम्बुद्ध तथागतले; **ससङ्खारं** = नयाँ जन्म प्रतिसन्धि उत्पन्न गराउने संस्कार कहलाइएका ती कुशल अकुशल कर्मका साथै कारण तृष्णा जति पनि छन् सबैलाई; **जहित्वान** = सर्वज्ञताज्ञान प्रसन्न प्रफुल्लित परिपक्व भएको अपराजित विजय स्थल बोधिपल्लंकमा नै अरहत्तमार्गज्ञान शक्तिद्वारा पूर्णरूपले शेष गरीकन रहल-पहल बाँकी केही नरहने गरी मिल्काई-पन्छाई सक्नु भएपछि; **नो अम्हाकम्पि** = मनुष्य देव ब्रह्मा सहित हामी अनेकौं सत्त्वहरूलाई पनि; **पापधम्मे** = अपाय (नर्क)-मा पतन गराउने कारण (हेतु) अकुशल दुश्चरित्र धर्म समूहलाई; **जहितुं** = पन्छाएर हटाईपठाउनका निम्ति; **वरं धम्मं** = ती हटाउनलाई चाहिने कारण आचरण गर्नु पर्ने पवित्र धर्म समूहलाई; **अदेसयि** = करूणा परिपूरित प्रज्ञाद्वारा बताउनु र देखाउनु हुँदै देशना गर्नुभयो; सुगतं = असल कुरा व्यक्त गर्नमा निपुण हुनुभएका; **तं नायकं** = पहिले आफू स्वयंले जान्न-बुझ्न सकिने गरी आचरण पूर्ण गरी सक्नु भएपछि हामी असंख्य सत्त्वहरूलाई पनि अनुशरणद्वारा आचरणमा लाग्नका निम्ति फेरि पनि

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

उपदेश र निर्देशन गर्नमा अग्र मार्ग दर्शक पवित्र नायक हुनु भएका उनै तथागतलाई; अहं = असंख्य स्रोतागण प्राणीहरूलाई दुश्चरित्र अपराध भयबाट मुक्त गराउनकालागि महाशी स्मृतिप्रस्थान विपश्यना धर्म उपदेश गर्न लागिरहेछु भन्ने चिताएर उदयोग गर्दै; अहं = जन्म स्थलको नाउँमा 'प्युंदजा सुन्दर' भन्ने नामकरण गरिएको म; **नमामि** = धर्म स्रोतागण अनेकौं सत्पुरुषहरूका परिषद्गणका आन्तरिक एवं बाह्य, घरभित्र घरबाहिर, गाउँभित्र-गाउँबाहिर, शहर भित्र-शहरबाहिर पर्य्यन्त रहल पहल केही पनि बाँकी नरहने गरी अनेकौं भय अन्तराय-उपद्रव जति पनि छन् सबैबाट नै मुक्त हुनका निम्ति शुभ प्रार्थना गर्दै, भगवन् ! अभिवादन चढ़ाउँदछु ।

साधु । साधु !! साधु !!!

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

बुद्धवंश प्रणाम

दीपंकर तथागतका पदतलमा नियत भविष्यद् व्याकरण-फूल शिरमा गुँथीलिनु भएका सुमेध ऋषिको जन्मदेखि चार असंख्य र एकलाख कल्पसम्म पारमी पूर्ण गरिसक्नु भएका बोधिसत्त्व श्वेतकेतुले देवपुत्र देव ब्रह्मादि अनेकौंको प्रार्थना अनुसार तुषित देवलोकबाट देव-आयु घटाउनु भईकन महासम्बत् ६७ औं वर्षको आषाढ़ पूर्णिमाको बेलुकी कपिलवस्तुका अधिपति महाराज शुद्धोदन र अग्रमहिषी महामाया देवीको गर्भमा प्रतिसन्धि ग्रहण गर्नुभई विराजमान हुन आउनुभयो ।

दश महीना पूर्ण भएपछि ६८ औं वर्ष महासम्वत्को वैशाखपूर्णिमाको दिन मुमा मायाले रमणीय लुम्बिनी शालोद्यानमा बोधिसत्त्व सिद्धार्थ राजकुमारलाई जन्म दिनुभो र सात दिनपछि नै मुमा मायाको स्वर्गारोहण भयो ।

सोलह वर्षको उमेरमा बोधिसत्त्व राजकुमारले यशोधरासित हातेमालो गरी विवाह गर्नुभयो र तेरह वर्षसम्म राज्य सुख वैभवको अनुभव गर्नुभो । त्यसपछि चार-चार महीनामा एकपल्ट उदयानतिर प्रस्थान गरीकन बृद्ध, रोगी, मृतक, श्रमण कहलाइएका चार महानिमित्त देख्नुभई संवेग उत्पन्न गरी लिनु भयो । तसर्थ पुत्र राहुलको जन्मपछि महासम्बत् ९७ औं वर्षको आषाढ़ पूर्णिमाको मध्य रात्रिको बेला बोधिसत्त्वले महाभिनिष्क्रमण गर्नु भएको थियो । महाभिनिष्क्रमण गर्नुहुँदा वहाँ बोधिसत्त्वको उमेर थियो केवल २९ वर्ष ।

उरूवेल वनमा पुगी त्यहाँ वहाँले अत्यन्त दुष्करचर्या आचरणको पालन ६ वर्ष सम्मन् अति रूक्ष एवं कठिन रूपले पूर्ण गर्नु भयो ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

कतिसम्म रूक्ष र कठिन रूपले आचरणमा लाग्नुभो भने केवल हाड़ र छाला मात्र शेष रहेकोले दुर्वलभई मुर्छा परेर लड़ीरहनु पर्ने हुञ्जेलसम्म गर्नु भएको थियो ।

यतिका आचरण गर्दा पनि धर्म लाभ नहुँदा दुष्करचर्या आचरण त्यागनु भयो । तब वहाँले आफू एक महीनामात्र उमेर भएको अवस्थामा आनापान भाविता गरी प्रथमध्यान प्राप्त गरिसक्नु भएको पुन: स्मरण भएकोले उही आनापान कर्मस्थानको नै उदद्योग र अभ्यासमा लाग्ने निर्णय गर्नु भयो । उदद्योग प्रारम्भ गर्न अघि फेरि बल शक्ति पूर्ण प्राप्तिका निम्ति खाद्य पदार्थ पनि सेवन गर्न थाल्नुभो ।

बल शक्ति बृद्धिभई पुष्ट हुनुभएपछि महासम्वत् १०३ वाँ वर्षको वैशाखी पूर्णिमा दिनको साँझमा उनी बोधिमण्डपमा पुग्नुभो अनि अपराजित पल्लङ्कमा पलेंटी कसी बस्नु भयो । बुद्ध नहोइञ्जेलसम्म यो आसनबाट विचलित हुन दिने छैन भन्ने अधिष्ठान सहित भावना उदद्योग र अभ्यास गर्नका लागि आसन ग्रहण गरी बस्नुभो । तदुपरान्त सूर्य अस्ताउन अघि नै मारदेवपुत्र माथि विजय प्राप्त गर्नु भयो ।

रात्रीको प्रथमयाममा पूर्वे निवासानुस्मृति अभिज्ञा प्राप्त गर्नुभो । यो अभिज्ञा अघि अघिका जन्मक्रम-स्कन्धक्रमलाई पुन: स्मृतिमा ल्याउन र जान्न सकिने विशिष्ट ज्ञान हो । रात्रीको प्रथमयाम भन्नाले सूर्य अस्ताएपछि बेलुकीको १०बजेसम्मको समय मानिन्छ ।

रात्रीको १० बजेदेखि बिहानीपखको २ बजेसम्मको समयलाई आधा रात (मध्यमयाम) भनिन्छ । यही मध्य रातको बेला वहाँले दिव्यचक्षु अभिज्ञा प्राप्त गरी लिनुभयो । (आफूले) हेर्न चाहेका ठूला-साना, टाढ़ा वा नजीकका जे जति पनि छन् सबै देख्न सकिने, देवताहरूका आँखा जस्तो विशिष्ट ज्ञान हो यो अभिज्ञा ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

एका विहान सखारै (प्रात:कालको समयमा) उनले आश्रवक्षय ज्ञान प्राप्त गर्नु भएको थियो। जे जति क्लेशहरू छन् ती सबैलाई वासना सहित केही शेष नरहने गरी विनाश गरीदिने ज्ञान हो यो । यसलाई अरहत्त-मार्ग-ज्ञान पनि भनिन्छ । यही ज्ञान प्राप्तिपछि सर्वज्ञ बुद्धत्वमा पुग्नु भएका हुन् । सखारै विहानीको समय भन्नाले यहाँ सबेरै २ बजेदेखि अरुणोदयसम्मको समय मानिन्छ ।

बुद्ध भन्नाले कस्ता हुन् भने (१) अरहत्त-मार्ग-ज्ञान अनि (२) जान्न-बुझ्न पर्ने जे जति पनि छन् सबै सबै नै जान्न सकिने सर्वज्ञता-ज्ञान-यी दुवै ज्ञानलाई अधीनस्थ गरीलिने श्रेष्ठ पुद्गल पवित्र व्यक्ति हुन् ।

हाम्रा तथागतले अरहत्त-मार्ग-ज्ञान प्राप्त गरीलिनका साथै तत्क्षण नै नयाँ जन्म उत्पन्न गराउने समस्त तृष्णा एवं यी तृष्णाको सहयोग पाउने बित्तिक्कै नयाँ जन्मको प्रतिसन्धि फललाई दिलाउन सक्ने समस्त सारा कर्म त्यो अरहत्त-मार्ग-ज्ञान शक्तिले केही पनि् बाँकी नरहने गरी हटाईसक्नु भएको थियो । यस प्रकार हटाउन सक्षम बन्न स्वयं आफैले आचरण गर्नु भएको हो । आचरण नगरीकनै विनसित्ति त्यसै हटाउन सकिने निश्चय होइन ।

त्यसरी आफैले आचरणद्वारा हटाईसक्नु भएपछि मात्र वेनेय्य सत्त्वहरूलाई पनि अनुशरण र आचरण गराउन पुन: निर्देशित गरी उपदेश दिनुभएको थियो । उपदेश अन्तर्गत दानकथा शीलकथा भनी देशना क्रम अनुसार र अवस्था अनुरूप सुहाउँदो ढंगले बताउनु भएको थियो ।

यही एक जन्ममा नै अरहन्त भईकन निर्वाणमा प्रवेश गर्ने व्यक्तिहरूलाई शील-समाधिको पृष्ठभूमिमा विपश्यना उदयोग एवं अभ्यास गराउन्का निम्ति विपश्यनालाई मात्र अधिक प्राथमिकता दिई

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

उपदेश दिनुभएको पनि पाइन्छ। यही एक जन्ममा अझ अरहन्त नभएका हुनाले संसार चक्रमा अझै परिक्रमा गर्नु पर्ने व्यक्तिहरूलाई निर्वाणमा पुग्न अघि सुखानन्दसित बस्न सकिने गरी अपाय दुर्गतीमा पतन नहोस् भन्ने ध्येयले दान प्रदान गर्ने, शील समादान गर्नु पर्ने प्राथमिकता दिएर विपश्यना भावना धर्मलाई परिवारका रूपमा मात्र उपदेश गर्नुभएको पनि पाइन्छ । सोधिएका प्रश्नहरू समाधान हुने गरी मात्र सुस्पष्ट बताउनु भएको पनि पाइन्छ। ती व्यक्तिहरूका आशा छन्दको कुनै चासो नलिईकन स्वभाव धर्मलाई मात्र नै बताउनु भएको पनि पाइन्छ।

यी जम्मैको सारांश रूपमा मुख्य कुरो भन्नु हो भने जे-जस्तो आवश्यक हुँदछ त्यही अनुसार परिस्थिति बुझीकन मात्र वेनेय्य सत्त्वहरूलाई निर्देशन सहित धर्मोपदेश दिनु हुन्थ्यो भन्न सकिन्छ।

यसै कारण तथागत नै असंख्य वेनेय्य सत्त्वहरूका अग्रगामी मार्ग दर्शक वास्तविक श्रेष्ठ नायक हुनुभएको थियो। यस प्रकार मनुष्य देव ब्रह्मा सत्त्वहरूका नायक तथागतलाई पूजा अभिवादन गरिने बुद्ध-प्रणामद्वारा आजको उपदेश शुरू गरिन्छ।

यसरी बुद्ध-प्रणामद्वारा धर्मोपदेश थालिएको मुख्य कारण के हो भने, "तथागत प्रति पूजा अभिवादन गरिएको प्रणाम कुशल जवन चेतनाको हेतुले धर्मकथिकका साथै धर्म स्रोतागण परिषदगण पनि शत्रुभय अन्तरायादिबाट मुक्त होऊन्; अघि अघिका माता-पिता, बाजे-बजू, आचार्य गुरूहरूले जे जस्तै किसिमको काम-कुरो गरेका भए पनि माता-पिता गुरूहरूलाई शिरोधार्य गरीकन मात्र थालिने बानि (दस्तुर) रहेको शुभ परम्परालाई पनि आजकलका नव युवक युवतीहरूले याद गरी आदर्श अपनाउन सकून्" भन्ने उद्देश्यले हो । लौ ....अब भनौं

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पवित्र प्रणाम

निर्देशक स्मरणिका

कर्म र तृष्णा सहितको, कारण धर्मलाई
मिल्काई फ्याँकी सके, आफैले हटाई ।

अकुशलादि सबै छलेर, समूल हटाउनलाई
देव, नरगणलाई पनि, दिनुभो सब बताई ।

नेता सुमार्ग प्रदर्शक, सुश्रेष्ठ बुद्धलाई
गरौं प्रणाम गुण सम्झी, हृदय शुद्ध बनाई ।

शत्रु भय अन्तराय-मुक्त निर्मल गर्नलाई
शुरूभो प्रणाम द्वारा, जगाऊ स्मृतिलाई ॥

■

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

दुश्चरित्र अपराध भय विमुक्ति उपदेश

आज बताउन लागिरहेको धर्म देशनाको शीर्षक हो "दुश्चरित्र अपराध भय विमुक्ति उपदेश ।" तसर्थ उपदेशको सिलसिला क्रममा देशना शीर्षक अन्तर्गतका...........

दुश्चरित्र भनेको के हो ?

दुश्चरित्र उल्लंघन गरे के होइने हो ?

दुश्चरित्र उल्लंघन नहोइने गरी अथवा उल्लंघन भईसकेका दुश्चरित्रलाई प्रतिसन्धि फल दिलाउन नसकिने बनाउन के कसो गर्नु पर्ने ? यस्ता विषयलाई जहाँसम्म हुनसक्छ सुस्पष्ट हुने गरी बताए मात्र ठीक होला ।

यसर्थ अंगुत्तर पालि अष्टक-निपात अन्तर्गतका दुश्चरित्र विपाकसुत्त, उपरिपण्णास पालि देवदूतसुत्त अनि महोपकारक महास्थविर महाशी सयादोका विपश्यना कार्यधर्म उपदेशको आधार लिई अनुकूल कथावस्तु साधक नमूनाहरूले सजाएर बताउँदै जाऊँला ।

दुश्चरित्र हीरा समान

अत्तना हि कतं पापं, अत्तजं अत्तसम्भवं ।
अभिमद्दति दुम्मेधं, वजीरं व स्ममयं मणिं ॥

साधवो=धर्म स्रोतागण परिषद् समूह भो सत्पुरुषहरू !; **अस्ममयं** = ढुङ्गा (को डल्ला वा ढिका) भित्र उत्पन्न हुने; **वा** = कार्वन धातु भनिने कोइला भित्र उत्पन्न हुने; **वजीरं** = देख्नेहरू सबैले नै मन

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पराईरहने अमूल्य हीरा रत्नले; **मणिं** = आफ्नो आधार भरोसा बनिरहेको बाहिरि ढुंङ्गे आवरणलाई; **अभिमद्दति इव**= जसरी छेंडेर विनाश गर्दछ; **एवमेव** = उसरी नै; **अत्तना हि** = स्वयं आफैले; **कतं** = गरेको; **अत्तजं** = आफ्नै कारणले उत्पन्न हुने; **अत्तसम्भवं** = आफ्नै आधारमा उत्पन्न होइने; **पापं**= नराम्रा अकुशल जे जति छन् सबले; **दुम्मेधं** = ती नराम्रा कर्म उल्लंघन गर्दै त्यसकै पछि पछि लागेर सेवन गरी हिँड्ने मूर्खहरू जतिलाई; **अभिमद्दति**= अभिभूत गरीकन यातना (सास्ती) दिने गर्दछ। **अभिंमद्दति** = मानिसलाई जहाँ गएपनि पछ्याउने छायाँ समान स्कन्ध सँगसँगै पछ्याउँदै अपाय दुर्गतिमा पतन हुनेगरी नष्ट भ्रष्ट गर्न सक्ने रहेछ।

दुच्चरित अर्थात् "**दु+चरित**" पालिबाट परिवर्तित भएर बनेको शब्द हो दुश्चरित्र। दु = नराम्रो, अकुशल, **चरित** = चरित्र, बानी व्यवहार। यसोसले दुच्चरित वा दुश्चरित्र भन्नाले नराम्रा आचरण व्यवहार हो। सरल ढंगले भन्नु हो भने

१) नराम्रा क्रिया कलाप

२) नराम्रा बोलि वचन

३) नराम्रा चिन्तन मनन र धारणादि हुन्।

ती दुश्चरित्र हीरा रत्न जस्तै छन्। त्यसो भन्नुको अर्थ अमूल्य रूपले समान भनिएको त होइन। विनाश गर्नसक्ने शक्तिको तुलनामा पो समान कहलाइएको हो।

त्यो कसो हो भने- संसारमा हीरा, मोती, नील र माणिक सहित अमूल्य पत्थरबाट बनिएका चार थरिका रत्न छन्। यी मध्ये मानिसहरूका लागि हीरा सबैभन्दा बढ़ी लोभ लाग्दो चित्ताकर्षक छ। यो हीरा चाहिँ धरती (खानी) बाट निस्कने र पहाड़-पर्वतबाट निस्कने दुई थरिका छन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

अहिले अतीत अवस्थामा पृथ्वी भित्र भएको कार्बन धातु अति उष्ण वाफ्को कारणले तरल पदार्थको रूपमा नै स्थिर रहन्थ्यो । पछि पछि भीषण दवाव शक्तिले दबेर एक्कै ढिका बन्दै क्रमशः विस्तारै छिपिँदै गई हीरा बनिने हो । त्यही हीरालाई खानीबाट निस्केको हीरा भनिन्छ । साधारण ढुङ्गाको ढिकाबाट छिपिएर निस्केको हीरा चाहिँ पहाड़ पर्वतबाट निकालिइएको हीरा भन्ने गर्छन् । यस प्रकारको हीराको विशेष केही मूल्य हुँदैन । यी दुवै थरिका हीराले आ-आफ्ना आधार भरोसा बनिरहेको ढुङ्गे आवरण (बोक्रा) लाई छेँड़ेर विनाश गर्दछ । नराम्रा अकुशल दुश्चरित्रले पनि ती दुश्चरित्रात्मक ब्यसनमा लागेर उल्लंघन गरी हिँड्ने मूर्खहरूलाई चार अपाय दुर्गतिमा पतन गरी हुनसम्म नष्ट भ्रष्ट र विनाश गर्न सक्दोरहेछ ।

यस प्रसङ्गमा तथागतले नराम्रा अकुशल दुश्चरित्र उल्लंघन गरी ब्यसनमा लाग्नेलाई बाहिरी ढुङ्गे आवरण (बोक्रा) सित तुलना गर्नुभई नराम्रा दुश्चरित्रलाई चाहिँ हीरासँग तुलना गरीकन वताउनु भएको हो ।

नराम्रा अकुशल

स्वभाव धर्मानुसार भन्नु हो भने नराम्रा अकुशलमा **"सावज्जदुक्खविपाकलक्खणा"** समावेश छ । दोष सहित होइने, नराम्रा (कटु) फल दिलाउने एक मात्र स्वभाव हो ।

चित्तोत्पाद अनुसार भन्न परे-

लोभमूल चित्त भनेको चाहिँ लोभ्याउने खालको, मन पराउने आकर्षणसित सम्बन्धित चित्त- ८वटा (आठ थरी)

दोषमूल चित्त भनेको रिस उठ्ने, आरोप लगाउने, अपराध मूलक कामकुरोसित सम्बन्धित चित्त २ वटा (दुई थरी)

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मोहमूल चित्त चाहिँ नजानिएको भुल्ने क्रियासित सम्बन्धित चित्त २ वटा (दुईथरी)

यसरी हिसाब अनुसार १२ चित्त छन् ।

दुश्चरित्र स्वरूप

दुश्चरित्रादि भन्न परे-काय दुश्चरित्र-३; वची (वचनको) दुश्चरित्र-४; मनो दुश्चरित्र-३ गरी मोठ-१० छन् ।

काय दुश्चरित्र भन्नाले शरीरद्वारा उल्लंघन होइने नराम्रा (खराब) क्रिया-कलाप हुन् । ती के के हुन् भने-

१) **पाणातिपात** = पर प्राणीलाई यातना (सास्ती) दिनु, हनन गर्नु ।

२) **अदिन्नादान** = पराई (अरूको) वस्तु खोसेर लिनु, चोरी गर्नु;

३) **कामेसु मिच्छाचार** = अर्काका जहान-परिवार माथि अपराध गर्नु, उल्लंघन गर्नु हो अर्थात् विभिन्न काम-विषयादि भोग विलासमा दोष युक्त व्यवहार एवं आचरण गर्नु;

यी तीन काय दुश्चरित्र हुन् । कायिककर्म तीनवटा पनि भनिन्छ ।

वची दुश्चरित्र भन्नाले वचनद्वारा उल्लंघन होइने नराम्रा (खराब) बोलि-वचन हुन् । के के हुन् भने-

१) **मुसावाद** = परजनको अर्थ विनाश हुनेगरी ढाँटेर कुरा गर्नु(भूठो बोल्नु)

२) **पिसुणवाचा** = परस्पर मिल्ने घनिष्ट मेल-मिलाप भएकाहरू माझ फाटो ल्याउने गरी (फुट पैदा हुने) चुगली गर्नु ।

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

३) **फरूसवाचा** = अति कठोर, कड़ा वचनले गाली गर्नु सराप्नु, र

४) **सम्फप्पलाप** = अर्थ विनाको र लाभ नहुने अनर्थले युक्त वार्तालाप (कुराकानी) गर्नु ।

यी हुन् चार वची दुश्चरित्र । वचीकर्म-४ वटा पनि कहलाइन्छ । मनो दुश्चरित्र भनेको चाहिँ मनद्वारा उल्लंघन होइने खराब कल्पना, विचार, खराब (नराम्रा) धारणादि हुन् । ती हुन्-

१) **अभिज्फा** = अरूका (परजनका) सुख ऐश्वर्य सम्पत्तिलाई आफ्नो सुख ऐश्वर्य र सम्पत्ति बनाउन चाहने लोभ;

२) **ब्यापाद** = परजनलाई विनाश गरीदिन चाहने दोष;

३) **मिच्छादिट्ठि** = भ्रमपूर्ण दृष्टि, उल्टो (विपरीत) धारणाहरू ।

यी तीन मनो दुश्चरित्र हुन् र मनोकर्म-३ वटा भन्ने गर्छन् ।

रक्सी (मदिरा) र मादक पदार्थहरू पनि दुश्चरित्रमा सम्मिलित मानिन्छ

दश दुश्चरित्र अन्तर्गत जाँड़-रक्सी (मादक पदार्थहरू) को सेवनादिलाई **कामेसु मिच्छाचारमा** सम्मिलित गर्नु पर्छ । यो थाह नभए जाँड़ रक्सीको सेवनलाई दुश्चरित्र होइन भन्ने मूल धारणा हुन सक्तछ । यसर्थ आजको उपदेश जाँड़-रकसी सेवनलाई ८ औं दुश्चरित्रको रूपमा अलग गरी बताईराखेको **"दुच्चरित विपाकसुत्त"** लाई प्रमुखता दिई बताउन लागेको उपदेश हो । लौ ......अब.....**पाणातिपात** दुश्चरित्रदेखि शुरू गर्दै बताउँदै जाऊँला ।

■

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

पाणातिपात दुश्चरित्र

१. अरूको (पराई) प्राण लिए नराम्रा (खराब) फल पाईन्छ

पाणातिपातो भिक्खवे आसेवितो भावितो बहुलिकतो निरयसंवत्तनिको तिरच्छानयोनिसंवत्तनिको पेत्तिविसयसंवत्तनिको यो सब्बलहुको पाणातिपातस्स विपाको मनुस्सभूतस्स अप्पायुकसंवत्तनिको होति ।

भिक्खवे = प्रियपुत्र हे भिक्षुहरू हो !; **आसेवितो** = बारम्बार सेवन गरिने; **भावितो** = वृद्धि गरिने; **बहुलिकतो** = धेरै पल्ट गरिने; **पाणातिपातो** = परप्राणलाई यातना (सास्ती) दिने र हनन गरिने कारण बनेको अकुशल चेतना नै; **निरयसंवत्तनिको** = सुख रहित अपाय दुर्गतिमा उत्पन्न गराउने हो । **तिरच्छानयोनिसंवत्तनिको** = टेढ़ो-मेढ़ो गरी (वक्र चालले) हिँड्ने तिरश्चीन योनिमा पनि उत्पन्न गराउने हो । **पेत्तिविसयसंवत्तनिको** = सुखबाट दूर टाढ़िन्दै जाने प्रेतभूमि असुर कायभूमितिर पनि उत्पन्न गराउने हो । **पाणातिपातस्स** = प्राण अतिपात अकुशल दुश्चरित्रको; **सब्बलहुको** = सबैभन्दा हलुका (हलुँगो) र सानो; **यो विपाको** = जुन विपाक अथवा खराब परिणाम उत्पन्न गराउने जुन अकुशल चेतना; **अत्थि** = छ; **सो** = त्यो सबैभन्दा हलुका र सानो चेतनाले; **मनुस्सभूतस्स** = मनुष्य जन्म लिएकालाई; **अप्पायुकसंवत्तनिको** = अल्प आयु भएको व्यक्ति बनाइदिने; **होति** = निश्चय नै हो । **(वा)** कुशल कर्मको आधार पाएर मनुष्य रूपमा जन्म लिए पनि प्रायः सँधै नै रोगी बनेर आयु पनि छोटो हुँदोरहेछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय

अरुको (परजनको) प्राणलाई यातना दिई हनन गराउने कारण बनेको अकुशल चेतना प्राण+अतिपात अकुशल दुश्चरित्र हो । यो दुश्चरित्रको बारम्वार उल्लंघन गर्दै व्यसनमा लिप्त रहने बालमूर्खहरू नर्क, तिरश्चीन, प्रेत, असुरकाय कहलाइएका चार अपायमा जन्म ग्रहण गर्न जानपर्ने हुँदारहेछन् । अकुशल कर्म अल्प (थोरै) भएर यदि अपायमा जन्म लिन नगाए पनि मनुष्य जन्म लिन आएमा अल्पायु होइने रहेछ र रोग भय आदि अधिक (ज्यादै) हुने गर्दछ ।

उदाहरणको रूपमा महाकाल कथावस्तु

तथागतको जीवमान रहेको अवस्थामा राजधानी श्रावस्तीमा महाकाल नाउँ भएको स्रोतापन्न उपासक थियो । त्यो उपासक महीनैपिच्छे अष्टमी (उपोसथ) को दिन बुद्ध विहारमा जाने गर्थ्यो र उपोसथ (उपासनामा) बसी, उपदेश सुन्दै त्यही विहारमा नै रात बिताएर विहानी मिरमिरे उज्यालो भए पछि मात्र घरतिर फर्कने गर्थ्यो ।

एक दिन यस्तै अष्टमी उपोसथको दिन केही चोरहरू रातभरि श्रावस्तीका गल्ली-गल्ली चहार्दै घरका दिवाल-भित्ताहरू तोड़ेर-छेँडेर चोर्दै हिँड्दै थिए । पछि मानिसहरूले थाह पाएर ती चोरहरूलाई पछ्याउँदै लखेट्दै आए । यसो हुँदा चोरहरू आफ्ना हातले जति बोक्न सक्छ त्यति त्यति माल-सामान घिसार्दै-तान्दै जता पाए उतै भाग्न थाले । ती मध्ये एकजना चोर जेतवन विहारतिर भाग्न थाल्यो । शहरियाहरू पनि त्यतिकै पछ्याउदै नै आइरहे । घामको किरण फैलिन फैलिन लागेको विहानी पखको समय थियो ।

ठीक त्यही बेला विहारबाट फर्केको महाकाल उपासक त्यहाँ छेवैको पोखरीमा स्नान गरिरहेको थियो । त्यतातिर भाग्दै आइरहेको

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

चोरले अब बाँच्ने सम्भावना छैन भन्ने ठानेर, चोरेर ल्याएको सामान महाकालको छेवैमा राखीकन आफू एक जिऊ मात्र सुइँकुच्चा ठोक्यो ।

अँ......... अनिखेर लेखेट्दै आइरहेका मानिसहरू पनि केही बेरपछि त्यो ठाउँमा ठक्क आइपुगे । तिनीहरूले चोरीका सामान महाकालसँगै छेवैमा देख्ने बित्तिक्कै उसलाई घेरघार पारेर बेस्सरी कुट्न र पीट्न थाले ।

"प्रत्येक अष्टमी उपोसथको दिन विहार गएर उपोसथमा बस्न स्वाँग गर्ने तँ; कसैले नदेख्ने गरी शहर पसेर हाम्रो सामान चोर्ने तँ; सत्पुरुषको ढोंग गर्ने तँ दुष्ट चोर नै होस्" भन्दै महाकाललाई घेरेर नमरून्जेल कुट-पीट गरी मारीकन त्यहीँ पोखरीको नजीकै उसको लाश फ्याँकी राखेर हिंड़े ।

केही समयपछि जेतवन विहारका साना साना श्रामणेरहरू त्यो पोखरीमा पानी लिन आए । पोखरीको छेउमा उनीहरूका उपासक महाकाल अन्याय पूर्वक कुटाई पाएर मरिसकेको देखे । ती श्रामणेरहरूले गएर तथागतलाई वृतान्त सुनाए ।

"भगवन शास्ता, हाम्रा दाता महाकाललाई शहरवासीहरूले 'चोर' हो भन्ने आरोप लगाएर अन्याय पूर्वक घेर-घार गरी कुटी कुटी मारीदिएको हुनाले त्यो दाताको परलोक भइसक्यो । भन्ते, यो त सान्है नै अन्याय पूर्वक उसले मर्नु पऱ्यो " भन्दै ती युवा श्रामणेरहरूले निवेदन गरे ।

तब तथागतले, "प्रिय पुत्रहरू हो । यही जन्मको त्यो घटना देख्ता त तिमीहरूका दाता अन्याय पूर्वक त्यसरी मर्नु परेको अवश्य हो । तर उसले गरीआएको अघि अघिको अकुशल कर्म अनुसार भन्नु हो भने त्यसरी भोग्नै पर्ने हुनाले नै भोगीरहेको हो" भन्ने आज्ञा गर्नुभयो ।

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

त्यो महाकाल उपासक पहिलेको कुनै एक जन्ममा वाराणसी देशको एउटा घनघोर जंगलको नजीकै प्रत्यन्त नामक गाउँको एक अधिकारी द्वारे भएको थियो । त्यो जंगल काटेर आउनु पर्ने ठाउँमा चोर-डाकाहरूले उपद्रव मचाउने गर्थे । यात्रीहरूलाई लुटपाट गरेर मार्ने पनि गर्थे । त्यसै कारण राजाले यात्रीहरूको सुरक्षाकालागि त्यो भावी महाकाललाई द्वारे बनाईराखेका थिए र ज्याला लिएर ती यात्रीहरूलाई सुरक्षित बाटो पार गरी पुऱ्याइदिने अभिभार उसलाई दिइएको थियो ।

एकदिन एउटा यात्री आफ्नी सुन्दरी स्वास्नी साथमा लिएर गाड़ामा बसी त्यो गाउँमा आइपुग्यो । उसले त्यो घन जंगलको बाटो पार गर्नलाई पुऱ्याइ दिन भनी भावी महाकाल द्वारेलाई भन्यो । तर त्यो महाकाल द्वारेलाई भने उसकी सुन्दरी स्वास्नीप्रति आकर्षित भई खूबै लोभलागेको हुनाले यताउति गरी समय विताई पुऱ्याइ दिएन र गाउँको ढोका (गेट) मा नै सुताई राख्यो । त्यो रात उसले एउटा माणिक रत्न यात्रीको गाड़ामा कसैले थाह नपाउने गरी लुकाएर राख्न लगायो ।

भोलिपल्ट विहान देखि माणिक हराएको खबर फैलिन दियो । खोज तलाश गर्दा यात्रीको गाड़ामा भेटियो भनेर यात्रीलाई पक्र्यो । त्यसरी स्वास्नी चाहिँको लोभले त्यो यात्रीलाई झुठमूठमा चोरको आरोप लगाएर अन्याय पूर्वक मारेर आएको थियो । सो पाणातिपात अकुशल कर्मको कारण भावी महाकाल द्वारेले अवीचि नर्कमा लामो अवधि (समय) सम्म दुष्कर दुःख कष्ट भोग्दै आउन पऱ्यो । नर्कबाट मुक्त भइसकेर पनि सय जन्मसम्म चोरी नगरे पनि चोरको दोष लागेर अन्याय पूर्वक मार्नेहरूको हातबाट मर्न परिरहेको हो ।

यस कथावस्तुद्वारा भन्न चाहेको के हो भने यसै जन्ममा अकुशल दुश्चरित्र उल्लंघन गरिनाले मात्र होइन, पहिले-पहिलेका जन्ममा

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

उल्लंघन गरी आएका दुश्चरित्रहरूले पनि फल दिलाए नराम्रा दुष्परिणाम भोग्न पर्ने हुँदछ ।

यो जन्ममा बालक अवस्थामा नै मर्न पर्नेहरू, जीवन पर्यन्त रोगसित कुस्ती लड़िरहन पर्नेहरू प्राय: जसो अधिको जन्ममा पाणातिपात कर्म उल्लंघन गरी आउने व्यक्तिहरू नै हुँदछन् ।

तिस्सथेरको कथावस्तु नमूना

बुद्धकालीन अवस्थामा श्रावस्ती निवासी आयुष्मान तिस्स (तिष्य) नाउँको एकजना भिक्षु थियो । भिक्षु भएको धेर दिन नबित्दै उसको जिऊभरि खटिरा-घाऊ निस्कन थाल्यो । ती खटिरा क्रमश: विस्तारै ठूल्ठूला हुँदै बढ़न थाले । पहिले तोरी जत्रो, त्यसपछि कालो दाल जत्रो र पछि मटरका दाना जत्रा, फेरि अमला जत्रो हुँदै अन्तमा नपाकेको बेल फल जस्तो ठूलो हुन थाल्यो । केही दिन पछि ती खटिरा घाऊहरू फुटेर पीप-खून निस्की कुहुन लागेको हुँदा सारा जिऊ नै उसको अति घिनलाग्दो दुर्गन्धयुक्त भइसकेको थियो ।

त्यो भिक्षुलाई संघका अन्यभिक्षुहरू पूतिगत्ततिस्स भन्ने गर्दथे । **पूति**- कुहेको; **गत्त** = शरीर; **तिस्स** चाहिँ उसको मूल नाउँ नै भयो । तसर्थ **पूतिगत्ततिस्स** भन्नाले "कुहेको शरीर भएको तिस्स" भाव भयो ।

पछि पछि त त्यो भिक्षुको जिऊको छाला चर्कँदै फुट्न थालेको मात्र होइन हाड् पनि सड़ेर-मक्किएर टुक्रिन्दै धूलो जस्तो झर्दै गयो । उसको सारा जिऊ नै भूसको बोरा भिजाएर राखे झैं दलदले पोको जस्तो गीलो हुँदै आयो । सब्रह्मचारी संघगणले पनि केही उपाय गर्न नसकी उसलाई खाटमाथि लड़ाई राख्नपरेको थियो ।

प्रत्येक दिन तथागतले विहान र बेलुकी सुवर्ण ज्ञान जाल सर्वत्र फिजाईकन उन्मुक्त हुन योग्य सत्त्वहरू कतै छन् कि छैनन् पत्तालगाउन

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

लोकमाथि दृष्टि पुऱ्याउनु हुन्थ्यो । तब.......एकदिन विहानै त्यस प्रकारले लोकलाई हेर्नुहुँदा सुवर्ण ज्ञान जालमा पूतिगत्ततिस्स स्थविरलाई देख्नु भयो । अनि तथागत स्वयं त्यो भिक्षुकहाँ पुग्नु भईकन आफैले पानी उमालेर पूतिगत्ततिस्सलाई नुहाईदिने प्रयत्न गर्न थाल्नुभयो ।

तव त्यहाँ अन्य संघभिक्षुहरू पनि भेला हुन आइपुगे अनि तथागतका सामूँ उनीहरूले तिस्स भिक्षुको चीवर धोएर सफा गरी उसलाई नुहाई पनि दिए । आयुष्मान तिस्स पनि यसरी नुहाउन पाउँदा केही उज्यालो अनुहारको देखियो र त्यसपछि उसलाई पलंगमा नै ढल्किन दिईकन तथागतले उपदेश दिनुभो -

" प्रियपुत्र पूतिगत्ततिस्स ! तिम्रो यो शरीर आयु विज्ञान रहित हुने अवस्थामा काम नलाग्ने मूढ़ा जस्तो भएर केही समय नवित्दै भुईंमा लड्ने (ढल्ने) हुनु पर्ने छ ।" इत्यादि तथागतले दिनु भएको उपदेश सुनी रहँदारहँदै आफ्नो उत्पत्ति अवस्थाको रूप र नामस्कन्ध सन्ततिको मनन गर्दै भाविताद्वारा होशयुक्त सचेत हुँदै जाँदा क्रमैसित उच्चस्थितिमा पुग्दै अरहन्त नै भईकन केही बेरपछि नै परिनिर्वाण पनि भयो ।

त्यो भिक्षु अरहन्त हुनसक्ने पारमी कुशल युक्त भईसकेको हुँदाहुँदै पनि किन त्यसरी रोगी बन्न परेको थियो त भने "कसैले नगरे पनि आफ्नो कर्मले पो हो " भनिए झैं उसको आफ्नै अकुशल कर्मको कारणले नै हो ।

काश्यप तथागतको पालोमा त्यो भावी आयुष्मान तिष्य एकजना चराचुरङ्गी मार्ने ब्याधा राजकर्मचारी भएथ्यो । चराहरू समातेर ल्याई उसले राजाकहाँ चढ़ाउन पर्थ्यो । धेरे संख्यामा चराहरू पक्रेर ल्याएको बेला उड़ेर उम्केर जाने डर थियो भने मारेर राखी छाड़े कुहुने डर । त्यसैले निकै दिन रहने (टिक्ने) गरी ती चराहरूका पखेटा काटी, कसैका

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

खुट्टा भँचाएर राख्ने गर्थ्यो। त्यही अकुशल कर्मले गर्दा आयुष्मान तिस्सको जन्ममा रोग र मानिस कुस्ती लड़िरहन पर्ने अवस्थामा मानिसले पराजित हुनुपरेको थियो।

अरहन्त हुन पाएको कसरी हो भने त्यो चरा-मार्ने ब्याधाको जन्ममा उसलाई भनेर पकाईराखेको चराकै मासुको तरकारी र भात एकजना अरहन्तलाई दान दिएर "तपाईहरूले बोध गर्नुभएको धर्म जान्न पाऊँ" भनी प्रार्थना गरेको थियो। त्यही कुशल कर्मको सहयोगले अरहन्त हुन पाएको थियो।

प्रतिसन्धि फल र प्रवृत्ति फल

प्रत्येक कर्ममा प्रतिसन्धि फल दिलाउने शक्ति र प्रवृतिफल दिलाउन सक्ने शक्ति भनिने शक्ति दुई थरी छन्। एउटा कर्मले एकपल्ट मात्र प्रतिसन्धि फल दिलाउन सके पनि, प्रवृत्ति फललाई भने सयौं-हजारौं जन्मसम्म पनि उत्पन्न गराउन सक्तछ।

पाणातिपात अकुशल कर्मले प्रवृत्ति फल उत्पन्न गराए अल्प आयुको होइने मात्र, रोग ब्याधि धेर हुने मात्र उत्पन्न गराउन सक्तछ। प्रतिसन्धि फल मात्र उत्पन्न गराउन सक्ने भए (खराब कर्म) उल्लंघन गर्ने ब्यक्ति अपाय दुर्गति भयबाट अलग्ग रहन कदाचित सक्तैन।

अपाय नर्क अनि यमराज

'अपाय' पालि शब्दबाट बनेको शब्द हो अपाय नर्क। कुशलको उत्पत्ति हुने अवसर कम हुनाले अकुशल मात्र धेर उत्पत्ति हुने स्थान भन्ने मतलब हो।

चार अपाय मध्ये नर्क सबैभन्दा भयानक हुनाले यहाँ यो नर्कको विषयलाई प्रमुखता दिई बताऊँला। **'निरय'** पालि शब्दबाट परिवर्तित

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

भएर अपभ्रंश शब्द 'नर्क' बनेको हो । यसको अभिप्राय हो सुख रहित स्थान ।

त्यो नर्कमा उत्पन्न होइने ढंग (तरिका, पद्धति) दुई थरी छन् । अकुशल ज्यादै भएका प्राणीहरूले नर्कमा सोझै पतन भएर दुःख कष्ट भोग्न पर्दछ । अल्प मात्र अकुशलले नर्कमा पतन भए पहिले यमराजकहाँ जाँच बुझ गराएपछि नर्क भोग्न योग्य छ भने मात्र भोग्नु पर्ने हुँदछ ।

ती यमराज भन्नेहरूले पनि प्राय: जसो दिव्य सुख ऐश्वर्य भोग गर्न पाएर कहिले काँही उनीहरूले सामान्य प्रेतहरूले जस्तै नै खराब परिणाम भोग्न पर्ने हुन्छ । तैपनि उपदेश सुन्न पायो अथवा भावना धर्म उदचोग र अभ्यास गर्न पायो भने आर्य बन्न सक्ने अवसर भएकाहरू हुन् । आर्य बन्न गयो भने त दिव्य सुख मात्र अनुभव गरी बस्ने हुनेभयो ।

ती यमराजहरूका अधीनमा नर्कपाल कहलाएका कर्मचारीहरू छन् । तिनीहरू पनि चतुर्महाराजिक देवताहरूका अधीनमा सम्मिलित देव यक्ष, देव राक्षसहरू हुन् । यिनै नर्कपालहरूले नर्क भोग्न पर्नेहरूलाई यातना (सास्ती) दिनु पर्दछ । केही थोरै मात्र अकुशल कर्मले नर्क आइपुग्नेहरूलाई यमराजकहाँ पुऱ्याई दिन पर्छ भनिन्छ ।

पाँच यमदूतहरू

मनुष्य लोकमा पाइने "दूधमुखे बालक, वृद्ध वृद्धा, रोगी, मृतक, जेलमा बस्ने अपराधी" यी पाँच (खलक) लाई यमदूत पाँच भनिएको देवदूत सूत्रमा उल्लेखित छ । बुद्धहरू सबैले नै सदैव बताउने गर्नु भएको यो सूत्र हो भनी ग्रन्थमा बताईएको पाइन्छ । अँ........अनि यमराजले आफूकहाँ आउनेहरूलाई यी यमदूत पाँच देखाई देखाई जाँचबुझ गर्थे । लौ.......अब धर्म स्मरणिका भनौं ....

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

'वालक, वृद्ध र रोगी, मृतक, अनि अपराधी' पाँच यिनै
यमदूतहरू हुन् भनिभन्छन्, जति बुद्धहरू छन् सबनै,
देखाईकन पाँच दूत यी, जाँच बुझ सब गरी गरी
यमराज गर्छन् न्याय-निसाप, यमलोकमा सँधै भरि ॥

ती यमदूत पाँच मध्ये पहिले दूधमुखे नानीलाई निर्देशित गर्दै देखाएर जाँच बुझ गरिन्थ्यो । लौ.......अब.......पहिलो प्रश्न भनौं

बालक हेर्दै संवेग जगाई
आयौ के कुशल-पुण्य कमाई ?
आफ्नो पुण्यको स्मरणले मात्र
नर्क भूमिबाट हुने छौ मुक्त ॥

यमराज- हे पुरुष एवं महिलाहरू हो, के तिमीहरूले मनुष्य लोकमा रहँदा दूधमुखे साना नानीहरू देखेका थियौं ?

अपराधी- भो यमराज, देखेथ्यौं ।

यमराज- त्यसो हो भने ती बच्चाहरू आ-आफ्नै मलमूत्र घिनाउन छोड़ी त्यसैमा लड़ीबड़ी गरिरहेको देखेर, "अहो ! म फेरि पनि यस्तो बालक हुनु पर्ला; मरीजान अघि अकुशल दुश्चरित्र धर्म एकातिर पन्छाई कुशल कर्म गर्न पऱ्यो भन्ने स्मृति संवेग चित्तमा उत्पन्न गरी आएका छौ के ? अकुशल सबै एकातिर पन्छाएर कुशल कर्म गरेर आयौ के ?

यसरी सोधपुछ गरेर पनि भएन भने दोस्रो प्रश्न गरिन्थ्यो । लौ......भनौं

बृद्ध देखेर संवेग जगाई
आयौ के कुशलपुण्य कमाई ?
आफ्नो पुण्यको स्मरणले मात्र
नर्क भूमिबाट हुने छौ मुक्त ॥

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

प्रश्न-सज्जन हो ! तिमीहरूले मनुष्य लोकमा रहँदा बस्दा बृद्ध-बृद्धाहरू देखेका थियौ के ?

उत्तर- भो यमराज, देखेका थियौं ।

प्रश्न- त्यसो हो भने यो मानिस बृद्ध भए झैं एकदिन म पनि वृद्ध भईबस्नु पर्ने छ । बृद्ध नहुँदै अकुशल दुश्चरित्र एकातिर पन्छाएर कुशल कर्म गर्न पऱ्यो भनेर स्मृति संवेग उत्पन्न गरी आएका छौ के ? अकुशल कर्म छोड़ेर कुशल कर्म गरेर आएका हौ ?

उपरोक्त प्रश्नद्वारा जस जसलाई सोधपुछ गरिए ती नर्क भोगीहरू आ-आफ्ना कुशल कर्म प्रति होश युक्त (सचेत) भयो भने नर्क भूमिबाट मुक्त हुँदछन् । यतिले पनि नभए तेस्रो प्रश्नद्वारा सोधपुछ होइन्थ्यो । लौ......भनौं फेरि.....

रोगी हेरेर संवेग जगाई
आयौ के कुशलपुण्य कमाई ?
आफ्नो पुण्यको स्मरणले मात्र
नर्क भूमिबाट हुने हो मुक्त ॥

प्रश्न- एइ सज्जन, तिमीले मनुष्य लोकमा रहँदा रोगी देखेका थियौ ?

उत्तर- भो यमराज, देखेको थिएँ ।

प्रश्न- देखेका थियौ भने यो रोगी जस्तै मैले पनि फेरि रोगी बन्न पर्ला । रोगी नहुँदै अकुशल दुश्चरित्र पन्छाईकन कुशल कर्म गर्न पऱ्यो भनी स्मृति संवेग उत्पन्न गरी आयौ के ? कुशल कर्म पनि गरेर आएका हौ के ?

उपरोक्त तेस्रो प्रश्नद्वारा सोधपुछ गरिएको बेला नर्क भोगीहरू आ-आफ्ना कुशल कर्म प्रति फेरि होश आए नर्क भूमिबाट मुक्त हुने गर्दछन् । यसरी तेस्रो प्रश्नले पनि नभएको खण्डमा चौथो प्रश्नद्वारा सोधपुछ गरिन्थ्यो । लौ.......(अब)........भनौं

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मृतक देखी संवेग जगाई
आयौ के कुशल-पुण्य कमाई ?
आफ्नो पुण्यको स्मरणले मात्र
नर्कभूमिबाट हुँदछ मुक्त ॥

प्रश्न- अय् सज्जन, मनुष्य लोकमा बस्दा तिमीले मृतक कहिले देखेका थियौ के ?

उत्तर- भो यमराज, देखेकै हो ।

प्रश्न- देखेका थियौ भने यों मृतक मानिस झैं मैले पनि मृतक हुनु पर्ला । मृतक हुनु अघि नै अकुशल एकातिर पन्छाएर कुशल कर्म गर्न पर्‍यो भनी स्मृति संवेग जगाई कुशल कर्म गर्‍यौ के ?

उपरोक्त प्रश्नहरूद्वारा सोधपुछ हुँदै गर्दा आफ्नो कुशल कर्म फेरि होशमा आएमा नर्कगामी स्त्री पुरुषहरू नर्क भूमिबाट मुक्त भई जाँदा रहेछन् । यस प्रकार चारपल्ट सोधेर पनि भएन भने खूबै दयामाया युक्त कारूणिक भावले यमराजद्वारा ती नर्क गामीहरूतिर फर्केर अन्तिम पाँचौ प्रश्न गरिन्थ्यो ।

लौ.........(अब)........धर्म कविता भनौं

अपराधी हेर्दै संवेग लिई
आयौ के कुशल पुण्य गरी ?
जति सोधे पनि छैन पुण्य नै
तब भोग गर नर्क भूमि नै ॥
भयानक, अहो भयानक ।

प्रश्न- सज्जन, मनुष्य लोकमा बस्दा तिमीले जेलका अपराधी देखेका थियौ कहिले ?

उत्तर- भो यमराज, देखेको थिएँ ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

प्रश्न- त्यसो हों भने यो अपराधी ज़ेलबाट मुक्त नहोइञ्जेल दु:ख भोगीरहे झैं मैले पनि ३१ भूवन रूपी जेलबाट मुक्त नहोइञ्जेल अनेक दु:ख कष्ट झेल्नु पर्नेछ ! बूढ़ा नहुँदै, रोगी हुन नपर्दै, मृत्यु हुन अघि नै अकुशल सबै एकातिर पन्छाएर ३१ भूवनबाट मुक्त होइने कारण बनिने कुशल कर्म गर्न पऱ्यो भनेर स्मृति संवेग उत्पन्न गरायौ के ? कुशल कर्म कहलाइने असल कामहरू पनि गरी आयौ के ?

यस प्रकार सोधेर पनि भएन भने यमराजले आफू स्वयंले नै विचार दृष्टिले हेर्छन्। यो नर्कगामी मानिस लोकम़ा हुँदा के-कस्ता कुशल कर्मादि गरी आएको रहेछ सो विचारेर देख्नु भयो भने उल्लेख गरी देखाउँथे । अय् सज्जन, तिमीले यस्तो अवस्थामा यस्तो किसिमको पुण्य गरी आएका रहेछौ । त्यसबेला मलाई समेत पुण्य प्रदान गरी आएको छु भन्ने होश दिलाई व्यक्त गरी दिने गर्छन्। यस तरिकाले पनि यदि आफ्नो कुशल कर्म प्रति होश आयो भने त्यो नर्कगामी नर्कबाट मुक्त हुने गर्दछ ।

आफूले गरीराखेको दान शीलादि धर्महरू यस्तो स्थानमा अत्यन्त भरोसा लिन सक्ने हुँदछ। यसैले दान शीलादि धर्मलाई वेवास्ता गरी राख्न हुँदैन र गर्नु नै पर्ने रहेछ। यसो गर्ने बेलामा यमराजलाई पनि पुण्य प्रदान गर्न बिर्सन हुँदैन ।

लौ........अब.........फेरि प्रसङ्गलाई जोड़ौं । यसरी यमराजले यमदूत पाँच निर्देश गरी सोधपुछ गरे पनि, जसलाई सोधियो त्यो व्यक्तिले आफ्नो कुशल कर्म-कार्यलाई होश गरी सम्झन सकेन; आफैले विचार गरी दिएर यमराजले त्यो नर्कगामीको कुशल कर्म केही देखेनन् भने उसलाई नर्कपालहरूका हातमा जिम्मा दिई पठाउने गर्छन् ।

त्यो अवस्थामा नर्कगामीलाई नर्कपालहरूले पाँच प्रकारका बन्धनले बाँधी दिन्छन् । ती बन्धनहरू हन् -

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

१) देब्रे (बायाँ) हत्केला माझ एउटा मोटो काँटी (कील);

२) दाहिने हत्केला बिचमा एउटा मोटो काँटी;

३) बायाँ पैतालाको माझमा एउटा मोटो काँटी;

४) दाहिने पैताला माझ एउटा मोटो काँटी;

५) छातीमा काँटी कील एउटा, यसरी चल्न नै नसक्ने गरी पाँचवटा कील ठोकी दिने गर्छन् ।

त्यस पछि चल्न असमर्थ नर्कगामीहरूलाई नर्कपालहरूले सम्बन्धित नर्कमा पठाइदिन्छन् ।

आठ नर्कको स्वरूप

महानर्क अनि चूलनर्क भन्ने नर्क पनि दुई थरीका छन् । महानर्कका आठ तह छन् । के के हुन् भने ....

१) सञ्जीव २) कालसूत्र ३) सँघात ४) जाल रोरूव ५) धूमरोरूव ६) तापन ७) पतापन ८) अवीचि ।

महानर्कको प्रत्येक तहमा फेरि पारिवारिक रूप झैं लिईराखेको सानासाना नर्कहरू २०/२० वटा जति छन् भनिएको छ ।

नर्कभूमि स्वर्गभूमि छ भन्ने कुरो कोही पत्याउँदैनन् भनिन्छ । यसरी नपत्याउने व्यक्तिहरू हिजआज मात्र होइन, बुद्धकालीन अवस्था देखि नै भएकै हुन् ।

तिनताक ऋद्धि-क्षेत्रमा एतदग्ग प्राप्त भएका महास्थविर थिए वामबाहु आयुष्मान महामौद्गल्यायन । यिनै महास्थविर कहिले काँही ऋद्धिद्वारा देवभूमि नर्कभूमि पुग्नु भईकन नर्कमा दुःख भोग्न परेको, देवलोकमा सुख ऐश्वर्य अनुभव गर्न पाइने रीतलाई मनुष्य लोकमा आउनुभई पुनः बताउने गर्नुहुन्थ्यो ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

यसो गरीदिएकै भए पनि नपत्याउनेहरू पनि उत्तिकै थिए यसर्थ आजकल नपत्याउने हुनु कुनै आश्चर्य होइन । हामीले ता आफू स्वयंले विश्वास गरी अरू विश्वास गर्नेहरूलाई पनि अझ झन् संवेग उत्पन्न होस् भन्ने उद्देश्यले पो बताउन लागेका हौं ।

लौ ....अब.......नर्कको कुरा फेरि जोड़दै जाऔं ।

सञ्जीव नर्क

कुन चाहिँ अकुशल दुश्चरित्र उल्लंघन गरिए कुन चाहिँ नर्कमा पतन हुनपुग्छ भनेर नै एक एक गरी छुटचाई निर्णय गरिराखेको त पाइन्दैन । तर सजिलो गरी बताउनलाई एउटा दुश्चरित्र, नर्कको एकतह यसरी मिलाएर बताउँदै जाऊँला । अब सञ्जीव नर्कदेखि शुरू गरी बताउन लागिरहेछु ।

सं+जीव = सञ्जीव पालिबाट लिइएको शव्द हो । **सं** = फेरि, पुनः; **जीव**=जिउन आउने (फेरि जीवन चालू हुने) । त्यसै कारण सञ्जीव नर्क भन्नुको अभिप्राय बारम्बार उत्पन्न हुनुपर्ने नर्क बुझिन्छ ।

नर्कपालहरूले यस नर्कभूमिका नर्कगामीहरूलाई रातो हुनेगरी पोलेको तातो विशेष प्रकारका शस्त्र अस्त्रले नमरून्जेल कुटपीट गरी यातना दिई दिई मार्ने गर्छन् । यसरी मारिनु परे पनि आफ्नो अकुशल कर्म शेष नहोइन्जेल यसै नर्कमा घरि घरि जन्मलिई नै रहनपर्ने हुन्छन् ती नर्कगामीहरू । दुःख कष्ट सहित सञ्जीव नर्कको आयु जम्मै नै भोग्न परे लेखाजोखा अनुसार ५०० वर्षसम्म भोग्न पर्छ भनिएको छ ।

यो ५०० वर्ष नर्कको वर्ष भनेको हो । नरलोकको अनुसार भन्नु हो भने अति नै डरलाग्दो गरी लामो छ । मानिसहरूको हिसाबले ९० लाख वर्ष सञ्जीव नर्कको मात्र एकदिन हो ।

लौ .... भनौं.......................

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

सञ्जीव नर्क भोगको स्मरणिका

नर्कपाल ती देवयक्षगणले
नर्कगामी सब पक्रीलान्छन्
रन्केका तप्त अस्त्र शस्त्रादिले
दया माया विना नै मार्दछन् ।

अकुशल कर्म बाँकी भएमा
यसै भूवनमा जन्मिरहन्छन्
जन्म घरिघरि लिन पर्नाले
सञ्जीव नर्क भनि भन्ने गर्छन् ।

यो भूमि-आयु हिसाव लगाए
पूरै पाँचसय वर्ष नै हुन्छ ।

लाख लाख कोटिकोटि, मनुष्य आयुले नभ्याउने
कत्तिको लामो नर्क-आयु, भयानक.....अहो भयानक !!

यस्तो नर्कमा अति भयङ्कर दुःख कष्ट लामो अवधिसम्म भोगीरहनु पर्ने कारण चाहिँ आफूले उल्लंघन गरी आएका पाणातिपात आदि अकुशल दुश्चरित्रले नै हो ।

यसर्थ मुक्त नहोइञ्जेल दुश्चरित्रबाट मुक्त हुँदैन

त्यसो हो भने दुश्चरित्र उल्लंघन नगरीकन बसे हुने थियो, किन उल्लंघन गरी हिँड्न पऱ्यो । प्रकट रूपमा जुन नाम र रूप सन्तति चलिरहेछ त्यसैलाई 'म' नै भनी भूल दृष्टि युक्त सत्कायदृष्टि रहेको कारणले गर्दा उल्लंघन गरिरहेको हो । यो सत्कायदृष्टिबाट सत्त्वहरू मुक्त नहोइञ्जेल यसै बेला दुश्चरित्रको उल्लंघन नगरे पनि सुहाँउदो परिस्थिति सृजना हुन आएको खण्डमा उल्लंघन गरिरहेकै हुन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

यस सिलसिलामा 'सत्कायदृष्टि' शब्दको भाव राम्ररी बुझीराख्न अति आवश्यक छ। पालिका **सक्काय** (=सत्काय) र **दिट्ठि** (=दृष्टि) दुइ शब्दका मेलले बनेको शब्द हो यो। सत्काय भनेको प्रकट रूपमा रहेको पञ्चस्कन्ध समूह हो। पञ्चस्कन्धलाई नै रूप र नाम भनिन्छ। दृष्टि भन्नाले गलत ढंगले देख्नु, धारणा दोष पूर्ण हुनु बुझिन्छ । यसैले **सक्कायदिट्ठि** (सत्कायदृष्टि) को अभिप्राय हो प्रकट रूपमा चलिरहेको रूप र नाम प्रति धारणा दोषपूर्ण रहनु।

सरल ढंगले भन्नु हो भने रूप चाहिँ बुझ्न नजानेको स्वभाव हो र नाम चाहिँ बुझ्न जानेको स्वभाव हो। ती रूप र नाम कहाँ छन् त भन्न परे जब जब देखि रहन्छ। जब जब सुनीरहन्छ, जब जव सुँघीरहन्छ, जबजव खाईरहन्छ, जबजव स्पर्श गरीरहन्छ, जबजव विचार गरीरहन्छ तब तव यसरी आरम्मण र द्वार हरेक पल्ट संयोग हुँदा प्रकट रूपमा रहेको हुन्छ।

जब जब देखिरहन्छ तबतब हरेक पल्ट प्रकट रूपमा कुन प्रकारले (रहेको) हुन्छ त ? विभिन्न रङ्गरूप रूपारम्मणसित चक्षुप्रसाद रूप ठोक्किन पुग्दा (वा संयोग हुँदा, जोड़िन जाँदा) देखेर जानेको चित्त (चक्षुविज्ञान) अनि सम्प्रयुक्त धर्म प्रकट हुने (उदाउने) गर्दछ । यसमा १) रङ्गरूप, २) चक्षुप्रसाद, ३) देखेर जानेको चित्त (चक्षुविज्ञान) र सम्प्रयुक्त धर्म भनी तीन (थरी) छन्। ती मध्ये रङ्गरूप र चक्षुप्रसाद रूपधर्म, बुझ्न नजानेको स्वभाव हो (देखेर जानेको चित्त (चक्षुविज्ञान) र सम्प्रयुक्त धर्म जति नामधर्म, बुझ्न जानेको स्वभाव हो।

देखिरहेको क्षणमा ती रूप र नाम दुईवटा यथार्थत: प्रकट रूपमा रहन्छन्। यसरी प्रकट रूपमा जुन रूप र नाम छ त्यसैलाई अन्य प्रकारले अर्को नाउँ दिई **सक्काय** वा **सत्काय** भनिएको छ । त्यही **सक्काय**-सत्काय रूप र नामलाई 'म', 'उ', 'पुरुष,' ' स्त्री' भन्ने धारणा गलत भईरहेको नै **सक्कायदिट्ठि**-सत्कायदृष्टि हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कसरी धारणा गलत छ भने "देख्ने (वा देखिरहने) म नै हुँ" सम्झेर पनि धारणा गलत भइरहेको छ। त्यसो हो भने "देख्ने म हुँ" भन्नु सत्य भएन त भनेमा भनाई (वचन) सत्य अनुरूप त सत्य हो तर स्वभाव-सत्य अनुसार सत्य ठहरिन्न।

भनाई (वचन) सत्य

अब यहाँनिर वचन-सत्यको क्षेत्र र स्वभाव-सत्यको क्षेत्रलाई होश गर्न आवश्यक छ। "म, अरू (परजन), पुरुष, स्त्री, पत्नी पति" आदि छ भनी मानिसहरूले स्वीकार गरी राखेको जति सबै छ नै भनिएको सत्य वचन हो। यो वचन सत्य कहाँसम्म सत्य हो त भन्दा १) मानिसहरू परस्पर सम्पर्क राखेर बस्ने ठाउँमा २) दान प्रदान गरीरहेको ठाउँमा ३) शील आरक्षा गरी बस्ने ठाउँमा ४) शमथ कर्मस्थान भाविता गर्ने स्थानमा सत्य हुन्छ। यी क्षेत्रहरूमा वचन-सत्य प्रज्ञप्तिलाई बेवास्ता गर्नु हुँदैन। यसो गरे मृषावाद हुने भयो।

स्वभाव-सत्य

तर एकजना विपश्यना योगीका निम्ति वचन-सत्यसम्म मात्र जानेर हुँदैन। स्वभाव-सत्य पनि जान्नु आवश्यक छ। मानिसहरूले 'म, उनी, पुरुष, स्त्री आदि छ भनी स्वीकारेर कुनै क्षेत्र निर्धारित गरीराखेको वास्तवमा छैन पनि। समस्त विश्वमा रूप र नाम मात्र यथार्थमा छ भन्नु स्वभाव-सत्य हो।

विपश्यना भावितामा लागेको अवस्थामा देख्नु पर्ने दृष्टि हो यो स्वभाव-सत्य। विपश्यना भाविताद्वारा आर्य बनिए पछि उसले स्वत: देख्ने दृष्टि सदृश नै हो यो। तसर्थ स्वभाव-सत्य चाहिँ परमार्थ अनि वचन-सत्य चाहिँ प्रज्ञप्ति हुन्। यिनका आ-आफ्ना क्षेत्र रूपमा निर्धारित भइरहेकोलाई विशेष रूपले होश गरीराख्नु उचित छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

देखिनुमा सत्कायदृष्टिको प्रवेश

देखिने क्षणमा सत्कायदृष्टि प्रवेश गर्ने प्रसङ्ग फेरि बढाउँदै जाऔं। स्वभाव-सत्य अनुसार भन्नु हो भने देखिनु भने कै देखेर जानेको चित्त हो। म होइन। म भन्ने ता वचन-सत्य मात्र हो। वास्तवमा त्यो छैन नै। देखेर जानेको चित्त जो छ त्यो त देखिरहेको क्षणमा साँच्चै नै भएको स्वभाव-सत्य वास्तविक परमार्थ धर्म रहेछ। यस प्रकार वचन-सत्य 'म' र स्वभाव-सत्य देखेर जानेको चित्तलाई विभाजन गरी नजानिएको हुँदा 'देखिरहेको मैले नै' भन्ने देखेर जानेको चित्तलाई आत्म मान्ने **सक्कायदिट्ठि**-सत्कायदृष्टिको प्रवेश हुँदछ।

"आँखाले देखिरहेको हो" मानी धारणा गलत हुँदा पनि सत्कायदृष्टि नै हो। आँखाले रूप देख्न जानेको होइन। देखाइन जानेको कारण धर्म मात्र रहेछ। तसर्थ आँखाले देखीरहेकै हो भनी धारणा गलत भएर रूपलाई आत्म मानिलिनु सत्कायदृष्टि नै हुँदछ।

"कुकुर देखिरहेछु, बिरालो देखिरहेछु, पुरुष देखिरहेछु, स्त्री देखिरहेछु " भन्ने धारणा गलत भइरहनु पनि सत्कायदृष्टि नै हो। किनभने आँखाको विशुद्धता (चक्षुप्रसाद) मा प्रकट भई आएको रङ्गरूप मात्र रहेछ। ठोस द्रब्य त्यो होइन। सिङ्गै ठोस द्रव्य चक्षुप्रसादमा बन्न आएको होइन। त्यसैले कुकुरलाई देखिरहेछु, बिरालोलाई देखिरहेछु भन्ने धारणा गलत भई रङ्गरूपलाई आत्म ठान्नु सत्कायदृष्टि हुँदछ।

सुन्ने (श्रवण गर्ने) क्षण इत्यादिमा सत्कायदृष्टिको प्रवेश गर्ने ढंगलाई बाँकीरहेको दुश्चरित्र काण्डमा मात्र उल्लेख गरूँला। यहाँ अहिले सम्यग्दृष्टि उत्पन्न हुने तरिका (ढाँचा) लाई उल्लेख गरिन्छ।

वचनसत्य मात्र भनिएको प्रज्ञप्ति म अनि स्वभाव-सत्य परमार्थ यी रूप र नामलाई छुटचाई-छुटचाई बुझ्न र जान्न आवश्यक छ। केश-

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

रौं (रोम) देखि लिएर मूत्रादिमा अन्त भएको ३२ कोट्ठासलाई संगठित गर्दै लैजाँदा आकार संस्थान प्रकट भएर आउने गर्दछ । आकार संस्थान परस्परमा समान नहुने कारण चाहिँ हो अतीतको कर्म । ती ३२ कोट्ठास समूहका विभिन्न आकार संस्थानलाई नै यो पुरुष यो चाहिँ स्त्री भन्दै व्यवहार गरिरहेको हो ।

वास्तवमा केशलाई मात्र पुरुष नै हो, स्त्री नै हो भनेर भनिएको होइन । एक एकवटा अलग-अलग लिएर कुनैलाई पनि 'म' हो, 'उ' हो, 'पुरूष' नै हो, 'स्त्री' नै हो भन्न ठीक ठहरिन्न । त्यसै कारण ३२ को समूह जो भइरहेको छ त्यसबाट केशको गुच्छा, रौंको गुच्छा आदि एक एक अलग गरी मनमनै छुटयाउँदै हेर्ने गर; त्यसपछि पुरुष-स्त्री आदि केशलाई भनेको हो कि, रौंलाई भनिएको हो कि आफैले मनमनै एक-एक गर्दै गम्भीरता साथ खोज-बीन गरी हेर । यसरी मनमनै जाँच-बुझ गरी हेरे ३२ कोट्ठास पनि शेष होइन्छ, म, उ, पुरुष, स्त्री भनी वास्तवमा साँच्चैनै रहेनछ; स्त्री, पुरुष भन्नु वचन-सत्य मात्र नै रहेछ भन्ने आफू स्वयंले बुझी-जानी छर्लङ्ग हुँदै आउँछ ।

यस प्रकारले जान्न-बुझ्न थालेपछि एक तह अझ अघि बढ़ेर यो स्कन्धकाय आत्मभावमा यथार्थत: के के मात्र छन् त भन्ने जान्नु आवश्यक छ । सारा शरीर परिक्षण गरी हेरे कुनै कड़ा (चाम्रो), कुनै नरम (कमलो) पाइन्छ । यही कड़ा-नरम स्वभावलाई पथवी-मट्टी (माटो) धातु भनिन्छ । एकै ढिकां वा डल्ला पार्ने स्वभाव, बग्ने स्वभाव आपो=पानी वा जल-धातु; पोल्ने (तातिने) स्वभाव, चिस्याउने (सेलाउने) स्वभाव **तेजो** = आगो वा अग्निधातु; सर्दै जाने स्वभाव, ठेल्ने, धकेल्ने, बल-दिने (चल्नमा सहयोग दिने) स्वभाव, चल्मलाउने स्वभाव सबै **वायो**-हावा, वायु-धातु हुन् ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

यी चार महाधातु र यिनीहरूका आधारमा रहने वर्ण गन्ध आदि बुझ्न (थाहा पाउन) नजानेको स्वभाव-सत्य नै रूप भइहाल्यो । पोल्दा पोल्यो भनी जानेको चित्त, चिसो हुँदा चिसियो भनी जानेको चित्त, देख्ता देख्यो भनी जानेको चित्त आदि प्रकारले बुझ्न (थाहा पाउन) जानेको स्वभाव जति चाहिँ नाम हो ।

यो स्कन्धकाय एउटैमा बुझ्न (थाह पाउन) नजानेको रूप र बुझ्न (थाह पाउन) जानेको नाम- यी दुई मात्र वास्तवमा साँच्चै नै छ । म भन्ने, पुरुष एवं स्त्री भन्ने साँचो अर्थमा छैनन् । यी सबै वचन-सत्य संवृत्ति-सत्य प्रज्ञप्ति मात्र हुन् । उत्पत्ति क्षणको स्थितिमा हुने रूप र नाम स्वभाव-सत्य परमार्थ सत्य भन्दै यसरी प्रज्ञप्ति 'म' र परमार्थ रूप र नामलाई छुट्याई-छुट्याई जानी-बुझी लिए सम्यग्दृष्टि होइन्छ । यही सम्यग्दृष्टि कहलाएको यथार्थ दृष्टि युक्त हुन थाले सत्कायदृष्टि कहलाएको गलत दृष्टि लोप हुने हो ।

ज्ञान तीन थरी

अब यस सिलसिलामा जान्न (थाह हुन) पर्ने तीन थरीका ज्ञान हुन्- १) श्रुतमय ज्ञान २) चिन्तामय ज्ञान र ३) भावनामय ज्ञान ।

श्रुतमय ज्ञान हो अध्ययनबाट जानिने (थाह हुने, ज्ञात हुने) ज्ञान, अरूले बताइदिएर जानेको ज्ञान, उपदेश सुनीकन जानिने बुझिने जस्तो ज्ञान । सरल शब्दमा सुनेर जानिने (ज्ञात हुने) ज्ञान हो ।

चिन्तामय ज्ञान हो विचार गर्दै, चिंन्तन मननद्वारा जानिने (ज्ञात हुने) ज्ञान । सरल तरिकाले भन्नु हो भने विचारद्वारा जानिने ज्ञान ।

भावनामय ज्ञान चाहिँ उत्पत्ति क्षणका रूप र नाम साक्षात् हुनेगरी भाविताद्वारा सचेत हुँदै जानिने (ज्ञात हुने) ज्ञान हो । "भावित गर्दै सचेत भएर जानिएको, बुझेर थाह भएको ज्ञान" भन्न सकिन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

सम्यग्दृष्टि उत्पन्न गरेर सत्कायदृष्टि लोप गर्नुको मतलब हो ती तीन ज्ञानमध्ये भावनामय ज्ञानको भाविताद्वारा सचेत भईकन जानिएको ज्ञानले बुझ्नु (ज्ञात गर्नु) आवश्यक छ। तर त्यसरी जान्न-बुझ्न सक्नलाई "सुनेर जानिएको ज्ञान, चिन्तनद्वारा जानिएको ज्ञान" पनि पृष्ठभूमिको रूपमा आवश्यक नै ठहरिन्छ।

यस प्रकारले उत्पत्ति क्षणका रूप र नामलाई नबिराईकन अटूट भाविता गर्दै सचेत (सदा होशमा) रहीरहे "म, उ, पुरुष, स्त्री भन्नु वास्तवमा साँच्चै नै छैन, रूप र नाम मात्र नै छन्" भनी भावनामय ज्ञानले यथार्थ ढंगले ज्ञात भयो भने सम्यक्दृष्टि कहलाइएको सही दृष्टि युक्त हुन थाल्दछ। सही दृष्टि भएपछि सत्कायदृष्टि भनिने गलत दृष्टि लोप भएर (हराएर) जानेनै हो। हरेक क्षण अटूट गलत दृष्टि नरहे अपाय नर्कमा पुग्नु पर्ला भनी भय मानिरहने आवश्यकता केही रहेन।

लौ..........स्वभाव धर्मको सम्बन्धमा बताइरहेको निकै बेर भइसक्यो। जति पनि अहिलेसम्म बताइसकें त्यो सबै याद रहने गरी साथै झप्की (निद्रा) लागिरहेको पनि हट्ने गरी धार्मिक कविता भनौं-

अपाय दुःख मुक्तिका निम्ति निर्देशिका स्मरणिका

कुन के धर्मले सत्त्वप्राणी
चार अपायमा पुग्दछ ?
दुश्चरित्रादि धर्मकै कारण
चार अपायमा पुग्दछ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

कुन के कारण गरी चाहना
दुश्चरित्रमा लाग्दछ
नाम रूपमा 'म' को भ्रमले
दुश्चरित्रमा लाग्दछ ।

बुझ्न जानेको नाम स्वभाव
रूप हो नजानेको स्वभाव
अर्को ढंगले रूप र नाम
'सत्काय' कहलाइन्छ ।

सत्काय नाम रूप 'म' ठान्नु
सत्कायदृष्टि दृढ़ हुन्छ
हो अपायमा पुऱ्याउने त्यही
नभित्र्याई त्यो रोक्नु छ ।

रूप नाम र 'म' यथार्थ बुझे
सम्यक्दृष्टि होइने छ
सत्य-प्राप्ति र असत्य लोपले
अपाय नपुगिने हुँदछ ।

होश राख लौ हइ होश राख ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

अपायमा पतन नहुने गरी विपश्यनाले थामेको कथावस्तु

विपश्यनाको भाविताद्वारा सचेत भईकन सही दृष्टियुक्त हुन थालेपछि अघि अघि उल्लंघन गरी आएका दुश्चरित्रादि जति नै भएपनि अपायमा पतन हुन देखि जोगिएका कथावस्तु साधक नमूनाहरू धेरै नै छन् ।

बुद्धकालीन राजगृहमा तम्बदाठिक नाउँ गरेको, चोरहरूलाई मार्ने एकजना बलनायक थियो । उसित एकै प्रहारको झट्कामा एक जना मानिसको घिच्रो च्वाट्टै छिनाउन सक्ने शक्ति थियो । त्यसैले ५५ वर्षसम्म उसले मानिस मार्ने कार्यभार वहन गरेको थियो । राजगृह शहरको पूर्व दिशाबाट पक्रेर ल्याएका चोर-डाकाहरू ४९९ जना, दक्षिण दिशाबाट ५०० जना, पश्चिमबाट ५०० जना उत्तरबाट ५०० जना गरी २००० जना जतिलाई झुण्ड-झुण्ड गर्दै उ एक्लैले नै जिम्मा लिएर मारिसकेको थियो । ती ५५ वर्षको अवधि अन्तर्गत एकदुई-एकदुई गरीकन पनि मार्नु परेको थियो उसले अनेकौंलाई ।

धेरै सालसम्म त्यसरी कार्यभार सम्हालेर समय बिताएपछि उ अब बूढो भएको थियो । उसले अब पहिले जस्तो एकजनालाई एकै झट्का प्रहार गरी मार्न नसक्ने भयो । कति कति पल्टसम्म प्रहार गर्न लाउन परेको हुँदा मर्न पर्नेहरू अति कष्ट पाएर मात्र मर्ने गर्थे । त्यसैले उसलाई त्यो मान्छे मार्ने कार्यभारबाट हटाइएको थियो ।

त्यो चोर काट्ने बलनायक भईरहञ्जेल उसले राजाको हुकुम अनुसार १) चमेली फूलको माला लगाउनु २) श्री खण्ड दल्नु-(लगाउनु), ३) नयाँ वस्त्र लगाउनु ४) घ्यु हालेको क्षीर (खीर) खानु- यी चार कुरालाई त्याग गर्नु परेको थियो । त्यसरी किन त्याग्नु परेको हो भन्ने चाहिँ धर्मपद अर्थकथामा भेटचाइएको छैन ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

तम्बदाठिकले आफू कार्यभारबाट मुक्त भएको दिन विहानै क्षीर पकाउन लगाएको थियो । नुहाएर फूल-माला, श्री खण्ड लगायो, नयाँ वस्त्रले सुसज्जित पनि भयो । ५५ वर्षको लामो अवधिसम्म आफुले पूरै त्यागीराखेको त्यो क्षीर खान उसलाई सान्है इच्छा भईरहेकोले सन्तोष होइञ्जेल खान तर्खर गरीरहेकै बेला आयुष्मान सारिपुत्र महास्थविर उसको सामुँ भिक्षाटन गर्न आइपुग्नु भो । उसलाई उपकार गर्नकै निम्ति जानाजानी नै आउनु भएको थियो । आफूले खान लागेको क्षीर यवागु (क्वाँटी वा खोले जस्तो) तम्बदाठिकले आयुष्मान सारिपुत्र महास्थविरलाई दान गरी चढ़ाएको थियो ।

महास्थविरले पनि उसकै घरमा त्यो क्षीर-यवागु खानुभई अनुमोदन उपदेश दिनु भयो । तम्बदाठिक भने उपदेश सुनीरहँदा उसका हातखुट्टा चल्मलाई रहेकोले शान्तसंग बस्न नसक्ने भएको थियो ।

उसको त्यो स्थिति देख्नुभई आयुष्मान सारिपुत्रले, "उपासक ! मैले उपदेश गरिरहेको प्रति के तिमीलाई रूची छैन ?" भनी सोध्नु भो ।

तम्बदाठिकले पनि, "भन्ते ! सिंगो ५५ वर्षसम्म हजारौं मानिसलाई मारेर आएको हुँ मैले । ती अकुशलहरू घरिघरि सम्झना भइरहन्छ । त्यसैले तपाईको उपदेशमा कसरी म रूची लिनसक्थें र " भन्दै जस्ताको तस्तै बिन्ति चढ़ायो ।

तब आयुष्मान सारिपुत्र महास्थविरले उपदेशको विधि केही बदले झैं गरीकन सोध्नुभो, "उपासक ! ५५ वर्षसम्म आफ्नै खुशीले तिमीले मान्छे मार्ने गरेको हो कि, राजाले अन्हाएको हुँदा (आज्ञा दिएकोले) मारेको ?"

"राजाले अन्हाए अनुसार मारेको हो" भनी उसले जवाब दिएपछि महास्थविरज्यूले फेरि सोध्नुभयो, "अरूले भनेर मारेको हो भने तिमीमाथि दोष पर्न सक्छ के त ?" यहाँनिर आयुष्मान सारिपुत्र महास्थविरले

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

"अरूले अन्हाएको हुनाले मारे पनि दोष छैन" नभनीकन "तिमीमाथि दोष पर्ला र" भन्दै सोध्नु भएकोमा होश राख्न योग्य छ ।

अल्प प्रज्ञायुक्त तम्बदाठिकले सोच्यो, "अँ हो नि त, मैले आफुखुसी मारेर आएको त होइन नै, राजाले अन्हाएकोले मात्र मार्ने गरेको त हो, मलाई दोष लाग्न सक्तैन" भन्ने स्वयं निर्णय गरी खूबै रूची लिएर उपदेश सुन्न थाल्यो उसले ।

यस प्रकारले उपदेश सुन्दा सुन्दै आफ्नो उत्पत्ति क्षणका रूप र नाम सन्ततिलाई हृदयमा राखी भाविताद्वारा सचेत हुँदै गयो र आयुष्मान सारिपुत्र महास्थविरले पनि उपदेश रोक्नुभयो । तम्बदाठिक पनि अनुलोम क्षान्ति ज्ञानसम्म पुग्यो । यो ज्ञानलाई श्रोतापत्ति मार्गको ठीक मनि (तल) को ज्ञान हो भनिएको छ । बुझ्न सजिलो हुने गरी भन्नु हो भने श्रोतापन्न हुननै आँटेको स्थितिसम्म विपश्यना ज्ञानक्रममा पुगेको हो ।

उपदेश सिध्याउनु भएर विहारतिर फर्कनु भएका आयुष्मान सारिपुत्रलाई तम्बदाठिकले निकै टाढ़ासम्म पुऱ्याउन गएको थियो । त्यहाँबाट फर्कन लाग्दा एउटा गर्भिणी गाईले हान्निदिंदा तम्बदाठिकको परलोक भयो ।

त्यो दिनको धर्म सभामा "दुश्चरित्रचारी तम्बदाठिक कुन भूमि र भवमा पुगेको छ भगवन् ?" भनी भगवान बुद्धसित भिक्षुहरूले निवेदन गरे ।

"प्रियपुत्रहरू हो । तम्बदाठिक त्यो तुषित देवलोकमा उत्पन्न हुनपुगेको छ जहाँ, मानिसहरू (लोकवासीहरू) को लेखा जोखा अनुसार भन्नु हो भने, ५७ कोटी साठी लाख वर्षको लामो आयु हुँदछ ।" भनी तथागतले उत्तर दिनुभयो ।

कतिपय भिक्षुहरूले त्यो सुनेर पनि सन्तोष मानेनन् र तथागतसित फेरि पनि निवेदन गरे,"भगवन् ! त्यति विघ्न मान्छे मार्ने

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

तम्बदाठिक जस्तो दुश्चरित्रले नै भरेको मानिस पनि देवलोकमा पुग्न सक्नु ?" यसरी प्रतिवाद पेश गरिएको थियो ।

तब फेरि तथागतले, "प्रिय पुत्रहरू हो ! तिमीहरू त्यसो भन्न सक्छौ अवश्य । तर मरणासन्न अवस्थामा तम्बदाठिकले आयुष्मान सारिपुत्र महास्थविरबाट उपदेश सुनेर गएको थियो । उपेदश सुन्दासुन्दै विपश्यनाको भाविताद्वारा सचेत सजग भईकन गएको हुनाले अनुलोम क्षान्ति ज्ञानसम्म त्यो पुगेको थियो । त्यही विपश्यना कुशलको कारणले देवलोकमा पुग्न गएको हो" भन्दै स्पष्ट हुनेगरी बताईदिनुभयो ।

उत्पन्न भईसकेका र उत्पन्न हुन बाँकीरहेका दुश्चरित्रहरू विपश्यनाद्वारा हताउनु पर्छ

अब यहाँनिर भन्न चाहेको के हो भने "यतिञ्जेलसम्म उल्लंघन नगरिएका दुश्चरित्रादि उल्लंघन नहोइने गरी; उल्लंघन भईसकेका दुश्चरित्रहरूको कारणले अपायमा पतन नहोइने गरीनु पर्दछ ।"

यतिञ्जेलसम्म उल्लंघन नगरिएका काय दुश्चरित्र र वची दुश्चरित्रहरू त शील-सुरक्षित हुनेगरी आरक्षाद्वारा उल्लंघन नहोइने गर्न सकिन्छ । मनोदुश्चरित्रलाई भने शील मात्रले थाम्न सकिने होइन । शमथलाई वा, विपश्यनालाई अटूट लगातार वृद्धि गरिनै रहनसके मात्र थाम्न सकिने हो ।

उल्लंघन गरीसकेका पाणातिपात आदि अकुशल दुश्चरित्रको कारणले अपायमा पतनहुन नचाहेमा विपश्यना धर्म उदचोगद्वारा भाविता गर्नुपर्छ । दुश्चरित्रको कारणले अपायमा पतन होइने, दुश्चरित्र उल्लंघन गराउने सत्कायदृष्टिको कारणले हो भन्ने तथ्य अघिल्लो भागमा स्पष्ट गरीसकें । यो सत्कायदृष्टिलाई चुड़ाई (काटी) पठाउन दान, शील, शमथद्वारा सकिने होइन । विपश्यनाले मात्र त्यसो गर्नु सम्भव छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विपश्यना के हो ?

यसकारण अब विपश्यना भनेको के हो भन्ने जान्नु आवश्यक छ । **"अनिच्चादिवसेन विविधाकारेन पस्सतीति विपस्सना,"** अनित्यादिको हिसाबले विभिन्न आकार प्रकारद्वारा भावित गरी सचेत रहनु विपश्यना हो । यो भयो स्वभाव अनुसार भनिएको ।

प्रत्यक्ष कार्य स्वभाव अनुसार भन्न परे "जब जब देखिरहन्छ, जब जब सुनीरहन्छ, सुँघीरहन्छ, खाईरहन्छ, छोईं (स्पर्श गरी) रहन्छ, विचार गरिरहन्छ, त्यसरी हरेकपल्ट जब जब आरम्मण र द्वारको संयोग हुँदछ त्यस बेला प्रकट रूपमा रहने रूप र नामलाई पूर्ण वर्तमानमा रही भावित गर्नु, सचेत रहनु हृदयमा पनि भरिनै रहनु विपश्यना" हो ।

हरेक पल्ट देखीरहँदा, सुनीरहेको हुँदा, सुँघीरहेको हुँदा, खाईरहेको हुँदा, छोईरहेको हुँदा, विचार गरीरहेको हुँदा भाविताद्वारा सचेत भईरहेको हुनुपर्छ भन्दाहुँदी कहाँदेखि सचेत हुन (होशमा रहन) शुरू गर्नु पर्ने हो भन्ने प्रश्न खड़ा हुन्छ । त्यसैकारण प्रारम्भिक पुद्गलहरूकानिम्ति महोपकारक महाशी सयादोज्यूले सचेत सजग हुने विधिलाई पृष्ठ भूमिदेखिं निर्देश गरीराख्नु भएको छ । अबउसो त्यही सचेत हुने तरिका सचेत सजग हुने विधिलाई न अति संक्षेपमा न अति विस्तृत रूपमा उल्लेख गर्दै जाऊँला ।

विपश्यना योगीका प्रारम्भिक परिकर्म

विपश्यना उद्योग र अभ्यास गर्ने व्यक्ति गृहस्थ हो भने उसले पहिले गृहस्थी सम्बन्धी शील समादान गरेको हुनुपर्छ । श्रमण भिक्षु हो भने श्रमण भिक्षु सम्बन्धी शील परिशुद्ध भएको हुनुपर्छ ।

त्यसपछि कुनै सुनसान स्थानमा वा रूखमनि, जंगलमा गएर कतै स्थान ग्रहण गर्नपर्छ । बस्दा पलैंटी कसेर बस्नपर्छ, होइन भने महिलावर्ग

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

वसेझैं धेरै बेर (समय) सम्म वस्न सकिनेगरी कुनै एक आसनमा बस्नु आवश्यक छ ।

भावनामा वस्न अघि चाहन्छौ भने आफ्नो शरीरलाई तथागतको चरणमा अर्पण गरीराख्न सकिन्छ । र साथै शरीर आरक्षक देवता, वन जंगल रक्षक देवता, पहाड़ पर्वत रक्षक देवता आदि सबैलाई पनि मैत्री-भावना फैलाई राख्नपर्छ । आफ्नो शील, मार्गज्ञान, फलज्ञान पनि उपकारक आधार बनोस् भन्नेतिर पनि चित्त ढल्काएको हुनुपर्छ ।

भावित गरी सचेत हुने (होश राख्ने) विधि

आँखा चिम्लेर (बन्द गरेर) वस्नपर्छ । स्वाभाविक रूपले सास (श्वास) फेर्ने गर्नुपर्छ । पेटमाथि चित्तको ध्यान केन्द्रित गरीराख्नु पर्दछ । हरेक पल्ट सास भित्र तान्दा पेट फुलिदै आएकोलाई आरम्मण गरी 'फुलिदै छ' भनी होश राख्न वा सचेत भईरहन पर्छ । हरेक पल्ट सास बाहिरिन्दा पेट खुम्चेर दबिएर गएकोलाई आरम्मण गरी 'दबिएर जाँदैछ (वा चेप्रिन्दै गइरहेछ)' भनी सचेत भईरहनपर्छ । यसरी मनमनै मात्र सचेत हुनु हो, मुखले बोलीरहन पर्ने होइन । फुलाउन र दबाउन भनेर आफूले जानाजानी जोड़तोड़सित सास फेर्न पर्दैन । होश राख्दा पनि यथार्थमा फुलिएर आएमात्र "फुलिदै छ" भनी सचेत हुनपर्छ । साँच्चै दबिएमात्र दबिएर जाँदैछ भनी होश राख्ने गर्नुपर्छ ।

यसर्थ सचेतभई होश राख्न पर्ने विषय हो "फुलिदै छ, दबिएर जाँदैछ, फुलिदै छ, दबिएर जाँदैछ ।"

सास फेराई तीब्र (चाँड़ो चाँड़ो) हुन थाले, " फुलिदै छ दबिदैछ " भन्ने दुइकुरोलाई मात्र होशमा राख्नु हो । सासफेराई केही विस्तारो (ढीलो) वा सुस्त गतिको हुनथाले आफु बसिरहेको आकार प्रकारलाई मात्र आरम्मण गरी "वसीरहेछु" भनी थपेर सचेत सजग रहनुपर्छ । तसर्थ

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

"फुलिंदै छ, दबिंदैछ, बसीरहेछु" यी तीन तहमा सचेत हुनु हो । सास फेराई सान्है ढीलो गतिले हुँदैछ भने सबभन्दा बढ़ी (ज्यादा) छोईरहेको वा स्पर्श भइरहेको स्थानलाई समेत आरम्मण गरी "छोइरहेछ" भन्ने थपेर होश राख्न पर्छ (थाहा भइराखेको हुनुपर्छ) । अब सचेत हुनुपर्ने "फुलिदैछ, दबिएर जाँदैछ, बसीरहेछु, छोईरहेछ" यसरी ४ तह भयो । केही पनि विशेष रूपले सचेत रहन पर्ने नहुँदा यिनै "फुलिदैछ, दबिएर जाँदैछ, बसीरहेछु, छोईरहेछ" भन्नेलाई अटूट अखण्ड भाविताद्वारा होशमा राख्न पर्छ ।

त्यसरी सचेत भईरहँदा कतै (शरीरमा कुनै ठाउँ) दुख्न थाल्छ वा केही पीड़ा महसूस हुने गर्छ; झमझमाउन थाल्छ, जिऊ कटकटी दुख्छ, चिलाउन थाल्छ; यसो हुँदा दुख्ने स्वभाव, झमझमाउने (सिरिङ्ग हुने) स्वभाव आदिलाई आरम्मण गरी, "दुख्तै छ, सिरिङ्ग हुँदैछ, कटकटी दुख्तैछ, चिलाउँदैछ भनी जनसाधारण भाषामा नै सचेत भइरहनपर्छ । हात खुट्टा, टाउको, तीघ्रा आदि आकार जोड़ेर (वा थपेर) सचेत रहनु होइन । दुखेको, चिलाएको हराई गए मूल आरम्म्मण "फुलिदैछ, दबिएर जाँदैछ, बसीरहेछु, छोईरहेछ" लाई नै फेरि होश राख्नपर्छ ।

दुख्ने, झमझमाउने (सिरिङ्ग हुने) कटकटी दुख्ने, चिलाउने यी सबै नहराउँदै (नछुट्टिन्दै, लोप नहुँदै) स्थान बदलिगर्ने चाहना भयो भने "बदलन चाहन्छु (सर्न चाहन्छु), ठाउँ बदलँदैछु (सर्दैछु)" भनी सचेत भई नै रहनपर्छ । चिलाएको नहराउनाले (नछुट्टिनाले) कन्याउन चाहेमा कन्याउन चाहन्छु, कन्याउँदैछु भनी जनसाधारण भाषामा नै सचेत भईरहनपर्छ । थुक्न चाहेमा "थुक्न चाहँदैछु" भनी होशमा हुनुपर्छ, थुकीर हे "थुक्दैछुँ" भनी सचेत हुनुपर्छ, थुक निल्न मनलागे "थुक निल्न मन लागिरहेछ" भनी सचेत हुनुपर्छ; निल्न लागे "निल्दैछु" भनी होश राख्नपर्छ । केही सचेत हुन छैन भने मूल आरम्मण "फुलिदैछ, दबिएर

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

जाँदैछ, बसीरहेछु, छोईरहेछ" लाई होशमा राख्नपर्छ । यसरी होश राख्दाराख्दै चित्त अन्यत्र (अरू ठाउँ कतै) पुग्यो भने "त्यहाँ पुग्यो त्यहाँ पुग्यो" भनी सचेत भईरहनपर्छ । कल्पना हुन थाले "कल्पना गर्दैछु कल्पना गर्दैछु" भन्ने होश रहेकै हुनुपर्छ । कल्पनामा कसैसित भेटघाट भयोभने पनि "भेट्दैछु, भेट्दैछु" भनी सचेत नै रहनपर्छ । रीस उठे "रीस उठ्यो, रीस उठ्यो", रमाइलो लाग्न थाले "रमाइलो, रमाइलो", अल्सी लागे" अल्सी लाग्यो, अल्सी लाग्यो" भनी सचेत भईरहनपर्छ । मनका जे जति छन् सबै सबै होश भईरहेकै हुनुपर्छ । केही नभए मूल आरम्मणमा जो भइरहेको छ त्यही फुलिदैछ, दबिएर जाँदैछ, बसीरहेको छु, छोईरहेछ भनी फेरि सचेत भइरहनुपर्छ ।

त्यसरी सचेत भईरहँदा केही देखिन थाले त्यही देखिएकोलाई आरम्मण गरी "देख्तैछु देख्तैछु" भनी सचेत भईरहनुपर्छ । देखिएको हराएर गयो भने फेरि मूल आरम्मण 'फुलिदैछ, दबिएर जाँदैछ, बसीरहेछु, छोईरहेछ" यही होश राखीरहनुपर्छ । त्यसरी सचेत भईरहँदा कानमा विशेष केही शब्द (आवाज) सुनीरहे त्यसैलाई आरम्मण गरीकन "सुनीरहेछु सुनीरहेछु" भनी त्यसैमा सचेत भईरहनुपर्छ । नाकमा केही गन्ध आउन थाले पनि त्यही गन्धलाई आरम्मण गरी "सुँघ्दैछु सुँघ्दैछु, गन्ध आउँदैछ" आदि जनसाधारण भाषा अनुसार नै सचेत भईरहनपर्छ । गन्ध आउनु हराएपछि केही नरहे फेरि मूल सचेत भईरहनु पर्ने फुलिदैछ, दबिएर जाँदैछ," मा नै सचेत भईरहनपर्छ । यतिञ्जेलसम्म बताउँदै आएको सबै बस्ने अवस्थामा सचेत रहनपर्ने वा होश राखीरहनपर्ने तरिका वा विधि हुन् ।

बसेर सचेतभई रहँदारहँदै उठ्न चाहेमा (मनलागे) "उठ्न मन लाग्यो, उठ्न मनलाग्यो" भनी सचेत नै भईरहनपर्छ । अनि उठ्न लाग्दा स्कन्ध शरीर विस्तारै माथि माथि चढ्ने आकार प्रकारलाई आरम्मण गर्दै

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

"उठ्दैछु उठ्दैछु" भनी सचेत भईरहनपर्छ । उभेर बसिरहँदा "उभीरहेछु" भनेर पनि सचेत भईरहनपर्छ । खुट्टा अघिपछि सार्न मनलागे "सार्न मन लागिरहेछ, सार्न मन लागिरहेछ" भनेर सचेतभई रहन पर्छ । सर्न थाल्दा पनि "सर्दैछु सर्दैछु" भनी सचेत भईरहनपर्छ । अथवा "दाहिने खुट्टा सार्दैछु, देब्रे खुट्टा सार्दैछु" भनी सचेत भईरहनपर्छ । यस प्रकारले "उठाउँदैछु, सार्दैछु," भनी दोहोरो सचेत भईरहनसके खुट्टा उचालेको, सारेको, बिसाएकोलाई आरम्मण गरी "उचाल्दैछु, सार्दैछु, बिसाउँदैछु" भनेर तीन तह सचेत भईरहनपर्छ । तीन तह सचेत भईरहन सके, कित मन बाहिरिने धेर हुन थाले "उ़चालेको, कदम सारेको, बिसाएको, छोएको" समेत आरम्मण गरी "उचाल्दैछु, कदम (पाइला) सार्दैछु, बिसाउँदैछु, छोईरहेको छ" भनी चारै तह सचेत भईरहनु पर्छ (होश भईरहेको हुनपर्छ) ।

यस्तै सचेत भईरहँदा रहँदै उभियो भने " उभिरहेको छु उभिरहेको छु" भनेर सचेत भईरहनपर्छ । दाहिने देब्रे कतैतिर फर्कन मनलागे फर्की हेर्न मनलाग्यो, फर्की हेर्न मनलाग्यो" भनी सचेत भईरहनपर्छ । फर्कन लाग्दा "फर्किरहेछु फर्किरहेछु" भनी सचेत भईरहनपर्छ । यसरी सचेत रहँदा शरीरको आकार प्रकारलाई आरम्मण गरी मनमनै मात्र सचेत भईरहनपर्छ । त्यसपछि लगत्तै हिँड़िरहे "उचाल्दैछु, सार्दैछु" आदि फेरि सचेत भई नै रहनपर्छ । पानी पिउन मनलागे "पिउन मन लागिरहेछ" भनी सचेत भईरहनपर्छ । पानी लिनलाई हात बढ़ाउन थाल्दा "हात बढ़ाउँदैछु" भनी सचेत भईरहनपर्छ । पानीको भाँड़ो वा गिलास समाते "समाउँदैछु समाउँदैछु, छोइरहेको छ" भनी सचेत भईरहनपर्छ । पिउन थाल्दा "पिउँदैछु, पिउँदैछु" भनेर सचेत भईरहनपर्छ । निल्न थाल्दा "निल्दैछु" भनेर सचेत भई नै रहनपर्छ । घाँटीमा चीसो लागे "चीसो हुँदैछ" भनी; पानीको भाँडो वा गिलास तल राखे "राख्दैछु" भनी सचेत

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

भईरहनपर्छ । फेरि फर्केर हिँड्न थाले, " खुट्टा उचाल्दैछु, सार्दैछु, "आदि, क्रमैसित सचेत भई नै रहनपर्छ ।

सचेतभई हिँडिरहँदा हेर्न मनलागे "हेर्न मन लागिरहेछ", हेऱ्यो भने "हेरिरहेछु "; देख्यो भने, "देखिरहेछ" भनी सचेतभई रहनपर्छ । बस्न मनलागे, "बस्न मनलाग्यो बस्न मनलाग्यो" भनी सचेत रहनपर्छ । बसे पनि स्कन्धकाय (शरीर) विस्तारै तल तल पुगेकोलाई आरम्मण गरी "बस्दैछु बस्दैछु" भनेर सचेत भईरहनपर्छ । बसी सकेपछि लगत्तै मन भए अघिकै मूल आरम्मण "फुलिन्दैछ, दबिएर जाँदैछ" आदि फेरि त्यसैमा सचेत भईरहनपर्छ ।

यस प्रकार सचेतभई रहँदारहँदै सुत्न मन लागे "सुत्न मन लागिरहेछ" भनी सचेतभई रहनपर्छ । सुत्नै क्रममा स्कन्धकाय (शरीर) विस्तारै ढल्केर गईरहेको आकार प्रकारलाई आरम्मण गरी "ढल्कीरहेछु, सुतीरहेछु" आदिमा सचेत भईरहनपर्छ । हातले टेक्दा "टेकीरहेछु", सिरानी (तकिया) र टाउको छोए "छोईरहेछ छोईरहेछ" भनी सचेत भईर हनपर्छ ।

ढल्कीबस्दा पनि सचेत भईरहेरै निदाउनपर्छ । कसरी भने स्वाभाविक ढंगले सास फेर्दै, पेट आरम्मण लिई बसेर सचेतभईरहे झैं "फुलिदैछ, दबिएर जाँदैछ" भनी सचेत भईरहनैपर्छ । सास फेराई विस्तारो (मन्द गतिको) भयो भने ढल्की (सुती) रहेको ढंग र जहाँ छोईरहको (स्पर्शभइरहको) अधिक छ त्यही स्थानलाई आरम्मण गर्दै "सुतीरहेछु, छोईरहेछ' भनी सचेत भईरहनपर्छ । यसो हुँदा सचेत हुनुपर्ने "फुलिरहेछ, दबिएर जाँदैछ; सुतीरहेछु, छोईरहेछ" भन्ने हुन् । यसो भईरहँदा कल्पना होइने, विचार उत्पन्न हुने, दुख्ने, सिरिङ्ग हुने आदि हुनथाले अघि गरिए जस्तै "कल्पना गरीरहेछु, दुखीरहेछ, सिरिङ्ग

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

भईरहेछ" यस्तै सचेत भईरहनपर्छ । केही नरहे "फुलिन्दैछ, दबिएर जाँदैछ, सुतीरहेछु, छोईरहेछ" भनेर नै फेरि सचेत भईरहनपर्छ । निद्रा लागिरहेको पनि क्रमैसित सचेत भईरहेकै हुनपर्छ ।

निद्रा खोलिएर आँखा खौल्न मनलागे "खोल्न मनलाग्यो," खोल्दा "खोलीरहेछु" उठ्न मन लागे "उठ्न मनलाग्यो" भनी, उठियो भने "उठ्दैछु," कोल्टे परे "कोल्टे पर्दैछु," हातले टेके "टेक्दैछु" आदि सचेतभईरहनपर्छ । खाँदै गर्दा, नुहाईरहँदा, खुम्च्याउँदै गर्दा, पसार्दा पनि " खुम्च्याउँदैछु, पसार्दै (तेर्स्याउँदै) छु, खाँदैछु, चबाउँदैछु, निल्दैछु, समाउँदैछु, छोइरहेछ "आदि अटूट (नबिराईकन) सचेत भईरहनपर्छ ।

सारांश रूपमा, भावना उद्योग र अभ्यास गरीरहने योगी पुद्गलले निदाइरहेको अवस्था (समय) बाहेक अरू बेला

१) साना ठूला जे जति शारीरिक क्रिया-कलाप छन् ती सबैमा सचेत भईरहनपर्छ ।

२) अनुभूतिहरू पनि राम्रा नराम्रा प्रिय अप्रिय जे जति छन् जम्मैमा सचेत भईरहेकै हुनपर्छ ।

३) हरेक पल्ट जब जब कल्पना गरीरहेको हुन्छ, विचार गरीरहेको हुन्छ, चिन्तन मनन गरीरहेको हुन्छ-राम्रा (शुभ) होऊन् वा नराम्रा (अशुभ) होऊन्-तब तब ती सबैमा सचेत भइरहनपर्छ ।

४) चित्तमा प्रकट हुँदै आउने आरम्मण जम्मैमा नै सचेत भइरहनपर्छ ।

माथि उल्लेख गरीसकेका सबै मूल रूपमा सचेत हुने तरिका, सचेत भईरहने विधिहरू हुन् । त्यस प्रकारले सचेत भई रहँदारहँदै क्रमैसित प्रज्ञाज्ञान वृद्धि हुँदै आउने तौर-तरिकालाई बाँकी रहेका दुश्चरित्र काण्डमा मात्र जोड्दै बताउँदै जाऊँला । अब चाहिँ बताईसकेका

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

दुश्चरित्र पाणातिपात विषयको इतिश्री गरिने रूपमा उपदेश स्मरणिका भनौं

पाणातिपात-दुष्परिणाम देखाउने काव्य

दिई पीड़ा लिने प्राण, हिंसक त्यो मरेपछि
अपाय नर्कमा उस्को पतन हुनु निश्चित ।

जन्म मानिसकै पाई, आए पनि यहाँ तर
बन्दछ त्यो सदा रोगी, आयु समेत घट्दछ ।

चार अपाय देखेर, डरलागे यथार्थमा
मार्गादि फलमा पुग्ने, गर उदचोग साधना ।

त्यो मार्ग-फलमा पुग्न, कुन् धर्म गर्नु साधना ?
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना ।

जे जति बुझ्न जानेको, नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको, रूप स्वभाव हो उही ।

नाम र रूपको सारा, उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश-राख्नु नै हो विपश्यना ।

गरेर भाविता मार्ग-फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चित बन्द नै हुने ।

होश राख हइ.........होश राख !

■

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri. Funding

अदिन्नादान दुश्चरित्र

२. पराई सम्पत्ति चोरे-नराम्रो फल पाइन्छ

अदिन्नादानं भिक्खवे आसेवितं भावितं बहुलिकतं निरयसंवत्तनिकं तिरच्छानयोनिसंवत्तनिकं पेत्तिविसयसंवत्तनिकं; यो सब्बलहुको अदिन्नादानस्स विपाको मनुस्सभूतस्स भोगब्यसनसंवत्तनिको होति ।

भिक्खवे = प्रियपुत्र हे भिक्षुहरू ! **आसेवितं** = बारम्बार सेवन गर्नुपर्ने **भावितं** = भावित गर्नुपर्ने; **बहुलिकतं** = घेर घेरै गर्नुपर्ने; **अदिन्नादानं** = सम्पत्तिका मालिकले शरीर र वचनले नदिएको चीज वस्तु चोरी गरेको खोसी लिएको कारण बनेको अकुशल चेतनाले; **निरयसंवत्तनिकं** = सुखरहित नर्कमा उत्पन्न गराई दिंदोरहेछ । **तिरच्छानयोनिसंवत्तनिकं** = छड्के तेर्सिन्दै हिँड्ने (वक्र चालमा चल्ने) तिरश्चीन योनिमा उत्पन्न गराउँदो रहेछ; पेत्तिविसयसंवत्तनिकं = सुखदेखि टाड़िने स्थान प्रेतभूमि असुरभूमिमा उत्पन्न गराउँदो हरेछ । **अदिन्नादानस्स** = अदिन्नादान अकुशल दुश्चरित्रको; **सब्बलहुको** = सबैभन्दा हलुङ्गो स्वल्प मात्रको; **यो विपाको** = जुन विपाक; **वा** = नराम्रो (खराब) फल उत्पन्न गराउने जुन अकुशल चेतना; **अत्थि** = छ; **सो** = हलुङ्गो स्वल्प मात्रको त्यो अकुशल चेतनाले; **मनुस्सभूतस्स** = मानिस जन्म लिईरहेको व्यक्तिलाई; **भोगब्यसनसंवत्तनिको** = भोग-सम्पत्ति विनाश गराउने; **होति**-अवश्य नै हुँदछ । (**वा**) कुशल कर्मले सहारा दिएर मनुष्य जन्म लिए पनि भोग सम्पत्ति हीन भईकन सबै विनाश भएर जाँदोरहेछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय

सम्पत्तिका मालिकले शरीर वा वचनद्वारा जुन धन सम्पत्ति दिएकै छैन त्यो सम्पत्ति चोरेर वा खोसेर लिनलाउने कारण बनेको अकुशल चेतना नै अदिन्नादान अकुशल दुश्चरित्र हो ।

यो दुश्चरित्र कर्मले प्रतिसन्धि फल दिन लाग्यो भने यो दुश्चरित्र वारम्बार उल्लंघन गर्दै व्यसनमा लागेका मूर्खहरू नर्क तिरश्चीन, प्रेत, असुरकाय भनिएका चार अपाय भयबाट उम्केर भाग्न नसक्ने नै हुन्छन् ।

चोरी गर्नाले नर्कमा पतन भएको साधक नमूना कथावस्तु

नेमि जातक अनुसार बोधिसत्त्व नेमिराजले १० राजधर्म अनुरूप देशनिवासी नागरिकहरूमाथि शासन चलाईरहेका थिए । जुन धर्म गर्नाको कारण देवभूमि देवलोक पुगिने हो त्यही धर्म राजाले स्वयं आफूले पनि आचरण गर्थे र जनतालाई पनि आचरणमा लगाउँथे । त्यसैकारण राजाका जनता धेरै मरणपछि देवलोक नै पुग्ने गर्थे ।

एक समय राजा नेमिराज दान र शील दुईमध्ये "दान नै पवित्र हो कि शील पवित्र" भन्ने टुंगो लगाउन असमर्थ भईरहेका थिए ।

शक्र देवेन्द्र त्यो कुरा जान्दथे र उनी आएर "महाराज ! दान र शील दुइमध्ये दानभन्दा शील नै बढ़ी पवित्र हो तर दुवै नै गर्नपर्ने अनि गर्न योग्य धर्म हुन्, दुवै आचरण गर्नुपर्दछ ।" भन्दै कथावस्तु साधक नमूनाद्वारा स्पष्ट बताई प्रेरणा दिनुभयो । उनले स्पष्ट गरी जानुभएकोलाई नेमिराजले स्वीकार गरेपछि शक्र देवेन्द्र देवलोक फर्के ।

देवलोकमा फर्केर आइपुग्दा शक्र देवेन्द्रका वरिपरि अप्सराहरू र देवपुत्रहरू आईकन, "भो देवेन्द्र, अघि तपाईं कहाँ जानुभएथ्यो" भनी

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सोध्न थाले । मनुष्य लोकमा पुगी नेमिराजको संशय समाधान गरीदिनकानिम्ति गएको कारण शक्र देवेन्द्रले दोहोऱ्याई बताए ।

मनुष्य जन्म लिईरहेको बेला ती देवअप्सरा र देवपुत्रहरू नेमिराजकै परिषद्हरू थिए । त्यसैले नेमिराजलाई देवलोकमा आमन्त्रण गरीदिन भनी शक्र देवेन्द्रसित निवेदन गरे । यसो हुँदा शक्र देवेन्द्रले नेमिराजलाई निमन्त्रण सहित लिएर आउनु भनी मातलि देवपुत्रलाई देव-रथ पनि दिईपठाउनुभयो ।

मातलि देवपुत्रले कारणाकारण बताईकन नेमिराजलाई आमन्त्रित गरी ल्याए । तब नेमिराजको इच्छानुसार (नर्कगामी र देवलोकगामी दुई बाटोहरू मध्ये) नर्कगामी मार्गतिर पहिले देवरथ लैजान लगाएका थिए ।

नर्क लोकको एक ठाउँमा पुग्दा के देखियो भने नर्कभोगीहरू भयभीत भएर दौड़ादौड़ी गरिरहेका र नर्कपालहरू चाहिँ हपक्क हपक्क रापको ज्वाला निस्किरहेको भाला, धनुष-वाण लिएर तिनीहरूलाई लखेटीरहेका अनि त्यस्ता भाला र वाणको प्रहारले घाररर धुरूरूर हुँदा (विभत्सता) हेरिनसक्नु भईरहेको थियो । वाण लागेका, भालाले घोचिएका नर्कभोगीहरूका शरीर जम्मै छेँड़िएर जालो जस्तो भएको थियो ।

यस्तो दृश्य देखेर नेमिराजले, "मातलि देवपुत्र ! यी व्यक्तिहरूले कुन कारणले गर्दा यस्ता दुःख भोग्न परिरहेका हुन् नि" भनी सोधे । मातलिले, "महाराज ! यी व्यक्तिहरूले मानिस जन्म लिईरहेको अवस्थामा पराई (परजनका) वस्तु चोरेर-खोसेर आएका हुनाले यिनीहरूले यस्ता दुष्परिणाम भोग्न परेको हो" भनी बताए । त्यसैले यो अदिन्नादान दुश्चरित्रले पनि नर्कमा पतन गराउन सक्तछ भन्ने स्पष्ट हुँदछ ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

गिज्याएर हैरान पारी चोरेर लुकाएर आएको हुँदा नाङ्गो यक्ष हुन परेको कथावस्तु

त्यस्ता अकुशल कर्म थोरै हुनाले अपायमा पतन नभए कुनै कुनै कुशल कर्मको कारण मानिस हुन आउँदा अकुशल कर्म उल्लंघन गरी आउने व्यक्तिकानिम्ति धन सम्पत्ति दुर्लभ हुन सक्तछ । धन सम्पत्ति हिनामिना पनि हुन सक्छ । देवता नै भएपनि परस्पर समान नभएको भईरहन सक्तछ ।

तथागत जीवमान हुनुहुँदा वैशालीमा अम्बसक्कर राजाले राज्य गरीरहेका थिए । यिनी राजा नास्तिक र मिथ्यादृष्टि धारणायुक्त थिए ।

नास्तिक मिथ्यावाद भन्नाले, "कुशल कर्मले गर्दा देवलोक पुगिने होइन, अकुशल कर्म गरी नर्कमा पतन भयो भन्ने पनि होइन । देवलोक छैन, नर्कलोक पनि छैन...............यस्तो धारणा राख्ने सिद्धान्त हो ।

त्यो राजाको पालोमा वैशालीमा एकजना बनियाँ थियो । त्यो बनियाँ सुचरित्र शीलले पूर्ण र बोलिवचन नरम, कोमल स्वभावको थियो । दोष (रीस) पनि उसित कमै थियो । अरूले गरी दिएको उपकार यथार्थ रूपमा उल्लेख गरीकन बताउने बानि पनि उसको थियो । बजारको नजीकै मानिसहरू हिंड़ीरहने बाटोमा जहाँ हिलैहिलोको दलदल थियो त्यस्ता ठाउँमा दुर्गन्ध वास नभएको सुग्घर गाई-गोरूका टाउकाको पूल बनाएर कुशल कर्म गर्दथे ।

एकदिन त्यो बनियाँले घाटमा नुहाईरहेका साथीहरूका लाउने लुगा (वस्त्र) हरू कसैले नदेखिने गरी टिपी लुकाई राखेर तिनीहरूलाई हैरान पारी (दिक्क दिई) पछिमात्र फर्काई दिएका थिए । उसको एकजना भान्जा (भानिज) थियो जो अर्काका सम्पत्ति चोर्ने र लुट्ने दुश्चरित्र कर्म गरी रमाइलो मानीरहने गर्थ्यो ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri. Funding

अँ...........एकदिन भानिज चाहिँले चोरेर ल्याएको सामानहरू उसको पसलमा पक्रियो । राजाको हुकुम अनुसार त्यो बनियाँले आफ्नो गर्दन छिनाउन लाएर मरेर जानपर्‍यो । उसको भानिजलाई चाहिँ शूली चढ़ाई कील ठोकी राखियो । मरण भएर गएको त्यो बनियाँ भूमिज यक्ष भई जन्म लिन गयो ।

मानिस लोकमा हुँदा द्वेषभाव कम भएको हुनाले यक्ष बन्न पुग्दा खूबै राम्रो रूपको भयो । अर्काले गरेको उपकार यथार्थ वर्णन गरी आएको हुँदा उसको मुखबाट अहिले सुगन्ध निस्किरहने भयो । सुग्घर गाई-गोरूका शिरका पूल बनाएर कुशल कर्म गरेकोले सारा जिऊ सेतो भएको मनोजव दिब्य स्वेत-अश्व (सेतो घोड़ा) चढ्न पाउने भयो । तर साथीहरूका वस्त्रादि हैरान पार्ने इच्छाले लुकाउने गरी आएकोले यक्ष हुँदा वस्त्रालंकार विहीन 'नाङ्गो' यक्ष भएर बस्न पर्‍यो ।

त्यसैले अदिन्नादान अकुशल दुश्चरित्रले स्वल्प प्रवृत्ति फलमात्र दियो भने उल्लंघन गर्नेलाई दु:खी दरिद्र गरीब बनाइदिन सक्दोरहेछ । प्रतिसन्धि फल दिन थाले चार अपायमा पुर्‍याइदिन सक्तछ ।

कालसूत्र-नर्क

एउटा दुश्चरित्र र नर्कको एकतह जोड़ा गरी उपदेश गर्ने व्यवस्था गरिए अनुसार अब कालसूत्र-नर्कको पालो हो ।

'कालसुत्त' पालिशब्द हो र यसैबाट 'कालसूत्र' भनी संस्कृतिकरण गरिएको हो । **काल** = कालो; **सुत्त** = डोरी (धागो) । तसर्थ कालसूत्र भन्नाले कालो मोटो धागो भन्ने अभिप्राय युक्त शब्द हो । सिकर्मीहरूले प्रयोग गर्ने कालो-चिन्ह लगाउने डोरीलाई पनि भनिन्छ ।

यो नर्कमा नर्कभोगीहरूलाई नर्कपालहरूले आगोसरि राता राँकिएका अस्त्र-शस्त्रलिई लखेट्दै समातेर ल्याउँछन् । ती नर्कभोगीहरू

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

डरले तर्सन्दै भाग्दा-भाग्दै स्यैं-स्यैं र स्वाँ-स्वाँ भएर मूर्च्छा परीकन उत्तानो चित्तपरी लड्दथे ।

जसरी सिकर्मीहरूले काँचो काठमा कालो धागोले चिनो लगाई आफूलाई चाहिएको अनुसार काटकूट र ताछेर लिंदछ उसरी नै त्यो अवस्थामा नर्कपालहरूले मूर्च्छित भएर लडिरहेका नर्क भोगीहरू कसैलाई उत्तानो राखेर, कसैलाई घोप्टो बस्न लाएर, कसैलाई कोल्टे सुत्न लाएर यस्तै अनेक तरिकाले सुत्न र बस्न लगाई कालो धागोले चिनो लगाई काट्ने र ताछ्ने गर्दछन् । त्यसरी नर्कभोगीहरूलाई कालो दाग लाएर काट्ने, छिनाउने, ताछ्ने नर्क हुनाले यो नर्कलाई कालसूत्र भनिएको हो ।

यस भूमिका नर्कभोगीहरूले पनि अकुशल कर्म शेष होइन्जेल नर्क-दुःख भोगी रहन नै पर्दछन् । यो नर्कको आयु जति छ त्यो पूरै भोग्न पऱ्यो भने त त्यहाँको हिसाबले पूरापूरी एक हजार वर्ष नै हुन्छ । यो नर्कको एक दिन बराबर मानिसको वर्ष दिन तीन कोटी र साठीलाख वर्ष हुन्छ । ....लौ.........अब धार्मिक काव्य भन्ने गरौं-

कालसूत्र नर्क भोग रीति

शस्त्रधारी नर्कपालगणले
नर्क भोगी पक्री लाँदछन्
डरले काँप्दै नर्कभोगीहरू
भाग्दा भाग्दै थाकी लड्दछन् ।
लड़ेका मूर्च्छित नारकीहरू
नर्ककै चुपीले काटिन्छन्
कालो चिन्ह कोरी सिकर्मीले
काठ काटेको नमूना झैं ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri. Funding

कालो दागदिई काट्ने भूमि यो
कालसूत्र नर्क हो भन्दछन् ।
आयु हिसाब गरे यो भूमिको
हजार साल पूरै हुँदछ ॥
भयानक अहो ....भयानक !

यसरी दुश्चरित्रको कारणले तथा दुश्चरित्र उल्लंघन गर्नाले भएको सत्कायदृष्टिको कारणले दीर्घकालसम्म नर्कको दुःख भोग गर्न परिरहेको हो । सत्कायदृष्टिको अभिप्राय अनि देखिने अवस्थामा सत्कायदृष्टिले प्रवेश गर्ने ढंग (उत्पन्न हुने तरिका) पाणातिपात दुश्चरित्र काण्डमा उल्लेख गरी देखाई सकें । यसर्थ अब सुनिने (श्रवण हुने) अवस्थामा सत्कायदृष्टिले प्रवेश गर्ने ढंग जोड्दै बताउँला ।

सुनिनेमा सत्कायदृष्टिको प्रवेश

श्रोत-प्रसादमा शब्द आरम्मण सङ्घटन हुन आएको अवस्थामा सुनिएर जानेको चित्त र सम्प्रयुक्त चैतसिकहरू उत्पन्न (प्रकट) हुँदछन् । यसमा १) शब्द २) श्रोत-प्रसाद र ३) सुनिएर जानेको चित्त र सम्प्रयुक्त चैतसिकहरू भनी यी तीन भएको मध्ये शब्द र स्रोत-प्रसाद रूप धर्म-बुझ्न नजानेको (ज्ञात विनाको) स्वभाव नै हो । सुनिएर जानेको चित्त र सम्प्रयुक्त चैतसिकहरू भने नाम-धर्म हो, बुझ्न जानेको स्वभाव नै हो ।

सुनिँदै गरेको (श्रवण भईरहेको) क्षणमा ती नाम र रूप यथार्थतः प्रकट रूपमा रहेको हुँदछ । यसरी प्रकट रूपमा रहने रूप र नामलाई नै सत्काय भनिन्छ । सत्काय बनिरहेको रूप र नाम प्रति धारणा गलत हुनगए सत्कायदृष्टि हुँदछ ।

यो कसरी भने सुन्नजानेको सुनेर जानेको चित्त हो । 'म' होइन । 'म' भन्ने त वचन-सत्य मात्र हो । वास्तवमा यो साँच्चै छैन । यो बुझिएन

pal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

भने "सुनेको मैले नै हो" भनी धारणा गलत हुनजान्छ । यसरी सुनिएर जानेको चित्तलाई 'म' ठान्नु सत्कायदृष्टि नै हो ।

स्रोत-प्रसाद रूप त सुन्नदिने कारण मात्र हो । (त्यो आफै) सुन्न जान्दैन । त्यसलाई बुझिएन भने "कानले सुनेकै हो" भनी धारणा गलत हुनसक्छ । त्यसरी धारणा गलत हुने श्रोत-प्रसाद रूपलाई 'म' ठान्नु सत्कायदृष्टि हो ।

सुनिंदै गरेको आरम्मण शब्द मात्र हो, ठोस द्रव्य पदार्थ होइन । त्यसलाई ठीक बुझिएन भने "कुकुरको आवाज सुनिंदैं छ, विरालोको आवाज सुनिंदैछ, पुरुष-आवाज (शब्द) सुनिंदैछ, स्त्री-आवाज सुनिंदैछ" आदि भन्दै ठोस द्रव्य पदार्थसम्म चित्त पुगेर यथार्थ स्वभाव शब्द रूप र वचन-सत्य ठोस पदार्थलाई एउटै भैं सम्झेर धारणा गलत हुनसक्तछ । यसरी धारणा गलत हुनु, शब्दरूपलाई ठोस पदार्थ मानिलिनु सत्कायदृष्टि हुनु हो ।

त्यसैले सुनिने क्षणमा विपश्यना भाविता गरिएन भने सत्कायदृष्टिले प्रवेश गर्छ । यस्तो दृष्टि टुक्रिएर गएको छैन भने अपायको भयबाट मुक्तहुन नसकिने हुन्छ । आर्यभावमा पुगुञ्जेल विपश्यना भावना कार्य धर्म उदयोग र अभ्यास बढ़ाउँदै गए स्रोतापन्न हुना साथै एकैचोटि सत्कायदृष्टि छुट्टिएर अपाय भय सदाकोनिम्ति निर्मूल भईकन टाढ़िन्दै जानसकिन्छ ।

चोर्नेकामबाट अपायमा पतन नहोइनेगरी विपश्यनाद्वारा रक्षा

नाङ्गो यक्ष र भानिज चाहिंको कथावस्तु

अदिन्नादान अकुशल दुश्चरित्र उल्लंघन गरी आए पनि भावना धर्मको उदयोग र अभ्यासद्वारा आर्य हुन पुगेमा अपाय भयबाट मुक्त

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

हुनसकिने स्मरण गरीराख्नलाई पहिलो भागमा जुन नाङ्गो भूमिज यक्षको विषयमा बताएको थिएँ त्यही विषय अब फेरि थप जोडिदै जाऔं ।

त्यो यक्ष मनुष्य लोकमा नरजन्ममा हुँदा उसको एकजना भानिजलाई चोरी गरे बापत शूलीमा चढ़ाईराखेको थियो। त्यो यक्ष त्यही भानिज चोरकहाँ आधारातको बेला आएर, "बाबु ! तिमी दीर्घायु भएर बस । तिम्रो निम्ति यसरी बाँचीरहनु, मरेर जानुभन्दा श्रेष्ठ छ" भन्ने गर्थ्यो। किन यसो भनेको हो त भने त्यो अदिन्नादान दुश्चरित्र कर्म गर्ने व्यक्ति मरेपछि नर्कमा पतन हुन्छ नै भन्ने जानेकोले हो ।

उता अम्वसक्कर लिच्छवी राजाले लोग्ने भएकै एउटी स्त्रीप्रति आकर्षित भई लोभ लागेर लोग्ने चाहिँलाई मार्न अनेक जाल रचेका थिए। त्यस स्त्रीको लोग्नेलाई शहरदेखि तीन योजन जति टाढ़ोमा स्थित राक्षसहरूले वासबसी रक्षा गरीराखेको पोखरीबाट मलिलो माटो (अरूण-मृत्तिक) दिनभरि नै ओसार्न लाएका थिए। घाम डुब्न अघि नै फर्की आएन भने मृत्यु दण्ड दिइने छ भन्ने हुकुम पनि गरेका थिए ।

त्यो मानिसले कर्मानुसार घाम डुब्न अघि नै राजाले लिन पठाएको कमलफूल अरूण मृत्तिका शहरमा ल्याई पुऱ्याई सकेको थियो । तर अघिबाटै राजाले हुकुम दिईराखेको हुकुम अनुसार द्वारपालले मूल-ढोका नै बन्द गरीराखेको हुनाले त्यो मानिस शहर भित्र आईपुग्न सकेन ।

त्यसो हुँदा त्यो मानिस शहरको बाहिर शूलीमा चढ़ाईराखेको त्यो चोरकहाँ गयो र उसको कामको पक्षमा उसलाई साक्षी भईदिने माँग गऱ्यो। त्यो चोरले भने आफू मर्न नै आँटेको हुनाले साक्षी बसेर केही विशेष हुन सक्ने छैन भनी बुझ्यो। उसले त्यो मानिसलाई "साक्षी राख्न नै चाहन्छौ भने सँधै राती मेरोमा आउने भूमिज यक्षलाई राखे हुन सक्छ" भनी भन्यो। यसो हुँदा संक्षिप्तमा बताउँदा यही कार्यको कारणले गर्दा अम्बसक्कर राजा र नाङ्गो यक्षको आपस्तमा भेटघाट हुनगएको थियो ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

in Public Domain. Digitization by eGangotri.Funding

त्यसपछि मिथ्यावादमा परेका नास्तिक राजालाई त्यो नाङ्गो यक्षले कर्म र कर्मफल छ भन्ने सम्बन्धमा बताउँदै अदिन्नादान कर्मले गर्दा आफू नाङ्गेभूतङ्गे यक्ष हुनपरेको विषयलाई नमूनाद्वारा स्पष्ट गरी दियो । यसका साथसाथै यक्षले उसलाई उद्देश्य गरी, 'कप्पितक स्थविरलाई चीवरवस्त्र दान गरीकन पुण्य प्रदान गर्नु पऱ्यो र कर्म र कर्मफल छ भन्ने प्रत्यक्ष देख्न पाइने छ' भनी बुझाईदियो ।

यक्षले भने अनुसार अम्बसक्कर राजाले कप्पितक स्थविरलाई चीवरवस्त्र दान गरीसकेपछि यक्षलाई पुण्य प्रदान गरीदिए र यसो गरिदिना साथै त्यो यक्ष नाङ्गो स्थितिबाट मुक्त भईकन दिव्य वस्त्रालंकारले परिपूर्ण भयो । त्यो सबै स्पष्ट देख्न पाएका मिथ्यावादी राजा पनि बुद्ध शासनिक अनुयायी बने ।

राजाले यक्षका भानिज चोरलाई पनि शूलीबाट उतारी प्राण भयबाट मुक्त गरीदिए । त्यो चोर पनि शूलीमा टाँगिन्दा भएको घाउ र चोटहरू जाती भएपछि भिक्षु हुनगयो । भिक्षु भईकन विपश्यना भावना कार्य उदयोग र अभ्यासमा लागेर अरहन्त नै भयो ।

त्यो यक्षको भानिजले यदि भावना उदयोग र अभ्यास नगरेको भए उ अपाय नर्कमा अवश्यम्भावी पतन हुने थियो । तर भिक्षु बनेर भावना धर्म उदयोग र अभ्यासद्वारा स्रोतापन्न हुने बितिक्कै तुरन्तै अपाय भयबाट पूर्ण रूपले अलग्ग र मुक्त भएको थियो । त्यसपछि अरहन्त नै भयो भन्दा अपाय भय मात्र होइन, संसार दुःख भय जे जति छन् सबैबाट समेत सदाका निम्ति अलग्ग र मुक्त भईसकेको भयो ।

तसर्थ उल्लंघन नगरिएका अदिन्नादान जस्ता दुश्चरित्र जति छन् ती उल्लंघन नै नहुने गरी शीललाई सुरक्षित रहने गरी रक्षा र पालन गर्दै लैजान पर्छ । उल्लंघन गरीसकेका अदिन्नादान दुश्चरित्रको कारणले अपायमा पतन नहोइने गरी आर्य (पद) प्राप्ति होइने सम्म विपश्यना

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

भावना कार्य प्रयत्न पूर्वक उदचोग र अभ्यास गर्नपर्छ भनेर प्रेरणा दिन चाहन्छु ।

रूप र नाम थाह होइने ढंग

विपश्यना अभिप्राय, विपश्यना भाविता र अभ्यास गर्दा प्रारम्भिक रूपमा कसरी सचेत रहनुपर्छ भन्ने विधिहरू पाणातिपात दुश्चरित्र काण्डमा उल्लेख गरीसकेको छु । अब यहाँ प्रज्ञाज्ञान एक तह वृद्धि हुँदै आउने मात्र बताऊँला ।

माथि बताईसकेका भाविता पद्धति अनुसार भाविता गर्दै सचेत हुँदैगए पहिले पहिले सचेत रहँदा होश राख्नु पर्ने आरम्मण र सचेत हुने चित्त नमिलिरहेको हुन सक्तछ । फुलिँदै आइरहेको अवस्थामा "फुलिँदैछ" भनी सचेत हुँदै गए (थाह गर्दै गए) पनि सचेत हुने चित्त फुलिने आरम्मणमा नपर्न (केन्द्रित नहुन) सक्तछ । त्यसरी नै "दबिएर जाँदैछ" भनी सचेत भईरहँदा पनि आरम्मण र सचेत हुने चित्त ठीक्क नमिलिरहेको हुनसक्तछ ।

त्यसो भए पनि सुदृढ़ जोश राखी खूबै गहिराईसम्म प्रष्ट छुट्टिने गरी सचेत भई रहन नै सके धेर समय नबित्दै आरम्मण र सचेत हुने चित्त ठीक मिल्ने हुन आउँछ । "फुलिँदैछ" भनी सचेत रहँदा सचेत हुने चित्त फुलिने आरम्मणमा ठीक्क मिल्न पुगेको हुन्छ । त्यस्तै "दबिएर जाँदैछ" भनी सचेत रहँदा पनि सचेत हुने चित्त दबिने आरम्मणमा ठिक्क मिल्न पुग्दछ । अन्यान्य सचेत हुन पर्नेमा पनि यसो नै हुने गर्दछ ।

यस प्रकारले जब जब सचेत रहँदछ सचेत हुने चित्त आरम्मणमा ठीक ठीक पर्न गईरहेको "क्षणिक चित्त स्थिर हुने" भएको हो । यसरी क्षणिक तौरमा चित्त स्थिर हुन थाल्यो भने सचेत हुने चित्त परिशुद्ध हुँदै आउँदछ । एकदेखि अर्को माझ (अर्थात् चित्त-प्रवाह क्रमको बीचबीचमा)

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

अर्को चित्तले प्रवेश नगरी अघिल्लो चित्त पनि सचेतरहेको चित्त लगत्तै पछिल्लो चित्त पनि सचेतरहेको चित्त, त्यसरी सचेत रहेकै मात्र चित्त, कम्ती पनि १० मिनट १५ मिनट जति क्रमिक अटूट अखण्ड रूपले उदय हुने (प्रवाहित हुने) गर्दो रहेछ। यो "चित्तविशुद्धि" हुँदै आएको हो।

यसरी चित्त-विशुद्धि हुन थाल्दा सचेत राख्न पर्ने आरम्मण र सचेत हुने चित्तलाई छुटयाउँदै बुझ्न थाल्नु (बोध हुँदै आउनु) प्रज्ञा ज्ञान उदय हुनु हो। "फुलिदैछ" भनी सचेत रहँदा "फुलिने अर्कै, सचेत हुने चित्त अर्कै" भनी त्यसरी एक-एक छुटिने गरी बुझ्दै आउने गर्दछ। दबिएर जाँदैछ भनी सचेत रहँदा पनि "दबिएर जाने अर्कै, सचेत हुने चित्त अर्कै" यसरी छुट्टिने गरी बुझ्दै आउँदछ। त्यतिमात्र होइन "फुलिने अर्कै, दबिएर जाने अर्कै; फुलिएकोलाई बुझेको (जानेको) चित्त अर्कै हो, दबिएर गएकोलाई बुझेको चित्त अर्कै हो" भनीकन यस प्रकारले छुटयाई - छुटयाई बुझ्न-जान्न सकिँदो रहेछ। अन्यान्य खुम्च्याउने, तेर्स्याउने (पसार्ने) आदि सबै सचेत भईरहँदा पनि यसरी नै हुने गर्दछ।

जबजब सचेत भईरहने गर्छ तवतव (हरेक क्षण) सचेत राख्न पर्ने आरम्मण र सचेत हुने चित्तलाई छुट्याउँदै जान्न थाल्दा सचेत रहने क्षणमा "सचेत राख्न पर्ने आरम्मण र सचेत हुने चित्त मात्र नै वास्तवमा हुँदछ। म, उ, पुरुष, स्त्री छैन" भन्ने भाविता गर्दै सचेत रहँदै जाँदा प्रत्यक्ष जानिन्दै (वोध हुँदै) आउने गर्दछ। सचेत राख्न पर्ने आरम्मण र सचेत हुने चित्तलाई छुटयाउँदै जान्नु "रूप र नामलाई छुटयाएर जानेको प्रज्ञा ज्ञानले नै हो। सचेत राख्न पर्ने (होशमा ल्याईराख्नपर्ने) आरम्मण र सचेत हुने चित्त भनिने रूप र नाम मात्र हुँदछ। म, उ, पुरुष, स्त्री, आदि छैन भनी जानेको "जानिनु देखिनु शुद्ध हुनु-दृष्टिविशुद्धि" हो।

यही तरिकाले लगालग (अटूट रूपले) सचेत रहँदै गएर मार्गज्ञान, फलज्ञानले निर्वाणलाई जानी-बुझी साक्षात्कार गर्ने भयो भने त त्यो

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

व्यक्तिले उल्लंघन नगरेका जति पनि दुश्चरित्र छन् त्यस्ता अदिन्नादान जस्ता दुश्चरित्रलाई पनि कहिल्यै उल्लंघन नगर्ने हुन्छ। उल्लंघन गरी आएका दुश्चरित्रको कारणले अपायमा पतन हुन जान पनि बिल्कुलै नपर्ने भइसकेको हुन्छ।

लौ........अब.........बताईसकेका अदिन्नादान दुश्चरित्र विषयको इतिश्री गर्दै धर्म-स्मरणिका भन्ने गरौं

अदिन्नादान परिणाम देखाउने काव्य

चोर डाकाहरू सारा, मरेपछि अवश्य नै
हुन्छन् पतन सोझै नै अपाय नर्कमा कठै !

जन्मे पनि भई मान्छे जस्तै श्रम गरे पनि
हुन्छ गरीब माँग्ने नै, भई विनाश सम्पत्ति ।

चार अपाय देखेर डरलागे यथार्थमा
मार्गादिफलमा पुग्ने, गर उदयोग साधना ।

त्यो मार्ग-फलमा पुग्न, कुन् धर्म गर्नु साधना ?
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना ।

जे जति बुझ्न जानेको नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको रूप स्वभाव हो उही ।

नाम र रूपको सारा उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश-राख्नु नै हो विपश्यना ।

गरेर भाविता मार्ग-फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चित बन्द नै हुने ॥

सचेत होऊ हइ ... ... सचेत होऊ !

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

कामेषु मिथ्याचार दुश्चरित्र

३. परजनका परिवारलाई उल्लंघन गर्दा पाइने दुष्परिणाम

लौ.....कामेषु मिथ्याचार विषय जोड्दै जाऔं । राम्रोसित सुन्ने गर्नुपऱ्यो ।

कामेसु मिच्छाचारो भिक्खवे आसेवितो भावितो बहुलिकतो निरयसंवत्तनिको तिरच्छानयोनिसंवत्तनिको पेत्तिविसयसंवत्तनिको यो सब्बलहुको कामेसु मिच्छाचारस्स विपाको मनुस्सभूतस्स सपत्तवेरसंवत्तनिको होति ।

भिक्खवे = हे प्रियपुत्र भिक्षुहरू हो; **आसेवितो**= बारम्बार सेवन गर्न पर्ने; **भावितो** = वृद्धि गर्न पर्ने; **बहुलिकतो** = धेरै पल्ट गर्नुपर्ने; **कामेसु मिच्छाचारो** = पराई स्वास्नी, छोरा, छोरी परिवारमाथि अपराध गराई उल्लंघन गराउने कारण बनेको अकुशल चेतनाले; **निरयसंवत्तनिको** = सुख रहित नर्कमा उत्पन्न गराउँदो रहेछ । **तिरच्छानयोनिसंवत्तनिको** = छड्के तेर्सिन्दै हिँड्ने (वक्रचालमा चल्ने) तिरश्चीन योनिमा उत्पन्न गराउँदो रहेछ; **पेत्तिविसयसंवत्तनिको** = सुख देखि टाढ़ो प्रेतभूमि असुरकायभूमिमा पनि उत्पन्न गराउँदो रहेछ; **कामेसु मिच्छाचारस्स** = कामेषु मिथ्याचार अकुशल दुश्चरित्रको; **सब्बलहुको** = सबैभन्दा हलुङ्गो (हल्का) स्वल्प मात्रको; **यो विपाको** = जुन विपाक; **वा** = दुष्परिणाम उत्पन्न गराउने खाल्का अकुशल चेतना; **अत्थि** = छ; **सो** = सबैभन्दा हल्का त्यो अकुशल चेतनाले; **मनुस्सभूतस्स** = मानिस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

जन्म लिईरहेको व्यक्तिलाई; **सपत्तवेरसंवत्तनिको** = शत्रुको वृद्धि गराउने; **होति** = अवश्यमेव हो । **वा** - कुशल कर्मको अढेस (आधार) पाईकन मनुष्य जन्ममा आए पनि, जहाँ जहाँ पुग्यो उहीं शत्रुको वृद्धि हुँदछ र नपुंसक पनि हुन सक्तछ ।

भावार्थ अभिप्राय

अरूका स्वास्नी, छोरा, छोरी परिवार प्रति अपराध गरी उल्लंघन गरिने कारण भईरहेको अकुशल चेतना कामेषु मिथ्याचार हो । यो दुश्चरित्र उल्लंघन गर्दै व्यसनमा लाग्ने बाल मूर्खहरू चार अपायमा पतन हुन जान पर्ने हुन्छन् । मानिस नै हुन आएको अवस्थामा पनि जहाँ जहाँ पुग्यो, गयो त्यहीं त्यहीं शत्रुहरू बढ्दै आउने हुँदछ । न त पुरुष कहलाइने न त स्त्री नै कहलाइने नपुंसक पण्डुक पनि हुनुपर्ने हुँदछ ।

पराई स्वास्नी, छोरा, छोरीको उल्लंघनले नर्कमा पतन भावी आयुष्मान आनन्दको कथावस्तु

यो अकुशल दुश्चरित्रसित सम्बन्धित सबैभन्दा धेरै प्रख्यात वस्तु साधक नमूना हो आयुष्मान आनन्द स्थविरको अतीत कथा ।

आयुष्मान आनन्द भन्नासाथै प्रत्येक बुद्ध-धर्मीहरूले प्राय: जसो सुनीराखेका हुन्छन् । पद्मोत्तर तथागतको समयदेखि एकलाख कल्पपर्यन्त पारमी पूर्ण गर्नु भएका; अस्सी जना महाश्रावकहरूमा पनि सम्मिलित गराईएका; तथागत (जन्म) प्रादुर्भाव हुनुभएको दिनमा जन्मिनु भएका; तथागतका स्थायी उपस्थापक पनि हुनु भईकन पछि भिक्षु समूहमाझ बहुश्रुतको क्षेत्रमा सर्वश्रेष्ठ एतदग्ग समेत प्राप्त गर्नु भएका स्थविर हुनुहुन्थ्यो उनी । यस्ता एतदग्ग पाँच पाँचवटासम्म उनले उपलब्ध गर्नु भएको थियो ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

यिनै भावी स्थविर आफ्नो एउटा अघिल्लो जन्ममा मगध राष्ट्रको राजगृह शहरमा एकजना सुनारको छोरो हुनु भएथ्यो। उनले जाति वंश र धन-सम्पत्तिको प्रभावको बलमा जीवन पर्यन्त हुनसम्मको बदमासी गरी अरूका स्वास्नी, छोरा, छोरी परिवारहरूलाई अपराध गर्दै उल्लंघन गरीहिँड्ने दुश्चारित्रिक व्यक्ति भईआएका थिए।

सात जवनद्वारा प्रतिफल दिने ढंग

तर उनी त्यो जन्मबाट परलोक भई कौशाम्बीका साहुका छोराका रूपमा जन्म हुन पुगे। यसरी कुन स्वभावले हो त भने कर्मको प्रतिफल दिइने प्रकृति स्वभावले नै हो। कुशल कर्म अथवा अकुशल कर्म कुनै पनि गर्दा सम्बन्धित चित्त-क्रम उत्पन्न हुँदै जान्छ। त्यो चित्त-क्रममा चित्त एउटैमा ७-पल्टसम्म उत्पन्न हुने चित्त-क्रम पनि सम्मिलित भईरहेको छ। त्यस्ता चित्तलाई जवन चित्त भनिन्छ। जवन सातपल्ट कुद्ने (दौड्ने) पनि भन्ने चलन छ।

यसो हुंदा जवनका सातपल्टमा प्रथम जवनले प्रतिफल दियो भने यसै जन्ममा नै दिंदछ। यस जन्ममा प्रतिफल दिने अवसर नहुँदा अहोसि कर्म हुनजान्छ। अर्थात् यसको मतलब त्यो व्यर्थको भएर जाने हो।

(सातौं) सप्तम जवनले प्रतिफल दिने भयो भने दोस्रो जन्ममा दिने गर्दछ। दोस्रो जन्ममा प्रतिफल दिने अवसर नहुँदा त्यो जवन पनि अहोसि कर्म नै हुन जान्छ।

बीचका पाँच जवनले त तेस्रो जन्मदेखि निर्वाण प्राप्त नहोइञ्जेलसम्मका अवधि माझ कुनै पनि बेला (समयमा) प्रतिफल दिने नै गर्छ। निर्वाण प्राप्त भएपछि मात्र ती जवनहरू अहोसि कर्म होइन्छ।

भावी आयुष्मान आनन्द दुराचारी पनि दोस्रो जन्ममा नर्कमा पतन नभईकन श्रेष्ठिपुत्र हुनगएको (कारण) चाहिँ उनको दुश्चरित्र कर्मले त्यो दोस्रो जन्ममा प्रतिफल दिने अवसर नपाएको हो।

nal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

अँ......श्रेष्ठिपुत्रको जीवन कालमा दुश्चरित्रबाट विरत भई उनले खूबै जोड़तोड़ले कुशल कर्म गरेका थिए। तर त्यो सत्पुरुष श्रेष्ठिपुत्रको जन्म अन्त भएर परलोक हुँदा उनले गरीराखेका कुशल कर्मले प्रतिफल दिने अवसर नभएकोले सुनारको छोरा बनेको जीवनमा उल्लंघन गरीआएको कामेषु मिथ्याचार अकुशल कर्मले प्रवेश गरी फल दियो र रोरूव नर्कमा पतन हुन पऱ्यो।

यहाँनिर रोरूव नर्कको विषयमा बताउनु पर्ने हो। तैपनि एउटा दुश्चरित्र, एक-एक तह नर्कको सम्बन्ध जोड्दै बताउँदै आइरहेको हुनाले क्रमिक रूपले पालो गर्दै आएको सङ्घात नर्क विषयमा नै बताउँला।

सङ्घात नर्क

फलामको पर्वतले पिस्दै-मिच्दै लाने नर्क हो सङ्घात नर्क। नौ-योजनसम्म नर्कको अग्नि-ज्वाला दन्किरहेको फलामकै भूमिमा कम्मरसम्म पुग्ने खाड़लमा नर्क भोगीहरूलाई चलमलाउन नै नसकिने गरी नर्कपालहरूले गाड़ेर राख्ने गर्छन्। त्यसपछि हपक्क हपक्क आगोको ज्वाला निस्किरहेको फलामको पर्वत झ्याङ झ्याङ भिङ् भिङ् भीषण आवाज निकाल्दैं जसरी हिजआजको सड़क पेल्ने मिशिन चल्दछ त्यसरी नै गुड़गुड़ाउँदै गुडिन्दै आएर ती खाड़लमा चल्मलाउनै नसकिने गरी गाड़िएका नर्कभोगीहरूलाई टुक्रा टुक्रा पार्दै दायाँ-बायाँ दुवैतिर पेल्ने गर्दछ।

यस भूमिका नर्कभोगीहरूले पनि अकुशल कर्म शेष होइन्जेल यसरी नै पेल्न लाएर बस्न पर्ने हुँदछ। नर्कको आयु पूरै भोग्न परेको खण्डमा नर्ककैको वर्षमानमा दुई हजार सालसम्म भोग्न पर्दछ।

यो नर्कको एकसय वर्षको आयु मानिसहरूको लेखा जोखा अनुसार भन्नु हो भने १४ कोटि र ४० लाख वर्ष पुग्दछ। लौ.........भनौं-

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

सङ्घात नर्क भोग रीति

भत्भत् पोल्ने दन्किरहेको, तातो फलामे भूमिमा
गाड़िनु परेर कम्मरसम्म चल्नै नसक्ने भईरहँदा ।

हप्हप् अग्नि-ज्वाला निकाल्दै जल्दो फलामकै पर्वतले
भीषण कर्कश शब्द निकाल्दै गर्दछ थिचिमिचि पेल्ने ।

फलामे पर्वतले पेल्दै मार्ने सङघात नर्क कहलाइन्छ
यो भूमिको आयु हिसावमा दुई हजार साल नै हुँदछ ।

भयानक अहो......................कति भयानक !

अरूका स्वास्नी, छोरा, छोरी उल्लंघन गर्नाले अपायमा पतन

भावी आयुष्मान आनन्दको कथावस्तुको क्रम

भावी आयुष्मान आनन्द त्यसरी भयानक नर्क-दु:खवाट मुक्त भएर पनि फेरि बोको हुनजाँदा आफ्नो अण्डकोष फुटाउन लाउने हुनपऱ्यो । बोकाको जन्मबाट मुक्त भईसकेर फेरि बाँदर भयो र अण्डकोष टोकी दिनाले फुटेर मर्न पऱ्यो। त्यसपछि पनि गोरू भएर अण्डकोष नै फुटाउन लाएर गाड़ाको भार बोकी बोकी हिँड्न पऱ्यो । गोरूको जन्मवाट मृत्यु भईकन अझपनि कामेषु मिथ्याचार कर्मले गर्दा न त पुरुष न त स्त्री कहलाइने नपुंसक पण्डुक भएर जन्म लिन परेको थियो ।

तत्पश्चात् पाँच पल्ट देवरानीका रूपमा अनि एकपल्ट राजकुमारीको रूपमा जन्म लिईसकेपछि मात्र भावी आयुष्मान आनन्द पुन: पुरुष भई जन्म हुनआएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

त्यसरी भावी आयुष्मान आनन्दले अपाय नर्कका दु:ख भोग गर्न परेको कारण उनले गरी आएका कामेषु मिथ्याचार दुश्चरित्र कर्मले गर्दा नै हो। ती दुश्चरित्रलाई किनचाहिँ उल्लंघन गरेर व्यसनमा लागेका थिए त भने सत्कायदृष्टिबाट मुक्त हुन नसकिइरहेको हुनाले हो।

सत्कायदृष्टिको अभिप्राय र त्यसका साथै देख्दा वा देखिंदा सुन्दा वा सुनिन्दा सत्कायदृष्टिले कसरी प्रवेश गर्दछ भन्ने कुरो अघिल्लो काण्डमा बताइसकेको छु। अब सुँघ्दा (नाकले गन्ध लिंदा) सत्कायदृष्टि कसरी प्रवेश गर्दछ बताउँला।

सुँघ्दा सत्कायदृष्टि प्रवेश हुने

गन्धारम्मणले घ्राणप्रसाद रूपसित घर्षण हुन आउने अवस्थामा सुँघेर जानेको चित्त उदय हुने गर्दछ। त्यसमा १) गन्ध (बास), २) घ्राण-प्रसाद र ३) सुँघेर जानेको चित्त अनि सम्प्रयुक्त चैतसिकहरू, यी तीन भईरहेको मध्ये गन्ध र घ्राण-प्रसाद रूपधर्म ज्ञात गर्न नजानेको स्वभाव हो। सुँघेर जानेको चित्त र सम्प्रयुक्त चैतसिकहरू चाहिँ नामधर्म ज्ञात गर्न जानेको स्वभाव हो।

तसर्थ सुँघिरहने क्षणमा रूप र नाम यथार्थत: प्रकट रूपमा रहँदछ। त्यसरी प्रकट रूपमा (भई) रहेको रूप र नामलाई नै सत्काय भन्ने गरिन्छ। सत्काय रूप र नाम प्रति धारणा गलत लिईरहनु पनि सत्कायदृष्टि नै हो।

त्यो कसरी हो भने गन्धलाई थाह पाउन जानेको सुँघेर जानेको चित्त हो, 'म' होइन। यसलाई बुझिएन भने "गन्धलाई थाह पाएको मैंले नै हो" भन्ने गलत धारणाले प्रवेश गर्ने हुंदछ। त्यो सुँघेर जानेको चित्तलाई 'म' ठान्नु सत्कायदृष्टि नै हो।

घ्राण-प्रसाद त रूप गन्धलाई बन्नदिन र सुँघ्नलाउन जानेको कारण मात्र हो। त्यसैले पनि गन्धलाई सुँघ्न जान्दैन, थाहपाउन

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

जान्दैन। यसलाई बुझिएन भने "नाकले सुँघेको हो" भनीकन घ्राण-प्रसाद रूपलाई स्थिररहने आत्म मानिलिनु सत्कायदृष्टिले प्रवेश गरेको हो।

घ्राण-प्रसाद रूपसित घर्षण हुन आउने गन्ध मात्र नै हुँदछ, कुनै ठोस द्रव्य आत्म होइन। यसलाई बुझिएन भने ठोस द्रव्य आत्मसम्म चित्त पुगिरहने हुँदछ। त्यसो हुँदा "कुकुर गन्ध (बास) आउँदैछ, मानिसको गन्ध आउँदैछ, गोरूको मासु गन्ध आउँदैछ" आदि भन्दै गन्धलाई ठोस द्रव्य आत्म मानिलिनु सत्कायदृष्टि प्रवेश हुनु हो।

त्यही सत्कायदृष्टिबाट अलग्ग हुननसकिञ्जेल अपाय भयबाट कदाचित् फुत्किन सकिन्दैन। तैपनि सत्कायदृष्टि छिनिने (काटिने) होइञ्जेलसम्म विपश्यना भावना कार्य प्रयत्न पूर्वक उदचोग र अभ्यास गर्दै लगिए कामेषु मिथ्याचार दुश्चरित्रलाई उल्लंघन गर्दै व्यसनमा लागेर गलत बाटोमा हिंड़ीसकेकै भए पनि अपाय भयबाट अलग्गिएर टाढ़ै बस्न सकिने उदाहरण चाहिँ पाइन्छ।

कामेषु मिथ्याचार कर्मद्वारा अपायमा पतन नहुनेगरी विपश्यनाले रोकी दिएको नमूना खेमक कथावस्तु

तथागतको पालोमा श्रावस्ती जेतवन विहारका दाता थिए अनाथपिण्डिक महाजन। उनैकी बहिनीको छोरा खेमक नाउँको एकजना भानिज थियो। खेमक खूबै सम्पत्तिवान र सुन्दर रूप भएको मात्र होइन तर साथै अघि अघिको प्रार्थनाले गर्दा आफ्नो साइनो केही नपर्ने जति पनि तन्नेरी पनि बुढ़ीहरू पनि सबै नै उसलाई देख्ने बितिक्कै बसिनसक्ने गरी उ प्रति आशक्त हुने र इन्द्रिय संयम गर्न नसक्ने हुने गर्थे।

यही भावी खेमक, काश्यप तथागतको समयमा एकजना सर्वश्रेष्ठ मुक्केबाज (बक्सर) भएर आएको थियो। त्यसबेला उसले तथागतको

al Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

सुवर्ण चैत्यमा सुवर्ण ध्वजा दुईवटा दान गरीकन गलत प्रार्थना गरी आएको थियो । त्यो कसो हो भने, "यो कुशल पुण्यले म जहाँ जहाँ जन्म हुँला त्यहाँ सबै ठाउँ आफ्नो साइनो नपर्ने जम्मै स्त्रीहरू मलाई देख्ने बितिक्कै थाम्नै नसक्ने गरी आशक्त हुने बनूँ" भनी प्रार्थना गलत ढंगले गरी आएको थियो ।

त्यसैकारण यो जन्ममा कुल, जाति, सम्पत्तिको प्रभावले र यो बाहेक त्यो अघिको प्रार्थनाको आधार लिएर खेमक हुनसम्मको बदमाश भएको, व्यसनमा लाग्नसम्म लागीरहेको थियो । कुरा मिलाई राखिएका महिलाहरूका घरघर गएर रातभरि सँधै "झूल (लाम्खुट्टेबाट जोगिने सुत्ने ठाउँमा लगाउने जालीपर्दा) उघार्दै हिँड्ने कैप्टेन" बनिएर आएको थियो ।

उ सित सम्पर्क राख्ने स्त्रीजनका आमा, बाबु, दाज्यू-भाइ साथीसंङ्गीहरू सबैलाई सार्है मन अशान्ति भईरहेको थियो । यसप्रकारले अतिक्रमण भइरहेको हुँदा एक रात खेमकलाई समातेर राजाकहाँ दाखिल गर्न पुऱ्याइयो । तरैं पनि आफ्नो महाजन लज्जित हुनपर्ला भनी राजाले महाजनको भानिज त्यो खेमकलाई छोड़ी दिए ।

त्यसपछि खेमकले झन्बड़ी सुरिदै अघि झैं अतिक्रमण गरीहिँड्दै गर्नसम्म गऱ्यो । त्यसैले राजकर्मीहरूले फेरि दोस्रो पल्ट पक्रेर राजाकहाँ पुऱ्याए । दोस्रो पल्ट पनि राजाले आफ्नो अनाथपिण्डिक महाजनको अनुहार हेरी केही नगरी खेमकलाई छोड़ीदिए ।

अन्तमा अनाथपिण्डिक महाजन आफैले त्यो समाचार सुने । तब उनले खेमकलाई तथागत कहाँ लिएर गए । आफ्नो भानिज खेमकलाई उपदेश दिईकन अनुशासित गरीदिन भनी उनले तथागतलाई निवेदन गरे ।

तसर्थ"अर्काका स्वास्नी, छोरा, छोरी परिवार माथि अपराध गर्दै उल्लंघन गरी हिँड्ने १) अकुशल होइन्छ, २) राज अपराध राज-दण्ड

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

आईपर्छ, ३) निदाउन नपाइने (सुत्न नसकिने) मात्र होइन कामगुणको सेवन पनि डराउँदै, काम्दै सेवन गर्नुपर्ने हुँदछ, ४) मरण भएर पनि अपायमा पतन हुने गर्दछ।" आदि भन्नुभई तथागतले खेमकलाई उपदेश गर्नुभयो। खेमक पनि उपदेश सुन्दै त्यसको उत्पत्ति क्षणको रूप र नाम क्रमलाई मनन गर्दै भाविताद्वारा सचेत हुन थालेर श्रोतापन्न हुनपुग्यो।

कामेषु मिथ्याचार अकुशल दुश्चरित्रलाई मस्तकसम्म नै उल्लंघन गर्दै व्यसनमा लागेर गलतकार्य गरेर आउने खेमक दुराचारी नै हो। पृथग्जनको रूपमा उसको मृत्यु भयो भने नर्कको खासी (ताँवा-पीतलको एकदमै ठूलो भाँड़ा) डढ़ेको भात भाँड़ामा टालिए झैं टालिएर बस्ने हुन पर्ने थियो। तर स्रोतापत्ति मार्ग लाभ गरी लिना साथै सत्कायदृष्टि र विचिकित्सा निर्मूल हुने गरी छिनिएर (चुँढ़िएर) अपायको भयवाट विल्कुलै अलग्गिएर टाढ़िन गयो। त्यतिञ्जेलसम्म उल्लंघन कहिले नगरिएका अकुशल दुश्चरित्रलाई पनि कहिल्यै उल्लंघन नगर्ने वन्न पुग्यो।

यसैकारण उल्लंघन नभएका (यतिञ्जेलसम्म नगरिएका) कामेषु मिथ्याचार अकुशल दुश्चरित्रहरू उल्लंघन नहोइने गरी व्यसनमा नलाग्ने हुनेगरी शील संरक्षण र आरक्षा गर्नुपर्छ। अज्ञानतावश यस्ता दुश्चरित्रहरू प्रमादमा परेर उल्लंघन गरी हालेको खण्डमा अपायमा पतन नहोइने गरी आर्यको स्थिति पुगिञ्जेलसम्म विपश्यना भावना कार्यलाई प्रयत्न पूर्वक उदयोग एवं अभ्यास गर्नु पर्छ भन्दै यहाँनिर सचेत गराउँदै प्रेरणा दिन चाहन्छु।

कारण कार्य थाह पाउने र देख्ने ढंग

विपश्यना भावना कार्य उदयोग र अभ्यास गर्दाहुँदी रूप र नामलाई विभाजन गरीकन जहाँसम्म जानिन्छ र बुझिन्छ प्रज्ञाज्ञान वृद्धि हुँदै गर्ने ढाँचालाई बताएर आइसकें। अब अझ प्रज्ञाज्ञान एक खुड़किला माथि चढ्ने ढंगलाई केही जोड़दै बताउँला।

Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

"फुलिँदैछ, दबिएर जाँदैछ, बसीरहेको छु, छोइरहेछ" आदि भनी पहिले सचेत भए अनुसार अटूट (नबिराई) सचेत हुँदै गए कारण कार्यलाई विभाजन गरी जानेको प्रज्ञाज्ञान उत्पन्न हुँदछ । फुलिरहेछ भनी सचेत हुनासाथै फुलिएको हुनाले फुलिँदैछ भनी होशराखी जानिने चित्त उदय हुँदछ । दबिएर जाँदैछ भनी सचेत रहँदा पनि दबिएर गइरहेको हुनाले सचेत भई जानेको चित्त उदय हुँदछ । फुलिएकै छैन भने फुलिएको सचेत भई जानेको चित्त हुँदैन । दबिएर गएको छैन भने पनि दबिएर गएकोलाई सचेत भई जानेको चित्त हुँदैन आदि भन्दै भाविताद्वारा अटूट सचेत हुँदै, सचेत हुनुपर्ने आरम्मण हुनाले सचेत भई जानेको चित्त उदय हुँदोरहेछ भनिएको विभाजनद्वारा थाह हुँदै आउँदछ ।

"सार्न मनलाग्यो, सारिरहेछु, खुम्च्याउन चाहन्छु, खुम्च्याउँदैछु," भन्दै भाविताद्वारा सचेत हुँदै जाँदा पनि, सार्न चाहेको चित्तको कारणले सारेको रूप उदय (उत्पन्न) होइने हो । खुम्च्याउन चाहेको चित्तको कारणले खुम्च्याइने रूप उत्पन्न होइने ढंगलाई पनि अटूट भाविता गर्दै सचेत हुँदै थाह पाइने हुन्छ ।

यस ज्ञानको तहमा पुगियो भने रूखको बगैंचा, पहाड़ पर्वत, मान्छे, अशुभ लाभ आदि विभिन्न निमित्तारम्मणहरू पनि प्रकट हुने गर्दछ । यस्ता निमित्त प्रकट भए पनि "देख्तैछु, देख्तैछु" भनी सचेत रहनु हो । त्यसरी सचेत रहँदा सचेत भई (देखिइरहेको) एउटा आरम्मण नहराउँदै पछि पछिका आरम्मणहरू थपाथप प्रकट होइने (किसिमको) हुनाले पछ्याउँदै सचेत भईरहन पर्ने अवस्थासित पनि सामना गरिरहन पर्ने हुन सक्तछ ।

यसप्रकारले हरेक पल्ट सचेत रहँदा कारण कार्य मात्र नै भईरहेकोलाई छुटयाउँदै थाह लाग्दा (जानिंदा) 'म, उ, पुरुष, स्त्री' भन्नु

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

पहिले पनि थिएन अहिले पनि छैन, पछि पनि हुन सकिन्न । पहिले पनि कारण रूप र नामसित, कार्य (फल) रूप र नाम मात्रै रही आएको थियो । अहिले पनि कारण कार्य रूप र नाम मात्र नै छ । पछि पनि यसरी कारण कार्य रूप र नाम मात्र नै भईरहने होला" भनी शंका निर्मूल हुनेगरी ज्ञान स्पष्ट हुँदै जान्छ । बाँकी रहेको प्रज्ञाज्ञानहरू उन्नति हुने रीतिलाई पछि मात्र बताउँदै जाऊँला ।

अँ.........अनि...........पहिले जस्तै अटूट सचेत हुँदै जाँदा मार्गज्ञान फलज्ञानद्वारा निर्वाण साक्षात्कार गरीलिन सक्ने स्थितिमा पुगियो भने त्यो व्यक्तिको निम्ति अपायको ढोका बन्द रहने नै भयो ।

लौ........बताइसकेका कामेषु मिथ्याचार दुश्चरित्र विषय इति श्री गरिने रूपमा धार्मिक स्मरणिका भनौं-

कामेषु मिथ्याचार परिणाम देखाउने काव्य

अतिक्रमण गर्नाले पराई परिवारको
अपाय नर्कमा सोझै हुन्छ नै पतन, अहो !

आए पनि यहाँ पाई मानिस जन्म दुर्लभ
शत्रु वृद्धि भई फेरि बन्न सक्छ नपुंसक ।

चार अपाय देखेर डरलागे यथार्थमा
मार्गादि फलमा पुग्ने गर उदचोग साधना ।

त्यो मार्ग-फलमा पुग्न, कुन् धर्म गर्नु साधना ?
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना ।

al Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

जे जति बुझ्न जानेको नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको रूप स्वभाव हो उही ।

नाम र रूपको सारा उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश-राख्नु नै हो विपश्यना ।

गरेर भाविता मार्ग-फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चित बन्द नै हुने ॥

सचेत होऊ हई सचेत होऊ !!

लौ ... (अब) मृषावादको पालो आइपुग्यो । लहरै बताउँदै जाऔं ।

■

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding
गुल्मी, थानपति-२ निवासी वेदराज ज्ञवालीद्वारा
वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
उपहार स्वरूप ....प्रदान। वेदराज

मृषावाद दुश्चरित्र

४. ढाँटेर असत्य बोल्नाले दुष्फल

मुसावादो भिक्खवे आसेवितो भावितो बहुलिकतो निरयसंवत्तनिको तिरच्छानयोनिसंवत्तनिको पेत्तिविसयसंवत्तनिको यो सब्बलहुको मुसावादस्स विपाको मनुस्सभूतस्स अब्भुतब्भक्खानसंवत्तनिको होति ।

भिक्खवे = प्रियपुत्र हे भिक्षुहरू हो ! **आसेवितो** = बारम्बार सेवन गर्नु पर्ने; **भावितो** = वृद्धिगर्न पर्ने, **बहुलिकतो** = धेरै पल्ट गर्न पर्ने; **मुसावादो** = अरूका हित वृद्धि नाश होइने गरी ढाँटेर असत्य वोलिइनेको कारण बनेको अकुशल चेतनाले; **निरयसंवत्तनिको** = सुख रहित नर्कमा उत्पन्न गराउँदछ; **तिरच्छानयोनिसंवत्तनिको** = छड्के तेर्सिन्दै हिँड्ने (वक्र चालमा चल्ने) तिरश्चीन योनिमा पनि उत्पन्न गराउने हुँदछ; **पेत्तिविसयसंवत्तनिको** = सुखदेखि टाढ़िएको प्रेतभूमि असुरकायभूमिमा पनि उत्पन्न गराउँदो रहेछ; **मुसावादस्स** = मृषावाद अकुशल दुश्चरित्रको; **सब्बलहुको** = सवैभन्दा हलुङ्गो (हल्का) स्वल्प मात्रको; **यो विपाको** = जुन विपाक; (वा) - दुष्परिणाम उत्पन्न गराउने खाल्का अकुशल चेतना; **अत्थि** = छ; **सो** = सबैभन्दा हल्का त्यो अकुशल चेतनाले; **मनुस्सभूतस्स** = मानिस जन्म लिइरहेको ब्यक्तिलाई; **अब्भुतब्भक्खानसंवत्तनिको** = गलत ढंगले आरोप लगाउन लाएर बस्नु पर्ने स्थिति उत्पन्न गराउने; **होति** = अवश्य नै हुँदछ। **(वा)** कुशल कर्मले सहयोग दिएर मनुष्य योनिमा आए पनि आफ्नो दोष केही नहुँदा पनि आरोप लगाउन लाएर बस्नु पर्ने हुँदोरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

अरूका हित वृद्धि नाश होइने गरी ढाँट्ने असत्य बोलिइने कारण बनेको अकुशल चेतना मृषावाद दुश्चरित्र हो । यो दुश्चरित्रको उल्लंघन गर्दै व्यसनमा लागेर प्रमादी भईहिँड्ने मरण पछि नर्कमा पतन हुने गर्दछ ।

ढाँटेर असत्य कुरो आरोप लाउनाले नर्क पतन

मतवाला बोधिसत्त्वको कथावस्तु

चार असंख्य र एक लाखकल्प नपुग्दै प्रादुर्भाव हुनु भएका सब्वांभिभू तथागतको पालोमा हाम्रा बोधिसत्त्व मतवाला हुल्याहा (उपद्रव गर्ने) दुराचारी भएर आउनु भएको थियो ।

एकदिन सब्वाभिभू तथागतका श्रावक शिष्य अरहन्त नन्द स्थविर भिक्षाटन गरिरहनुहुँदा उनै बोधिसत्त्व दुराचारीसित बाटामा भेट भयो । त्यति बेला बोधिसत्त्वले नन्द स्थविरलाई, "तिमी अरूका सामुँ भने खूब स्वाँग गरेर इन्द्रिय संयम गरी हिँडे झैं गर्छौ र कसैले नदेख्ने ठाउँमा चाहिँ स्त्रीहरूसित मज्जा गर्नसम्म गर्दै, हुनसम्मको हुल्याहा (उपद्रव) गरी हिँड्ने दुष्ट भिक्षु हौ" भनेर असत्य वचन द्वारा भूठमूठमा आरोप लगाएर आएका थिए । त्यही मृषावाद अकुशल दुश्चरित्र कर्मले गर्दा बोधिसत्त्व नर्कमा पतन हुनु भयो अनि दश हजार वर्षसम्म नर्क दुःख भोग गरीकन आउनु भएको थियो ।

जाल रोरूव नर्क

एउटा दुश्चरित्र, नर्कको एक एक तह जोड़दै बताउँदै गरेकोमा अब जाल रोरूव नर्कको पालो आइपुग्यो । तसर्थ त्यो नर्कको विषय केही सिलसिलामा जोड़दै जाऔं ।

जाल = आगोको ज्वाला; **रोरूव** = रौरव, डरलाग्दो ठूलो आवाज । यसैले जाल रोरूव नर्क भन्नाले नर्कको अग्नि ज्वालाको सास्ति कष्टले नर्कभोगीहरू कहालिँदै रोई-कराई हिँड्ने नर्क भन्ने अभिप्राय हो ।

oal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

यो नर्कभूमि सिङ्गै सखाप पार्लाकि भने झैं गरी नर्कको अग्नि ज्वाला भयानक दन्किरहने हो । नर्कभोगीहरूका आँखा, कान आदि प्वालहरूबाट त्यो आगोको ज्वाला जबर्जस्ती भित्र पस्दा रहेछन् । सहीनसक्नु पोलेर नर्कभोगीहरू "हामीलाई बचाऊ, बचाऊ" भन्दै (दूधमुखे नानीहरू झैं) चिच्याउँदै कहालिरहेका हुन्छन् । त्यसरी आत्तिन्दै चिच्याई रोईरहे पनि अकुशल कर्मको अन्त नहोइञ्जेल यस भूमिबाट मुक्त हुनै नसकिने हुँदछ । यो नर्कको आयु भन्नु हो भने नर्कको वर्ष चार हजार वर्षसम्म भोग्न पर्ने हुन्छ । मानिसको हिसाब अनुसार भनिए यस नर्कको एकदिन बराबर ५७ कोटि र ६० लाख वर्ष भनिन्छ ।

लौ.........अब.......धर्म स्मरणिका भनौं

सारा नर्क नै भष्म होला झैं
ढाकिरहने अग्नि ज्वाला नै ।

आँखा, कान र नाक सब प्वालबाट
आगोको ज्वाला मुस्लो पस्दछ भित्र भित्र ।

नर्क भोगी आत्तिन्दै अति पोलिएर
रूँदै चिच्याउँदै कहाल्छन् छटपटिएर ।

चीत्कार आत्तिएको शब्द नहुने अन्त
रोरूव महानर्क त्यही नै कहलाइन्छ ।

दुश्चरित्र कर्मले फल भोग्न पर्ने
जति नै चिच्याए पनि मुक्त नै नहोइने ।

यस भूमिको आयु गरिए हिसाब
हुँदछ पूरापूरी वर्ष चार हजार ।

भयानक अहो............कति भयानक !!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

यसरी नर्कमा पतन गराउन सक्ने मृषावाद जस्तो दुश्चरित्र किन चाहिँ उल्लंघन गरिएको हो त भने सत्कायदृष्टिबाट अलग नहुनाले नै हो। देखिनु, सुनिनु, सुँघ्नु (गन्ध लिनु) मा सत्कायदृष्टिले प्रवेश गर्ने ढंग बताइसकेको छु। अब खाइनुमा (खाँदाहुँदी) सत्कायदृष्टि प्रवेश हुने ढंग बताउँला।

खाँदाहुँदी सत्कायदृष्टिको प्रवेश

विभिन्न रसहरू जिह्वाप्रसाद रूपमा घर्षण हुन आउँदा स्वादलाई जानेको (थाह पाएको) चित्त र सम्प्रयुक्त चित्तहरू उदय हुँदोरहेछ। त्यसमा १) रस (स्वाद) २) जिह्वा-प्रसाद र ३) स्वाद थाह पाएको चित्त र सम्प्रयुक्त चैतसिकहरू- यी तीन मध्ये स्वाद र जिह्वा-प्रसाद रूप-धर्म, थाह पाउन नजानेको स्वभाव हो। स्वाद जानेको (थाह पाएको) चित्त र सम्प्रयुक्त चैतसिकहरू नाम-धर्म, थाह पाउन जानेको चित्त हो।

तसर्थ खाईरहने क्षणमा रूप र नाम साँच्चै नै प्रकट रूपमा रहेको हुन्छ। त्यो प्रकट रूप्रमा रहने रूप र नामलाई नै सत्काय भनिन्छ। यही रूप र नाम प्रति धारणा गलत हुनु सत्कायदृष्टि हो।

त्यो कसरी हो भने स्वाद थाह पाउन जानेको स्वाद थाह पाएको (जानेको) चित्त हो, 'म, उ' होइन। 'म' भन्नु वचन-सत्य मात्र हो, यथार्थमा छैन (साँचो अर्थमा 'छ' भन्नु मिल्दैन)। स्वाद थाह पाएको चित्त खाइरहने क्षणमा साँच्चै भई नै रहेको स्वभाव-सत्य वास्तविक परमार्थ धर्म रहेछ। यसलाई बुझिएन भने "स्वादलाई जान्ने (थाह पाउने) म नै हुँ" भनी स्वाद थाह भएको चित्तलाई म मानिलिनु सत्कायदृष्टि प्रवेश भएको हो।

जिह्वा-प्रसाद रूप स्वादलाई थाह पाउन दिने कारण मात्र हो। त्यसले स्वादलाई थाह पाउन जान्दैन। यसलाई बुझिएन भने "जिब्रोले

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

स्वादलाई थाह पाउन जानेको हुँदोरहेछ" भनेर जिह्वा- प्रसाद रूपलाई 'म' ठान्नु सत्कायदृष्टि प्रवेश हुनु हो ।

जिह्वा-प्रसाद रूपमा आएर छुने (स्पर्श हुने) स्वाद-रूप मात्र नै हुँदछ, ठोस द्रव्य आत्म होइन । यसलाई बुझिएन भने "फलफूल गुलियो छ, सुँगुरको मासु मीठो छ" आदि भन्दै स्वादलाई ठोस द्रव्य आत्म ठान्ने सत्कायदृष्टि प्रवेश हुँदोरहेछ ।

त्यो सत्कायदृष्टि अलग्ग नहोइञ्जेल मृषावाद जस्तो दुश्चरित्र अहिलेसम्म उल्लंघन नगरी आएकी भए पनि, पछि पछि सुहाउँदो परिस्थिति सृजना हुन थाल्दा उल्लंघन गर्ने नै छ । त्यस्तो दुश्चरित्र कर्मले प्रतिसन्धि फल दिएर नर्कमा पतन होइने ढंग बताइसकेको छु । अब प्रवृत्ति फल दियो भने अरूले अधर्म र अन्याय पूर्वक दोषारोपण गर्न लाएर बस्न पर्ने सिलसिला जोड्दै बताउँला ।

ढाँटेर छलेर आरोप लगाएको हुनाले तथागतले पनि आफूमाथि आरोप लगाएको स्थितिमा बस्न पऱ्यो

एक पल्ट तथागत सम्यक्सम्बुद्ध श्रावस्ती जेतवन आराममा विराजमान भई बस्नुभएको थियो । त्यस अवस्थामा एकदिन बेलुकी धेरै परिषदहरूलाई शीतल अमृत धर्मरस पान गराईरहनु भएको थियो ।

त्यसै बेला तीर्थंकराचार्यहरूकी एकजना चिञ्चमान नाउँ भएकी चेली त्यहाँ आईपुगी । उसले आफ्नो पेटमा एउटा द्वाकल (काठको टुक्रा) बाँधेर छोपछाप गरी गर्भवती भएकी जस्ती ढाँचा पारेर आएकी थिई । तथागतका सामुन्ने आएर उसले आफ्नो औंलाले तथागतलाई देखाउँदै, "भो महाश्रमण ! तिमी त मसँग रसरङ्ग मात्र गरी बस्न चाहन्छौ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

तिमीसित रसरङ्गमा लागी हिँड़ेकी हुँदा म गर्भवती भएकीलाई आरक्षा गर्ने कुनै प्रयास तिमीले गरेका छैनौ । आफ्ना शिष्यहरूलाई पनि तिमीले अऱ्हाएनौ । तिमी त केही वास्तै नराखी चीसो मनले बस्न जान्ने रहेछौ" भन्दै भूठमूठमा असत्य आरोप लगाई रहेकी थिई ।

यस प्रकार त्रिलोकका नाथ सर्वज्ञ बुद्ध हुनुभएका हुँदाहुँदै पनि सबै परिषदहरूका माझ त्यो दुष्ट स्त्री चिञ्चमानले मिथ्या आरोप लाएको हेरी बस्नु परेको किन हो त भन्दा अघि बताइसकेको सब्बाभिभू तथागतका शिष्य श्रावक अरहन्त नन्दलाई असत्य वचनद्वारा दोषारोपण गरी आउने बोधिसत्त्वको जन्ममा उल्लंघन गरी आएको अकुशल दुश्चरित्रको कारणले नै हो भनिन्छ ।

यसैले मृषावाद दुश्चरित्रले कसैको मुख हेर्ने गर्दैन रहेछ र अति भयानक छ । त्यसो भए पनि बुद्ध-शासनको सम्पर्कमा आएर आर्य हुने स्थितिसम्म विपश्यना कार्य धर्म प्रयत्न पूर्वक उदयोग-अभ्यास गर्दै लगे यस्तो मृषावाद दुश्चरित्रहरू उल्लंघन गरी आएकै भए पनि अपायमा पतन हुन नसकेको बस्तु साधकहरू पनि पाइन्छन् ।

ढाँटेर छलकपट गरी आए पनि अपायमा पतन नहोइनेगरी विपश्यनाद्वारा रक्षा

तथागत सम्यक्सम्बुद्धको समयमा कौशाम्बीका अधिपति राजा उत्तेनकी महारानी श्यामावतीका पाँच सय स्त्री-परिषद थियो । ती पाँचसय मध्ये खुज्जुत्तरा भन्ने रानी श्यामावतीकी विश्वास पात्र थिई ।

दिन्हौं खुज्जुत्तराले श्यामावतीका निम्ति फूल किनिल्याएर चढ़ाउन पर्थ्यो । फूलका लागि भनेर उत्तेन राजाले दिनदिनै आठ कार्षापण दिने गर्थे । तर खुज्जुत्तराले भने आठ कार्षापण जम्मै कै फूल किनेर ल्याउने गर्दैन थिई । चार कार्षापणको मात्र फूल किनेर चार कार्षापण

oal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

चाहिँ ढाँटेर आफैसित राख्थी र आठ कार्षापण कै फूल भन्थी । चोरी गर्नु अदिन्नादान दुश्चरित्र हो । ढाँट्नु मृषावाद दुश्चरित्र नै भयो । खुज्जुत्तराले यी दुई दुश्चरित्रलाई एकदिन, एकमहिना जति मात्र होइन वर्षौं उल्लंघन गरी आएकी थिई ।

अँ..........एकदिन उसले सँधै फूल किनेर ल्याउने घरपतिले बुद्ध प्रमुख संघलाई भोजन दान गरिरहेको थियो । घरपतिको प्रेरणाद्वारा खुज्जुत्तराले भोजन दानको काममा सघाउन गएकी थिई, उपदेश सुन्न पनि बसेकी थिई । उपेदश सुन्दासुन्दै आफूमा चलिरहेको रूप र नाम क्रमलाई हृदयमा राखी भाविताद्वारा सचेत हुँदै जाँदा श्रोतापन्न नै भई । श्रोतापन्न भए पछि अपाय भयबाट पूर्ण रूपले मुक्त भएकी थिई ।

त्यो दिन उसले पूरै आठ कार्षापण कै फूल किनेर श्यामावतीलाई चढ़ाउन लगी । सँधै भन्दा आज फूल बढ़ता भएकोले आज फूलका लागि राजाले धेर पैसा दिनुभयो कि भनेर श्यामावतीले सोधिन् । तब खुज्जुत्तराले त्यसो होइन र दिन्हौं फूल कम भएको कारण आठ कार्षापणंमा चार कार्षापणको फूल किनिल्याएर चार कार्षापण आफूले चोरी गरी ढाँटेर कुरा गरी आएको सबै स्पष्ट बताई दिई ।

त्यसो हो भने आज किन चोरी नगरेकी र के कारण ढाँट्ने काम नगरेकी भनेर श्यामावतीले फेरि सोध्दा उसले उपदेश सुन्न पाएर आर्य भईकन आएको कुरा पनि स्पष्ट हुनेगरी जवाब दिएकी थिई ।

यसै कारण यहाँनिर भन्न चाहेको के हो भने यतिञ्जेलसम्म उल्लघन नभएका मृषावाद आदि दुश्चरित्रहरू उल्लंघन नहोइने नै गरी शीललाई सुरक्षित रूपले धारण एवं पालन गरी राख्न पर्दछ । उल्लंघन गरी सकेका दुश्चरित्रहरूको कारण अपायमा पतन नहोइने गरी कमसेकम स्रोतापन्न हुञ्जेलसम्म विपश्यना कार्यधर्म प्रयत्न पूर्वक उदयोग एवं अभ्यास गर्नु पर्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

उत्पत्ति विनाश दुःख स्वभाव नै हो भनी थाह पाउनु

विपश्यना भाविताद्वारा सचेत रहँदा कारण कार्य थाहलागेसम्म प्रज्ञाज्ञान वृद्धि भएर आएको रीतलाई बताइसकेको छु। त्यो प्रज्ञाज्ञानसम्म पुगेका योगीसित पहिले सचेत भई आए अनुसार सिलसिला नबिराईकन सचेत हुँदै गएर प्रज्ञाज्ञान एक खुड्किला चढ्यो भने सचेत हुनुपर्ने आरम्मणको आदि -मध्य-अन्त तीनैवटालाई थाह पाएको (जानेको) चित्त उत्पन्न हुँदछ ।

"फुलिदैछ, दबिएर जाँदैछ" आदि भनी भाविताद्वारा सचेत रहँदा पहिले फुलिरहेको सँगसँगै (लगत्तै) फुलिरहेको, फुलिन रोकिएको, विनाश भएर लोप भएको, यसरी सचेत रहन पर्ने आरम्मणका आदि-मध्य-अन्त तीनवटालाई स्पष्ट हुनेगरी थाह पाउन थाल्दछ। "दबिएर जाँदैछ" भनी सचेत भइरहँदा पनि पहिले दबिएर गएको, बीचमा दबिएर गएको, अन्तमा दबिएर गएको तीनैवटा स्पष्ट हुनेगरी थाह पाउन थाल्दछ । अन्यान्य आरम्मणहरू सचेत भईरहनेगर्दा पनि यसरीनै थाह पाइने हुन्छ ।

यस ज्ञानको तहमा आइपुग्दा दुख्ने, झमझमाउने आदि दुःख वेदनाहरू धेरै नै उठी रहने गर्दछन् । त्यस्ता सहन कठिन भएका स्वभावहरूलाई पनि "दुख्तैछ, झमझमाउँदैछ" भनी भाविता गर्दै सचेत हुँदै गए तुरुन्तै हराएन भने पनि तीन चारपल्ट सचेत रहँदा हराएर गएको स्पष्ट तरीकाले देख्तछ । हराउने ढंग चाहिँ घट्दै घट्दै पनि हराउने गर्दछ । भासभूस भएर पनि हराउने गर्दछ ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विभिन्न आरम्मण निमित्तहरू पनि अझै प्रकट हुने गर्दछ । ती सबै पनि देख्तैछु-देख्तैछु भनी तीन चार पल्ट लगातार सचेत हुँदै गए भासभूस भएर वा घट्दै सानो हुँदै हराउँदै गएको स्पष्ट देख्तै आउँदछ । सचेत हुन पर्ने जति पनि छन् सबैको अनित्य स्वभाव, पुरानो नयाँ बदलदै उत्पत्ति विनाश भईरहेको ढंग, ठोस द्रव्य होइन भन्ने ढाँचालाई छुटचाई-छुटचाई थाह पाउने र देख्तै-बुझ्दै आउँदोरहेछ ।

यस प्रकार सचेत हुँदै जाँदा हरेक पल्ट सचेत हुन पर्ने आरम्मणको अनित्य स्वभाव, उत्पन्न हुँदै हराउँदै गइरहेको दुःख-स्वभाव, ठोस द्रव्य (आतम) होइन भन्ने स्वभाव मात्रलाई स्पष्ट स्पष्ट हुने गरी थाह पाउँदै देख्तै आएकोमा "अहो ! ..... पहिले (अघि) पनि यस्तै अनित्य-स्वभाव, दुःख-स्वभाव, अनातम स्वभाव मात्र रही आएको रहेछ, पछि पनि यस्तै स्वभाव मात्र रहने त होला" भनी विचार गरिने, परामर्श गरिने पनि उदय हुँदोरहेछ ।

यसरी नै सचेत भइरहँदै गएर मार्गज्ञान, फल-ज्ञानद्वारा निर्वाणलाई थाह पाई, देखी, पुगी साक्षात्कार होइनेसम्म पुगियो भने त्यो व्यक्तिका निम्ति अपायको ढोका बन्द हुने नै भयो । लौ ... अब ... बताईसकेको मृषावाद दुश्चरित्र विषयलाई इतिश्री गरिने ढंगले धर्म-स्मरणिका भनौं-

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

मृषावाद परिणाम काव्य

ढाँटी असत्य बोलेर हिँड्ने व्यक्ति मरीकन
अपाय नर्क खाड़लमा पर्छ पतन भैकन ।

मानिस जन्म पाएर आए पनि, अनर्थक
मिथ्या आरोप थापेर दोषी भै बस्नु पर्दछ ।

चार अपाय देखेर डरलागे यथार्थमा
मार्गादि फलमा पुग्ने गर उदद्योग साधना ।

त्यो मार्ग-फलमा पुग्न, कुन् धर्म गर्नु साधना ?
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना ।

जे जति बुझ्न जानेको नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको रूप स्वभाव हो उही ।

नाम र रूपको सारा उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश राख्नु नै हो विपश्यना ।
गरेर भाविता मार्ग-फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चित बन्द नै हुने ॥

सचेत होऊ..........हई........सचेत होऊ !!

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

पिसुणवाचा दुश्चरित्र

५. चुगली गरे दुष्परिणाम

लौ..........(अब) पिसुणवाचा दुश्चरित्र विषय सिलसिला जोड्दै जाऔं।

पिसुणा भिक्खवे वाचा आसेविता भाविता बहुलिकता निरयसंवत्तनिका तिरच्छानयोनिसंवत्तनिका पेत्तिविसयसंवत्तनिका यो सब्बलहुको पिसुणाय वाचाय विपाको मनुस्सभूतस्स मित्तेहि भेदसंवत्तनिको होति।

भिक्खवे = प्रियपुत्र हे भिक्षुहरूहो; **आसेविता** = बारम्बार सेवन गर्नुपर्ने; **भाविता** = वृद्धि गर्नपर्ने; **बहुलिकता** = धेरै पल्ट गर्नपर्ने; **पिसुणा** = दुइजना प्रियजन माझ फाटो ल्याउन सक्ने; **वाचा** = चुगली कुराले; **निरयसंवत्तनिका** = सुख रहित नर्कमा उत्पन्न गराउँदछ। **तिरच्छानयोनिसंवत्तनिका** = छड्के तेर्सिन्दै हिंड़ने (वक्र चालमा चल्ने) तिरश्चीन योनिमा पनि उत्पन्न गराउने हुँदछ। **पेत्तिविसयसंवत्तनिका** = सुखदेखि टाढ़िएको प्रेतभूमि असुरकायभूमिमा पनि उत्पन्न गराउने हुँदोरहेछ। **पिसुणाय वाचाय** = प्रियशून्य वचन अकुशलको; **सब्बलहुको** = सबैभन्दा हलुङ्गो (हल्का) स्वल्प मात्रको; **यो विपाको** = दुष्परिणाम उत्पन्न गराउने जुन अकुशल चेतना; **अत्थि** = छ; **सो** = सबैभन्दा हल्का स्वल्प मात्रको त्यो अकुशल चेतनाले; **मनुस्सभूतस्स** = मानिस जन्म लिईरहेको व्यक्तिलाई; मित्तेहि= साथीहरूसित; **भेदसंवत्तनिको** = फाटो ल्याईदिने; **होति** = अवश्य हुँदछ। **(वा)** कुशल कर्मले सहयोग दिएर मनुष्य योनिमा आए पनि, प्यारा, मिल्ने साथी भाईहरू दुर्लभ हुनगई प्रियजनसित पनि छुटिएर बस्नुपर्ने हुँदोरहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय

आपस्तमा मनपराउने मिल्ने दुइजनामा फाटो आउने गरी चुगली गरिने कारण बनिरहेको अकुशल चेतना प्रियशून्य वचन दुश्चरित्र हो। धेरैपल्ट उल्लंघन गरी व्यसनमा लागी हिँड़ेका यी अकुशल दुश्चरित्र कर्म प्रबल भएर प्रतिसन्धि फल दियो भने उल्लंघन गर्ने व्यक्ति मरणपछि चार अपायमा जन्म लिन जाने हुँदछ।

चुगली गरेको हुँदा अपायमा पतन भएको कथावस्तु

तथागत सम्यक्सम्बुद्धको समयमा आयुष्मान नारद स्थविर गृधकूट पर्वतमा निवास गर्नुभएको थियो। एकदिन विहानै राजगृह नगरमा भिक्षाटनमा जानुहुँदा उहाँ स्थविरले एकजना अनौठो पूतिमुख प्रेत भेट्नु भएको थियो।

त्यो प्रेतको सारा शरीर सुनौलो वर्णको थियो। उसको मुखबाट भने ह्वास्स ह्वास्स कुहेको दुर्गन्ध निस्किरहेको थियो। मुखबाट औंसाहरू (कुहेको घाउमा पलाउने कीराहरू) निस्केर उसैको त्यो मुखलाई फेरि खाइरहेको थियो।

त्यस्तो देख्ता आयुष्मान नारद स्थविरले उसको सम्बन्धमा सोध्नु हुँदा प्रियशून्य वचन दुश्चरित्र कर्मले गर्दा त्यसो भएको हो भनी त्यो प्रेतले बतायो।

यही भावी पूतिमुख, काश्यप तथागतको शासनमा नवक भिक्षु भएको थियो। त्यो नवक भिक्षु एकदिन गाउँको एउटा विहारमा पुग्यो। त्यो विहारमा बसोबासका निम्ति चाहिने सामग्रीहरू परिपूर्ण भएको साथै ग्रामवासीहरू पनि श्रद्धाधर्म भएका हुनाले उसलाई त्यो विहार लोभलाग्दो हुन थाल्यो।

८९१२

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

त्यसर्थ अघिदेखि त्यो विहारमा निवास गर्दै आएका शील परिपूर्ण भएका खूबै मिल्ने साथी दुई भिक्षुहरूमा फाटो आउने गरी चुगली गऱ्यो । परस्पर नमिल्ने भएपछि दुई साथी भिक्षुहरू अलग-अलग भएर त्यहाँबाट हिँड़ेपछि नवक भिक्षुले विहार आफ्नो बनायो ।

ती दुई साथी भिक्षुहरू पछि फेरि भेटघाट हुँदा यथार्थ घटनालाई बुझेर भावना कार्य उदयोग र अभ्यास गरीकन अरहन्त भए । त्यो चुगली गर्ने मूर्ख भिक्षु धेरै दिन नबित्दै परलोक भयो अनि प्रियशून्य वचन अकुशल कर्मको कारणले गर्दा पूतिमुख प्रेत हुन आउन अघि एकजना बुद्ध र अर्को बुद्ध माझको अवधिसम्म लगातार अवीचिनर्कभोग गर्नपर्ने भयो ।

धूम रोरूव नर्क

यहाँनिर अब अवीचिनर्कको विषयमा नबताईकन, पालो आएको रोरूवनर्कको विषयमा बताउँला । "धूम" भनेको धुवाँ हो, रोरूव चाहिँ तीखो (तिख्खर) आवाज हो । त्यसो हुनाले धूम रोरूव नर्क भन्नाले नर्कको धुवाँले सास्ति कष्ट पाएर नर्कभोगीहरू रूँदै कराउँदै चिच्याईरहने नर्क भन्ने अभिप्राय हो ।

यो नर्क डल्लै नै ढाकिएला कि भन्ने ठानुञ्जेल नर्कको धुवाँ ह्वार्र-ह्वार्र दन्कँदै उठीरहने । त्यस्तो धुवाँ नर्क भोगीहरूका आँखा, कान आदि जम्मै प्वालहरूबाट जबर्जस्ती जोड़तोड़ले पस्ने गर्दछ भनिन्छ ।

नर्कभोगीहरू धुवाँले छोपिएर रन्थनिँदै के गरूँ कसो गरूँ भएर रक्षा गर रक्षा गर भन्दै आत्तिदै चिच्याउँदै कराएको रोएको तीखो स्वर मात्र निस्कीरहने गर्दोरहेछ । यसरी कहालिँदै रोईरहे पनि अकुशल कर्म शेष होइञ्जेल यस भूमिबाट मुक्त हुँदैन । नर्ककै आयु अनुसार भनिए नर्कको वर्ष आठ हजार पूरै भोग्नु पर्दछ । यस नर्कको एकदिन बराबर मानिसहरूको वर्षको हिसाबमा २३० कोटि र ४० लाख वर्ष हुँदछ । अत्यन्त भयङ्कर रहेछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

लौ अब धर्म-स्मरणिका भनौं ।

महा (धूम्र) रोरूव नर्क भोग

स्मरणिका

नर्क डल्लै ड्याम्म ढाकिने गरी
धुवाँ भरेर घोर अन्धकार छ,

आँखा, कान, नाक सब प्वालबाट
जोड़तोड़ले धुवाँ पसिरहन्छ ।

नर्कभोगीहरू रन्थनिँदै डरले
आतिँदै चिच्याउँदै रोइरहन्छन्,

सुन्नै नसकिने रोदन-क्रन्दन हुने त्यो
महा रोरूव नर्क कहलाइन्छ ।

दुराचारी मूर्खहरू जति पनि छन्
मरीकन पुगिने भूमि त्यही नैं

यस भूमिको आयु हिसाबमा
पुग्दछ आठ हजार वर्ष पूरै ।

डरलाग्दो ... ... अहो ! ... ... डरलाग्दो !

यस प्रकारले अपायमा पतन होइने गरी यस्तो प्रबल प्रियशून्य वचन जस्तो अकुशल दुश्चरित्र के भएर उल्लंघन गरी- रहेको हो नि भने सत्कायदृष्टिबाट मुक्त अझ पनि नभएको हुनाले हो । देखिने, सुनिने, सुँघिने, खाइने क्षणमा त्यो सत्कायदृष्टि प्रवेश गर्ने ढंग बताइसकेको छु । अब छोईदा (स्पर्श हुँदा) सत्कायदृष्टि प्रवेश हुने सिलसिला जोड्दै बताउँला ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

छोइनुमा (स्पर्श होइनुमा) सत्कायदृष्टि प्रवेश

नरम होइने, कड़ा (चाम्रो) होइने, चिसिने, पोलिने, घचेटिने, ठेलिने, सर्ने आदि चलिरहने (सक्रियता) स्वभावहरू स्पर्ष्टव्यारम्मण कहलाइने सबै छुने (स्पर्श हुने) रूपहरू नै हुन्। ती स्पर्ष्टव्यारम्मण काय-प्रसाद रूपसित घर्षण हुन आउँदा छोएर (स्पर्श भएर) जानेको चित्त र सम्प्रयुक्त चैतसिकहरू उदय (प्रकट) हुने गर्दछ।

१) स्पर्ष्टव्यारम्मण २) कायप्रसाद ३) छोएर जानेको चित्त र सम्प्रयुक्त चैतसिकहरू- यी तीनमा स्प्रर्ष्टव्यारम्मण र कायप्रसाद रूपधर्म; थाह पाउन (वुझ्न) नजानेको स्वभाव हो। छोएर जानेको चित्त र सम्प्रयुक्त चैतसिकहरू नामधर्म, थाह पाउन जानेको स्वभाव हो।

त्यसमा छुने (स्पर्श हुने) क्षणमा रूप र नाम साँच्चै नै, प्रकट रूपमा भइरहेको हुँदछ। त्यस प्रकट रूपमा भइरहेको रूप र नामलाई नै सत्काय भनिन्छ। सत्काय रूप र नाम प्रति धारणा गलत हुनु सत्कायदृष्टि हो।

पोलिने, चिसिने, नरम होइने, कड़ा होइने, चल्ने, घचेटिने, ठेलिने, ठेस्सिनदिने स्वभावहरू रूप मात्र नै हुन्, ठोस द्रव्य पदार्थ आत्म होइन। यसलाई बुझिएन भने "पोलिएको 'म' नै हुँ, चलेको (चल्मलाएको) म नै हुँ, टाउको पोलेको हो, हात पोलेको हो" आदि यस्तै छोइने (स्पर्श हुने) रूपलाई ठोस द्रव्य आत्म ठान्नु सत्कायदृष्टि प्रवेश भएको हो।

स्पर्ष्टव्यारम्मणले छुनपर्ने क्षेत्र कायप्रसाद रूप हो। यो कायप्रसाद जीउभरि नै सियोको टुप्पोले छुँदा (दुख्ने) थाह हुने जम्मै ठाउँमा फैलिएको छ। यो रूप पनि कुनै ठोस द्रव्य पदार्थ एक डल्ला एक ढेला भएको आत्म होइन। केवल स्वभाव मात्र नै हो। यसलाई बुझिएन (थाह भएन) भने "मान्छेलाई छुँदैछ (छोइरहेको छ), टाउको छुँदैछु (छोइरहेको छु) आदि

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

भन्दै कायप्रसाद रूपलाई ठोस द्रव्य पदार्थ ठान्नु सत्कायदृष्टि प्रवेश गरेको हो ।

स्पर्श्टव्यारम्मणलाई जानिरहेको छोएको थाह भइरहेको चित्त हो, म होइन । म भन्नु वचन-सत्य मात्र हो । साँच्चै नै भएको होइन । छोएको थाह पाइरहेको चित्त छोइने क्षणमा साँच्चै भइरहने यथार्थ स्वभाव हो । यसलाई बुझिएन भने, "पोलेको थाह पाएको मैंले नै हो, चीसो भनी मैंले नै थाह पाएको हो" आदि भन्दै छोएर जानेको चित्तलाई म (आत्म) ठान्नु सत्कायदृष्टि प्रवेश भएको हो ।

यो सत्कायदृष्टिबाट मुक्त नहोइञ्जेल दुश्चरित्रहरूको उल्लंघन गरी नै रहेको हुँदछ । उल्लंघन गरी हालेका व्यक्ति प्रियशून्य वचन दुश्चरित्र कम (थोरै) भएर अपायमा पतन नभए पनि, मानिस जन्म लिन आएको अवस्थामा साथी भाइहरू, प्रिय पात्रहरूसित छुट्टिएर बस्नुपर्ने हुन सक्तछ ।

चुगलीको कारण अपायमा पतन नहोइने गरी विपश्यनाद्वारा आरक्षा

तथागत सम्यक्सम्बुद्धको पालोमा अवन्ति राष्ट्र उज्जैन नगरमा एकजना साहुका ऋषिदासी नाउँ गरेकी एकजना छोरी थिई जो खूबै राम्री, स्वभाव पनि हिसिपरेकी, शीलाचरणले पनि परिपूर्ण भएकी थिई ।

ऋषिदासी सोलह वर्षकी भएपछि उसका बुबाले उसलाई साकेत नगरका एकजना श्रेष्ठिपुत्रसित विवाह गरी दिए। आफ्ना लोग्नेको घरमा आएदेखि ऋषिदासीले आफ्नो लोग्ने, सासू र लोग्नेका आफन्तहरूको स्याहार सुसार कसैले कुनै दोष लाउन नसकिने गरी राम्ररी गर्थी । त्यसैले ऋषिदासीलाई सासू सहित लोग्ने चाहिँका सबै आफन्तहरूले अति नै प्यारो गरिराखेका थिए ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

तर लोग्ने चाहिँ भने ऋषिदासीसित दिन्दिनै वाक्क र झिजो मान्ने हुँदै आएको थियो। त्यसो हुँदा उसका आमा-बाबु, आफन्तहरू सबैले सम्झाउँदा पनि कसैको कुरै नसुनी केही दिन नबित्दै ऋषिदासीलाई त्यागेर पठाई दियो।

ऋषिदासीले आमा-बाबुकै घरमा फर्कन पऱ्यो ! त्यसपछि बाबु चाहिँले ऋषिदासीलाई फेरि अर्को श्रेष्ठिपुत्र एकजनासित विवाह गरिदियो। त्यो श्रेष्ठिपुत्रले पनि पन्द्रह दिन जतिमात्र सँगै बसेर कुनै दोष लाउने केही नभए पनि ऋषिदासीलाई त्याग गरी छोड़ी पठायो।

एकदिन बाबुचाहिँको घरको अघाड़ि एकजना जवान मगन्ते भात माँगी खान भनी उभिन आइपुग्यो। त्यतिनै बेला सेठ (साहु) ले त्यो भिखारीको थोत्रे बटुको र भूत्रे लुगाहरू फ्याँक्न लाएर आफ्नी छोरी ऋषिदासीसित उसको पाणि-ग्रहण गरी दियो। साहुले अब त छोरीलाई कहिले पनि नछोड्ने ज्वाँई भेट्यो भन्ने सोचीरहेको होला। ऋषिदासीले पनि आफ्ना बाबुले जोसित हात जोड़ी दियो त्यही भिखारी लोग्नेको स्याहार सुसार कुनै दोष नआउने गरी आदर गौरव राखी सेवा गरी बसी। तर यो भिखारीले पनि पन्द्रह दिन जति मात्र सँगै बसेर ऋषिदासीलाई छोड़ेर भाग्यो।

यसरी सम्पत्ति पनि प्रशस्त भएकी, राम्री-सुन्दरी, मन पनि सफा भएकी साथै कुनै दोष दिन नसकिने गरी लोग्नेको सेवा गर्ने हुँदाहुँदै पनि एकजना मगन्ते भिखारीले समेत त्याग्न र छोड्न लाएर बस्न परेको किन हो त भन्दा उसले उल्लंघन गरी आएको पिसुण वाचा दुश्चरित्रको कारणले नै हो।

ऋषिदासी हुनआउन अघिको जन्ममा सिन्दिवार राष्ट्रको एकजना गरीब गाड़ावानकी छोरी भएकी थिई। गाड़ावान बाबु चाहिँले अर्को गिरीदास भन्ने गाड़ावानको छोरासित लिईराखेको ऋण तिर्न नसक्दा

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

आफ्नी छोरीलाई त्यो गाड़ावानको छोराको हातमा करकापले नै समर्पण गरिदिन परेको थियो ।

त्यसरी त्यो गाड़ावानको छोराले पनि जेठी स्वास्नी हुँदाहुँदै भावी ऋषिदासीलाई कब्जा गरी लिएकी स्वास्नी बनाई राखेको थियो । गाड़ावानको छोराकी जेठी स्वास्नी शीलाचरणले सम्पन्न थिई । त्यो भावी ऋषिदासी कान्छी स्वास्नीले लोग्ने र जेठी स्वास्नी माफ फाटो ल्याएर छुट्टिने गरी चुगली गरेर आएकी थिई ।

त्यो प्रियशून्य वचनका अतिरिक्त बितिसकेका पाँच जन्म जति अघि पुरुष भईकन उल्लंघन गरीआएको कामेषु मिथ्याचार कर्मको अवशेषले पनि उथल पुथल गरिदिएको कारण ऋषिदासीको रूपमा जन्म हुन आउँदा तीन तीन जना लोग्नेले बहिष्कार गर्न लाएर बस्न पऱ्यो ।

यस्तो भए पनि साहुकी छोरी ऋषिदासी आफ्नो अकुशल कर्म प्रति सचेत भएर विचार गर्न जानेकी थिई । त्यसर्थ स्मृति संवेग उत्पन्न गरेर भिक्षुणी भईकन विपश्यना भावना कार्य प्रयत्नपूर्वक उदयोग र अभ्यास गर्न थाली । पारमी (संस्कार) भएकी हुनाले धेरै दिन नबित्दै अरहन्त स्थविरनी भई ।

ऋषिदासी स्रोतापन्न हुनासाथै अघि उल्लंघन गरीआएको दुश्चरित्रको कारणले अपायमा पतन हुन नपर्ने भइसकेकी थिई । अब अर हन्त स्थविरनी नै भई भनेपछि अपाय दुःख मात्र होइन संसारका सम्पूर्ण दुःखबाट पनि बिल्कुलै टाढ़िएर अलग भईकन मुक्त हुनपुगी ।

तसर्थ उल्लंघन नगरिएका प्रियशून्य वचन जस्ता दुश्चरित्रहरू अब उसो उल्लंघन नहोइनेगरी अनि शीलको संरक्षण हुने गरी धारण एवं पालन गर्नुपर्छ । उल्लंघन गरीसकेका दुश्चरित्रको कारण अपायमा पतन होला भन्ने डर भए आर्य भावमा पुगुञ्जेलसम्म विपश्यना भावना धर्म प्रयत्नपूर्वक उदयोग र अभ्यास गर्दै लानपऱ्यो भन्ने प्रेरणा दिँदैछु ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

क्षय व्यय थाह हुँदै आएपछि गल्ती महसूस हुन थालिने

विपश्यना भाविता गर्दै सचेत भईरहँदा सचेत रहन पर्ने आरम्मणको नित्य नरहने स्वभाव; दुःख स्वभाव, ठोस द्रव्य आत्म होइन भन्ने र अधीनमा नरहने स्वभावहरू परामर्शद्वारा प्रज्ञाज्ञान उत्पन्न हुने तरीकासम्म बताइसकेको छु । अब त्यो ज्ञानबाट अझ एक खुड्किला माथि बढ्ने हो भने सचेत रहन पर्ने आरम्मणको पहिलो भागमा उत्पन्न हुने अनि अन्तिम भागमा विनाश हुने (प्रक्रिया) लाई जानेको (थाह लागेको) ज्ञान उत्पन्न हुने गर्दछ ।

ज्ञानको त्यो स्तरमा पुगे उदय हुँदै आउने आरम्मणहरूलाई सजिलो ढंगले चाँड्चाँडै क्रियाशील भई सचेत हुँदै जान सक्ने हुन थाल्दछ । विशेष रूपले सचेत रहन सक्ने हुँदै आउँछ । यति मात्र होइन, प्रकाश, प्रामोद्य, प्रीति, काय-चित्त प्रश्रब्धि (शान्ति), श्रद्धा, चित्त, सुखहरू आदि विपश्यनालाई धमिल्याउने कारण धर्महरू पनि उदय हुने गर्दछन् । त्यसलाई विशिष्ट धर्म पवित्र धर्म मानिलिएर आफूले आफैलाई ठूलो (महान) ठानिने पनि उत्पन्न हुँदै आउने हुँदछ । विपश्यनालाई धमिल्याउने कारणहरू बारम्बार देखिरहेको भएतापनि सचेत भइरहन पर्ने आरम्मणको शुरूको भागमा उत्पन्न हुने र अन्तिम भागमा विनाश होइनेलाई पनि थाह हुँदै आउँदछ । फुलिदैछ भनेर सचेत हुने बितिक्कै "फुलिरहेको र फुलिने प्रक्रिया अन्त हुँदै गएको" यी दुई छुटचाई छुटचाई सजिलो ढंगले थाह हुन थाल्छ । दबिदैछ भनेर सचेत हुने बित्तिकै "दबिरहेको छ र दबिने प्रक्रिया अन्त हुँदै गएको" यी दुई छुटचाई छुटचाई सजिलो ढंगले थाह हुनथाल्छ । अन्यान्य सम्झनामा पनि यस्तै हुँदछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

यस किसिमले विपश्यनालाई धमिल्याउने कारण धर्महरूलाई बुझेर त्यसमा उत्पन्न हुने जम्मै (आरम्मणलाई) भाविता गर्दै सचेत रहँदै जाँदा पछि पछि ती प्रकाश आदि प्रति लोभिएर मनपराई राख्नु गलत बाटो हो । केवल सचेत भई नै रहनु सही बाटो हो भनी "मिथ्या-मार्ग र सही मार्ग छुटयाईकन जान्न सकिएको ज्ञान-दृष्टि परिशुद्धि" उत्पन्न हुन थाल्दछ ।

यसरी प्रज्ञाज्ञान वृद्धि हुँदै आए पनि सचेत हुनुमा केही विशेषता हुने होइन । पहिले पहिले सचेत भईरहेझैं "फुलिदैछ, दबिदैछ" आदि भनी सचेत भइरहनु नै हो । त्यसरी लगत्तै सचेत रहँदै गएर मार्ग-ज्ञान फलज्ञानद्वारा निर्वाण साक्षात्कार गर्न सकिनेसम्म पुग्न सकियो भने त्यो व्यक्तिका लागि अपायको ढोका बन्द भई गयो ।

लौ अब.........बताईसकेका प्रियशून्य वचन दुश्चरित्र विषय इतिश्री गर्न धर्म स्मरणिका भनौं-

प्रिय-शून्य वचन परिणाम काव्य

अर्काको चुगली गर्दै हिंड्ने व्यक्ति मरीकन
अपाय नर्कमा सोझै झर्छ पतन भैकन ।

जन्मे पनि भई मान्छे, साथी-सँङ्गी विहीन भै
प्रियहरू नमिल्ने भै बस्ने हुन्छ अलग्गभैं ।

चार अपाय देखेर डरलागे यथार्थमा
मार्गादि फलमा पुग्ने, गर उद्योग साधना ।

त्यो मार्ग-फलमा पुग्न, कुन् धर्म गर्नु साधना
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

जेजति बुझ्न जानेको नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको रूप स्वभाव हो उही ।

नाम र रूपको सारा उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश राख्नु नै हो विपश्यना ।

गरेर भाविता मार्ग-फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चितबन्द नै हुने ॥

सचेत होऊ ... ... हई ... ... सचेत होऊ !

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पौरुष वचन दुश्चरित्र

६. कडा वचन बोल्नाले दुष्परिणाम

लौ ... ... (अब) फरुसवाचाको पालो आइपुग्यो ।

फरुसा भिक्खवे वाचा आसेविता भाविता बहुलिकता निरयसंवत्तनिका तिरच्छानयोनिसंवत्तनिका पेत्तिविसयसंवत्तनिका यो सब्बलहुको फरुसाय वाचाय विपाको मनुस्सभूतस्स अमनापसद्दसंवत्तनिको होति ।

भिक्खवे = प्रियपुत्र हे भिक्षुहरू, **आसेविता** = बारम्बार सेवन गर्नुपर्ने; **भाविता** = वृद्धि गर्नुपर्ने; **बहुलिकता** = धेरैपल्ट गर्नुपर्ने; **फरुसा वाचा** = आराको धार समान कड़ा वचनले; **निरयसंवत्तनिका** = सुख-रहित नर्कमा उत्पन्न गराउँद छ । **तिरच्छानयोनिसंवत्तनिका** = छड्के तेर्सिंदै हिँड्ने (वक्रचालमा चल्ने) तिरश्चीन योनिमा उत्पन्न गराउने हुँदछ; **पेत्तिविसयसंवत्तनिका** = सुखदेखि टाढ़िएको ठाउँमा पुग्न सकिने प्रेतभूमि, असुरकायंभूमिमा पनि उत्पन्न गराउने हुँदछ । **फरुसाय वाचाय** = पौरुष वचन अकुशल दुश्चरित्रको; **सब्बलहुको** = सबैभन्दा हलुङ्गो (हल्का) स्वल्पको; **यो विपाको** = जुन फल, (वा) नराम्रो (खराब) विपाक उत्पन्न गराउने जुन अकुशल चेतना; **अत्थि** = छ; **सो** = सबैभन्दा हल्का स्वल्प मात्रको त्यो अकुशल चेतनाले; **मनुस्सभूतस्स** = मानिस जन्म लिई बसेका व्यक्तिलाई, **अमनापसद्दसंवत्तनिको** = मन नपर्ने (अप्रिय) शब्द उत्पन्न गराइ दिने; **होति** = अवश्य हुँदछ । (वा) कुशल कर्मले सहारा दिई मनुष्य जन्ममा आयो भने पनि आफ्नो स्वर सुने मात्र पनि श्रमण गृहस्थ सबैले नै मन नपराउने हुँदछ ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय

कड़ा घोचिने गरी गालि गरिने अपशब्द बोलिने कारण बनिरहेको अकुशल चेतना पौरुष वचन दुश्चरित्र हो ।

यो दुश्चरित्रलाई धेरैपल्ट उल्लंघन गर्दै व्यसनमा लागेर गलत बाटोमा लागिरहेका बाल मूर्खहरू उल्लंघन गरीराखेका दुश्चरित्रले प्रतिसन्धि फल दियो भने मरण पछि चार अपायमा पुग्ने हुँदछन् ।

त्यस्तो दुश्चरित्र कम भएर प्रवृति फल मात्र दिने गऱ्यो भने मानिस हुने अवस्थामा अप्रिय (घिनलाग्दो) शब्द उत्पन्न गराउने हुँदछ । आफ्नो स्वर सुने मात्र पनि सुन्नपर्नेहरूले मन नपराउने हुँदछ भन्ने मतलब हो ।

गाली अपशब्द बोल्नाले अपायमा पतन

सुंगुर टाउके प्रेत

तथागत सम्यक्सम्बुद्धको पालोमा गृधकूट पर्वतमा विहार गरी बस्नु भएका आयुष्मान नारद स्थविरले एकदिन विहानै राजगृह नगरभित्र भिक्षाटनमा जानुहुँदा बाटामा एकजना विचित्र प्रेत भेट्नु भयो ।

त्यो प्रेतको सम्पूर्ण शरीर नै सुनौलो वर्णले सज्जित थियो । तर टाउको सुंगुरको र शरीर चाहिँ मान्छेको हुँदा पालिभाषामा सूकरमुख भनिन्थ्यो । हाम्रो आफ्नो भाषामा सुंगुर टाउके प्रेत भने हुने भो ।

आयुष्मान नारदले उसको विषयमा परीक्षण गरी हेर्नुहुँदा पौरुष वचन अकुशलको कारणले त्यो त्यसो भईरहेको स्पष्टगरी बताउनु भएको थियो ।

काश्यप सम्यक्सम्बुद्धको पालोमा यो सुंगुर टाउके प्रेत भिक्षु भएर आएको थियो । त्यो भिक्षुले कायिक कर्म सम्बन्धी अकुशलहरू उत्पन्न

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

नहोइने गरी संरक्षण गर्दै धारण पालन गरी आउन समर्थ भएको थियो। तै पनि वाचिक कर्म सम्बन्धी अकुशलहरू भने उत्पन्न नहोइने गरी संरक्षण गर्दै धारण र पालन गर्न नसक्ने भएर आएको थियो। अरू भिक्षुहरूलाई कठोर घोचिने अपशब्द बोली गाली गरेर आएको थियो।

त्यस्तो पौरुष वचन अकुशल दुश्चरित्रलाई उल्लंघन गर्दै व्यसनमा लागेर आएको हुनाले त्यो सुंगुर टाउके प्रेत हुन आउन अघि एकजना तथागतदेखि अर्को तथागत माझका समय पूरै नर्क भोग गरी आएको थियो।

तापन नर्क

लौ...........(अब)......... आठ तह नर्कमध्ये अब पालो आएको तापन नर्कको विषयमा जोड्दै जाऔं-

पोलिइने भन्ने अभिप्राय रहेको निक्खर पालि शब्द हो 'तापन'। यो नर्क चाहिँ हपक्क हपक्क आगोको ज्वाला उठिरहेको ताड़को बोट (रूख) जस्तो ठूलो फलामको शूलीमा नर्कभोगीहरूलाई बस्न लगाएर अलिकता पनि चल्मलाउन नसकिने गरी कस्सिलो पारीराखेर जीउभरि नै रातो दन्किने गरी आगो जल्ने नर्क हो। त्यो फलामे शूल भनेको माछा-मासु जस्ता चीज आगोमा पोल्नलाई काँटा वा सुइरो जस्तो बनाइएको फलामको मोटो छड़ जस्तो हुनुपर्छ।

यो नर्कमा पनि अकुशल कर्म शेष होइञ्जेल भोग्नु नै पर्दोरहेछ। नर्कको आयु पूरै अन्त हुञ्जेल भोग्न परे नर्कको हिसाब अनुसार सोलह हजार वर्ष हुँदछ। मानिसहरूको गणितमा भन्नु हो भने ९२१ कोटि र ६० लाख वर्ष भनिन्छ। अघोरै भयानक होइने गरी भोग्नु पर्ने नर्क हो। लौ अब धर्म-स्मरणिका भनौं-

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

तापन नर्क भोग स्मरणिका

फलामको शूल रातै जल्दै गरेको
ताड़ वृक्ष जत्तिकै, दरिलो र मोटो,
त्यै शूलीमा सदा रातै जलिरहेरै
बस्न पर्ने फिरिक्क चल्ने नसक्ने भै ।

ब्याप्त रहने ताप राप सँधै नै
तापन नर्क त्यो भनिन्छ त्यसैले ।

वर्ष सोलह हजार आयु यहाँको
भोग्नु पर्दछ कष्ट तीव्र भएको ॥

डरलाग्दो छ....हइ.......डरलाग्दो !

अघि बताइएको सूकरमुखले यस्तो नारकीय प्रेतयोनिको दु:ख किन भोग गर्नु परेको हो भने उसले उल्लंघन गरी आएको पौरुष वचन दुश्चरित्रको कारणले नै हो । अनि त्यस्तो दुश्चरित्रको उल्लंघन किन गरेको थियो भने सत्कायदृष्टिबाट अलग नभईसकेको हुनाले हो । यो दृष्टि, जब जब देखिने, सुनिने, सुँघिने, खाइने, छोइने हुँदछ तबतब हरेक पल्ट प्रवेश हुनसक्ने विषयलाई बताईसकेको छु । अब, विचार, कल्पना, चिन्तना गर्दाहुँदी सत्कायदृष्टि प्रवेश गर्ने ढंग बताऊँला ।

विचार कल्पनामा सत्कायदृष्टि प्रवेश

लौकिक सम्बन्धी विभिन्न विचार र कल्पना धर्मारम्मण, मनायतन भनिने मानिस निदाइरहँदा उत्पन्न भइरहने जस्तो चित्तसित सङ्घटन हुन आउँदा (हुन आउने अवस्थामा) मनोविज्ञान (विचार गरी जानिने चित्त) र सम्प्रयुक्त चैतसिक धर्महरू उत्पन्न हुने गर्दारहेछन् । यहाँनिर ६ थरीका धर्मारम्मण मध्ये प्रज्ञप्ति मार्गचित्त फलचित्त र निर्वाणलाई नलिईकन अहिलेलाई छोड़ीराखे उचित होला ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विचार र कल्पना गर्नु पर्ने चाहिँ रूप र नाम दुवै सम्मिलित छ। मनायतन, विचार गरी जानिने चित्त र चैतसिकहरू नामधर्म नै भए। त्यो मनायतन र विचार गरी जानिने चित्तको आधार हृदयवस्तु चाहिँ रूपधर्म हो।

तसर्थ विचार र कल्पना गरिरहने क्षणमा पनि रूप नाम दुवै साँच्चै प्रकट रूपमा भइरहने हुँदछन्। यस प्रकार प्रकट रूपमा रहेको रूप र नामलाई नै सत्काय भनिएको हो। त्यो सत्काय नाम रूप प्रति धारणा र दृष्टि गलत भईरहेको सत्कायदृष्टि रहेछ।

यो कुन प्रकारले हो भने मनायतनमा प्रकट हुन आउने लौकिक सम्बन्धी विचार र कल्पना गर्न योग्यका आरम्मण रूप र नाम स्वभाव मात्र हो। कुनै ठोस द्रब्य आत्म होइन। यसलाई बुझिएन भने फलानोको विषयमा कल्पना गर्दैछु, उसलाई झलझल देखिदैछ आदि भन्दै ठोस द्रब्य पदार्थसम्म मन पुग्न जाँदोरहेछ। यही विचार र कल्पना गर्नपर्ने आरम्मणलाई ठोस द्रब्य आत्म मान्नु सत्कायदृष्टि रहेछ।

विचार र कल्पना गर्नपर्ने आरम्मणलाई विचार र कल्पना गर्न जानेको विचार गरेर जानिने चित्त रहेछ। म होइन। म भन्नु वचन-सत्य मात्र हो, साँच्चै यथार्थमा भएको होइन। विचार गरी जानिने चित्त चाहिँ विचार र कल्पना गरीरहने क्षणमा साँच्चै भइरहेको यथार्थ स्वभाव हो। यसलाई बुझिएन भने "विचार गरीरहने म नै हुँ" आदि भन्दै विचार गरेर जानिने चित्तलाई म ठान्नु सत्कायदृष्टि प्रवेश भएको हुँदछ।

यो सत्कायदृष्टिबाट अलग्ग नहोइन्जेलसम्म अपायमा पतन गराउन सक्ने पौरुष वचन जस्ता दुश्चरित्रहरू उल्लंघन गरीरहेकै हुन्छ। अहिले उल्लंघन नगरिए पनि सुहाउँदो परिस्थिति सृजना हुन आयो भने उल्लंघन गरिने छ। त्यसो हुन गए अपाय भयबाट बिल्कुलै टाढिएर अलग्ग हुन नसक्ने भइरहेको हुन्छ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

सत्कायदृष्टि पूरै काटिने गरी छिनछान हुनेसम्म विपश्यना कार्यधर्म प्रयत्नपूर्वक उदचोग र अभ्यास गर्दै लगियो भने चाहिँ उल्लंघन गरिराखेको पौरुष वचन जस्ता दुश्चरित्रहरू उल्लंघन गरीराखेका भए पनि त्यो व्यक्ति कहिले पनि अपायमा पतन हुन सक्तैन।

गाली गरेको कारणले अपायमा पतन नहोइने गरी विपश्यनाद्वारा रक्षा

चार ब्राह्मणको कथावस्तु

तथागत सम्यक्सम्बुद्धको पालामा राजगृह नगरमा चारजना ब्राह्मण दाजुभाइ थिए। ती चारैजना बुद्धशासनिक व्यक्तिहरू थिएनन्। तथापि सबैभन्दा जेठो भारद्वाज ब्राह्मणकी पत्नी धनञ्जानी भने स्रोतापन्न थिइन्। स्रोतापन्न भन्नाले बुद्ध धर्म संघ प्रति जुन प्रसन्नतामय श्रद्धा तिनको रहन्छ त्यो अन्य पृथग्जनका श्रद्धा भन्दा उच्च र दृढ़ हुने गर्दछ। धनञ्जानी ब्राह्मणीले हाच्छिउँ आउँदा, केही चीज फुस्केर झर्दा, खुट्टा कतै ठोकिंदा, बढ़बड़ाउने गर्थिइन्। त्यसो भन्नको मतलब कुनै प्रकारको नराम्रो फोहर शब्द निकालेर बड़बड़ाउने (गन्गन्याउने) त होइन तर बुद्ध प्रणाम वाक्य "नमो तस्स भगवतो अहरतो सम्मासम्बुद्धस्स" भन्दै गनगन्याउने गर्थिन्।

तर पनि त्यसरी गनगन्याएको त्यो भारद्वाजलाई पटक्कै मन नपरेको देखिन्थ्यो। एकदिन उनीहरूको घरमा ब्राह्मणहरूलाई भोजन दान गर्ने उत्सव मनाईरहेको थियो। त्यो उत्सव मनाउन अघि नै भारद्वाजले धनञ्जानीलाई "भद्रे, तिमीले यहाँ अरू ब्राह्मणहरूका सामुँ तिम्रा गुरू गौतम बुद्धलाई प्रणाम गर्ने वाक्य प्रयोग गरेर नबड़बड़ाउन खूब होश राख्नू" भनी सम्झाएको थियो। धनञ्जानीले पनि

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ब्राह्मणहरूलाई यताउति भोजन थपथाप गरीरहँदा होश सम्हाली रहँदारहँदै अनायास तथागतलाई प्रणाम गर्ने वचन बड़बड़ाई पठाइन् । त्यसो हुँदा भारद्वाज सान्है रिसायो । समान सिद्धान्त भएका ब्राह्मणहरूका सामुन्ने त्यसो भएकोले लज्जित पनि हुन पर्‍यो ।

त्यसैले, "ए दुष्टा स्त्री, तँ जहिले गनगनाउँदा पनि तेरा गुरू मुण्डक श्रमण गौतमका गुण मात्र गाउने बानी छ । यहाँसम्म भईसकेपछि अब म तेरा गुरू गौतमकहाँ जान्छु र तेरा गुरूलाई वाद आरोपण गरीकन बदनाम गरिदिन्छु" भन्दै भारद्वाज मुरमुरिदै बस्यो ।

त्यसपछि भारद्वाज ब्राह्मण घरबाट निस्केर तथागत विराजमान गरिरहनुभएकों वेलुवन विहारतिर लाग्यो । मुसालाई केही गर्न नसकेर भकारी नै आगो लगाइदिनु भने झैं आफ्नी स्वास्नीलाई केही गर्न नसक्दा स्वास्नीका गुरू तथागतलाई दोषारोपण गर्न हिंड़ेको भन्न पर्‍यो ।

तथागतकहाँ पुगेर त्यहाँ असभ्य अशिष्ट तरिकाले व्यवहार गर्दै सोध्न चाहेको जति सोध्यो । तथागतले सहनशीलता पूर्वक सोधेका सबै समाधान हुनेगरी उत्तर दिनु भएपछि भारद्वाजले तथागत प्रति खूबै श्रद्धा उत्पन्न गर्‍यो र भिक्षु नै भयो । भावना कार्य प्रयत्न पूर्वक उदचोग एवं अभ्यास गर्दै धेरै समय नबित्दै अरहन्त पनि भयो ।

भारद्वाज भिक्षु भएको हुँदा उसका तीन भाइहरू अक्कोस भारद्वाज, सुन्दरिक भारद्वाज र विलिङ्गक भारद्वाज तथागत प्रति निकै रिसाएका थिए । यस कारण तीनै दाजुभाइहरूले पालैपालो एकको पछि अर्को तथागतकहाँ गएर तथागतलाई गाली गर्दै हिंड्दै थिए । अत्यन्तै भयंकर पौरुष वचन दुश्चरित्र भन्नपर्छ त्यो ।

अँ.........त्यसरी क्रमैसित गाली गर्न आएका ती तीनैजना ब्राह्मण दाजुभाइहरूलाई तथागतले सहनशीलता सहित उनीहरूलाई

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

अनुकूल हुने उपदेश दिनु भएको अवस्थामा उनीहरू पनि भिक्षु भएका थिए । विपश्यना भावना कार्य प्रयत्न पूर्वक उद्योग एवं अभ्यास गर्दै धेरै समय नबित्दै उनीहरू अरहन्त पनि भए ।

यी चार ब्राह्मण दाजुभाइहरूले तथागत जस्तालाई गाली गरी अपशब्द बोली हिंड़ेको भए पनि भावना कार्य उद्योग एवं अभ्यास गरीकन स्रोतापन्न हुन साथै ती पौरुष वचन दुश्चरित्रको कारणले अपायमा पतन हुन नसकिने भए । पछि चारैजना अरहन्त नै भए भन्दा अपाय-भय मात्र होइन संसार भय दुःख जम्मै नै एकदमै टाढ़िएर मुक्त हुन पुगेका भए । तिनीहरू त गालीगर्न जानेका हुनाले असल धर्म समेत लाभ गरी गएका व्यक्तिहरू हुन् भन्न पर्ने देखियो ।

क्रमैसित उत्पत्ति-विनाशद्वारा ज्ञानदृष्टि परिपक्वता

यहाँनिर अब भन्न चाहेको के हो भने उल्लंघन नभएका पौरुष वचन जस्ता दुश्चरित्र उल्लंघन गर्न नपाइने गरी, शीललाई सुरक्षित हुने गरी पालन गर्नुपर्छ । मनलाई सम्हाल्न नसकेर श्रेष्ठ पवित्र शील सम्पन्नहरूलाई द्वेष अनुसार अपशब्द बोलेर गाली गरी आएको भए पनि क्षमा माग्ने गर्नुपर्छ । उल्लंघन गरीसकेका पौरुष वचन दुश्चरित्रले अपाय प्रतिसन्धि दिलाउन नसकिने आर्य भावसम्म विपश्यना भावना कार्यलाई प्रयत्न पूर्वक उद्योग एवं अभ्यास गर्नुपर्छ भनी प्रेरणा दिनु मुख्य कुरो नै भयो ।

विपश्यना भाविता गर्दा उदय हुने (प्रकट हुने) प्रकाश आदिमा मज्जा मानेर मनपराइरहनु गलत मार्ग हो । सचेत मात्र भइरहनु सत्य मार्ग हो भनी गलत मार्ग र सत्य मार्ग छुटयाउन सक्ने ज्ञान दृष्टि परिशुद्ध होइनेसम्म बताइसकेको छु । ती प्रकाश आदिलाई मन पराउन छोड़ेर सचेत मात्र भइरहँदा विपश्यना धमिलिने (मलिन हुने) कारण धर्महरू विस्तारै कम हुँदै गएर सचेत हुनु मात्र बाँकी रहने हुँदछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

त्यो अवस्थामा सचेत भइरहनु पनि राम्रो (सठीक) हुँदै आउँदछ । उदय होइने, अस्त होइने पनि खूबै स्पष्ट हुन थाल्दछ । फुलिदैछ भनी सचेत रहँदा, फुलिन्छ भन्ने एउटै मात्र नभएर दुइतीन चार पाँच ६ तह तह (खुड़किला) टुक्रिदै प्रकट हुने गर्छ । फुलिएर आउँछ, हराउँछ, फुलिन्छ हराउँछ यसरी हुँदै एक एक तह अलग अलग काटिए झैं छुट्टाछुट्टै थाह हुँदै (जानिदै) आउँछ । दबिएर जाँदैछ भनी सचेत भइरहँदा पनि यसरी नै हुने गर्दोरहेछ । एउटै सम्झना भित्र (अन्तर्गत) दुइ तीन चार पाँच ६ अलग अलग छिनिएर (काटिएर) प्रकट हुने गर्दछ ।

खुम्च्याउँदै छु, पसार्दैछु आदि भनी अन्यान्य होश राख्नपर्नेमा सचेत भइरहँदा पनि त्यही किसिमले हुँदोरहेछ । सचेत रहनपर्ने आरम्मण जति पनि छन् सबै नै अन्यत्र नसरिकन (अरू ठाउँ सरेर वा हटेर नगईकन) प्रकट भएकै स्थानमा नै हराउँदै जाने स्पष्ट स्पष्ट हुनेगरी थाह हुँदै देख्तै आउने हुँदोरहेछ । त्यसो हुनाले रूप र नाम; परमार्थ धर्महरू यो स्थानमा उत्पन्न भयो भने यो स्थानमा विनाश हुँदोरहेछ; स्थान बदलदैन । त्यो स्थानमा देखियो भने त्यो स्थानमा विनाश हुँदोरहेछ, स्थान नबदलिंदो रहेछ भन्ने स्वयं आफूले जान्न थाल्दछ ।

यसै प्रकारले लगत्तै सचेत हुँदै जाँदा मार्गज्ञान फलज्ञानद्वारा निर्वाण साक्षात्कार गर्न सकिनेसम्म पुग्यो भने त्यो व्यक्तिका लागि अपायको ढोका बन्द रहने भयो ।

लौ........(अब)....... बताउँदै आएको पौरुष वचन दुश्चरित्र विषयलाई इतिश्री गरिने रूपमा धर्म-स्मरणिका भनौं-

अपशव्द गरी, गाली दिई हिंड्ने मरीकन
अपाय नर्कमा सोझै झर्छ पतन भैकन ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

सुन्दैमा पनि त्यस्ताको बोली वचन केवल
भिक्षु श्रमण जम्मैले मन्पराउन छोड्दछन् ।

चार अपाय देखेर डरलागे यथार्थमा
मार्गादि फलमा पुग्ने गर उद्योग साधना ।

त्यो मार्ग फलमा पुग्न, कुन् धर्म गर्नु साधना ?
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना ।

जे जति बुझ्न जानेको नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको रूप स्वभाव हो उही ।

नाम र रूपको सारा उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश-राख्नु नै हो विपश्यना ।

गरेर भाविता मार्ग फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चित बन्द नै हुने ॥

सचेत होऊ हई.........सचेत होऊ !

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:
गुल्मी, थानपति-२ निवासी वेदराज ज्ञवालीद्वारा
..वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
प्रकाशित उपहार स्वरूप प्रदान ।
वेदराज ज्ञवाली
२०७२।११।२४

सम्फप्पलाप दुश्चरित्र

७. निरर्थक कुरा गर्नाले खराब परिणाम

लौ.......(अब) सम्फप्पलाप विषय जोड्दै जाऔं ।

सम्फप्पलापो भिक्खवे आसेवितो भावितो बहुलिकतो निरयसंवत्तनिको तिरच्छानयोनिसंवत्तनिको पेत्तिविसयसंवत्तनिको यो सब्बलहुको सम्फप्पलापस्स विपाको मनुस्सभूतस्स अनादेय्यवाचासंवत्तनिको होति ।

भिक्खवे = प्रियपुत्र हे भिक्षुहरू हो; **आसेवितो** = बारम्बार सेवन गर्नुपर्ने; **भावितो** = वृद्धि गर्नुपर्ने; **बहुलिकतो** = धेरैपल्ट गर्नुपर्ने; **सम्फप्पलापो** = अर्थ र लाभ केही नहुने, अभिप्राय रहित कुरा गर्नाले; **निरयसंवत्तनिको** = सुख रहित नर्कमा उत्पन्न गराउने हुँदछ । **तिरच्छानयोनिसंवत्तनिको** = छड्के तेर्सिन्दै हिँड्ने (वक्र चाल चल्ने) योनिमा पनि उत्पन्न गराउने हुँदछ । **पेत्तिविसयसंवत्तनिको** = सुख देखि टाढ़िन पुग्ने प्रेतभूमि असुरकायभूमिमा पनि उत्पन्न गराउने हुँदछ । **सम्फप्पलापस्स** = सम्फप्रलाप अकुशल दुश्चरित्रको; **सब्बलहुको** = सबैभन्दा हल्का स्वल्प भएको; **यो विपाको** = जुन विपाक (वा) दुष्परिणाम उत्पन्न गराउने जुन अकुशल चेतना; **अत्थि** - छ; **सो** = सबैभन्दा हल्का स्वल्प भएको त्यो अकुशल चेतनाले; **मनुस्सभूतस्स** = मानिस जन्म लिइरहेका व्यक्तिलाई; **अनादेय्यवाचासंवत्तनिको** = आफ्नो कुरामा विश्वास नरहने बनाइदिने; **होति** = अवश्य नै हुँदछ । (वा) कुशल कर्मले सहारा दिई मनुष्य लोकमा आए पनि आफ्नो कुरामा विश्वास गर्नेहरू थोरै मात्र हुन गएर दोषारोपण गराउन लाएर बस्नुपर्ने, गाली गराउन लाएर बस्नपर्ने हुँदोरहेछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय

अर्थ र लाभ नहुने अभिप्राय रहित कुरा गरिने कारण बनिरहेको अकुशल चेतना सम्फप्रलाप दुश्चरित्र हो । यो दुश्चरित्रका अर्थ र लाभ नभएको कुरालाई साँच्चै हो भनी सुन्नेले निश्चित रूपले धारणा गर्दै लगे कर्मपथ बनिने हुन्छ । धारण गरेन भने कर्मपथ बनिर्दैन भनिएको छ । अकुशल कर्म एउटैले अपाय प्रतिसन्धि फल उत्पन्न गरायो भने कर्मपथ बनिन्छ भन्ने मतलब हो ।

यो दुश्चरित्र कर्मले प्रतिसन्धि फल दियो भने उल्लंघन गर्ने व्यक्ति चार अपायमा जानपर्ने हुँदछ । प्रवृत्ति फल मात्र दियो भने मानिस हुन आउने अवस्थामा आफ्नो कुरामा (अरूले) कम विश्वास गर्ने हुँदछ । आफूले राम्रै कुरा गरे पनि परिषद्को दोषारोपण र गाली गरेको थापीरहनुपर्ने हुन्छ ।

यो दुश्चरित्रकर्मको कारणले पनि अपायमा पतन हुन सक्तछ भन्ने साधारण देशना मात्र देखेको छु । मन संतोष हुनेगरी बुझाउने कथावस्तु चाहिँ पाएको छैन । त्यसैले अहिले नजीकैको सम्पर्क भएको कथावस्तु मात्र सम्मिलित गरेर बताउँदै जाऊँला ।

निरर्थक सार रहित वचनले अपायपतन सम्भव

एक समयमा राजगृह नगरको वेलुवन विहारमा तथागत विराजमान हुनुभएका थिए । एकदिन एक हजार नर्तकीहरूका नायक गामणि तथागतकहाँ आईकन जान्न चाहेका कुराहरू सोध्न थाले । उनको प्रश्न थियो, "भगवन् शास्ता, नाटकका कलाकारहरूले दर्शक परिषद्जनलाई रमाइलो गरिदिन साँचो झूठो (भएको नभएको) कुरा गरीरहन पर्दछ । यसरी (अरूलाई) रमाइलो मज्जा गराइदिने हुनाले नाटकका पात्रहरू मरी गएपछि देवता हुन जान्छन् भनेको साँच्चै हो के ? त्यो विचार- धारालाई तथागतले कुन प्रकारको दृष्टिले हेर्नु हुन्छ ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

तथागतले गामणिलाई यस्ता कुरा नसोध्नु भनी तीनपल्ट निवारण गर्नुभयो। यसरी तथागतले निवारण गर्नु हुँदाहुँदै पनि गामणिले तीन चोटि बारम्बार त्यही प्रश्न गरी रहे।

त्यसैले तथागतले, "गामणि, नर्तक-नर्तकीहरूले लोभ, दोष, मोह ज्यादै भएका नाटक हेर्ने परिषद्लाई अझ बढ़ी लोभ, दोष, मोह बढ़ाइदिन्छन्। स्वयं आफूहरू पनि मज्जा मानेर प्रमादी बनिरहन्छन्। दर्शक परिषद्जनलाई पनि मोहित पारी राख्छन्। त्यसैकारण नर्तक-नर्तकीहरू मृत्युपछि प्रहासनर्क भोगगर्न जानपर्ने हुँदछन्। यसका अतिरिक्त नर्तक-नर्तकीहरू मरेपछि देवता देवी हुन जान्छन् भन्ने दृष्टि मिथ्यादृष्टि हो। त्यो दृष्टिको कारणले नर्कमा पतन हुने हो र भएन भने तिरश्चीन हुन जाँदोरहेछ" भनी स्पष्ट गरी बताइदिनु भयो।

गामणिले निवेदन गरेको कुरामा "सत्य-असत्य (भएको-नभएको)" भनिएकोमा होशराख्न योग्य छ। साँचो कुरा गरी रमाइलो पार्नु सम्फप्रलाप हुन्न भन्न सकिने देखिन्छ; तर "परिषद्जनलाई रमाइलो लागे भइगयो" भन्ने विचारले नभएको नहुने (असत्य) अभिप्राय रहित फाइदा विहीन जेजस्तो पायो त्यस्तै जथाभावी कुरा गरेर रमाइलो गरिदिनु चाहिँ सम्फप्रलाप दुश्चरित्र हुन सक्तछ। तसर्थ गामणि कथावस्तुलाई यस दुश्चरित्रमा उद्धृत गरी देखाएको हो।

ती नर्तक-नर्तकीहरूले भोग्नुपर्ने प्रहासनर्क, अवीचिनर्कको केही अंश हो भनिन्छ। यो प्रहासनर्क भोग गर्नपर्ने ती नर्तक-नर्तकीहरूले नाच्दै, गाउँदै, बाजा बजाउँदै गरेझैं नारकीय दु:ख भोग गरिरहनु पर्ने हुँदछ भनिएको छ।

यहाँनिर अवीचिनर्कको विषयमा नबताइकन पालो आएको पतापन नर्क विषयमा जोड्दै जाऔं।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

पतापन नर्क

अघोरै ताप ग्रस्त गराउने नर्क भन्ने अभिप्राय भएको हुनाले पतापन नर्क भनिन्छ । यस नर्कमा आगोको राप हपक्क हपक्क आइरहेको दन् दन् दन्किएर तात्तिएको पर्वत हुन्छ र नर्कपालहरूले नर्कभोगीहरूलाई कुट्दै पीट्दै जबर्जस्ती त्यस्ता पर्वतमा चढ्न लगाउँने गर्दछन् ।

नर्कभोगीहरू डराउँदै रापमा पोलिंदै चढ्दै गएर पर्वतको टाकुरामा पुग्दा अकुशल कर्मको कारणले उत्पन्न हुन आएको हुरी बतासले नर्कभोगीहरूलाई जोड़तोड़ले उड़ाउन थाल्दोरहेछ । पर्वत फाँटमा हप्लाक्क हप्लाक्क राप निस्किरहेको नर्कका फलामे शूली भिर हुँदारहेछन् र त्यसैका माथि ती नर्कभोगीहरूलाई हुरीले उड़ाएर ल्याएर भारी दिंदा तिनीहरूका अनुहार नै कुरूप हुने गरी मुन्टचाई दिंदोरहेछ । र तिनीहरू शूली काँटामा रोपिएर अड़की जीउ जम्मै रातै दन्दन् जल्नेगरी, चल्मलाउन नै नसक्ने भई अत्यन्त तीव्र रूपले पोलिंदै कष्ट सहित बस्नु पर्दछ ।

यो नर्क पनि अकुशल कर्म शेष होइञ्जेल भोग्नु पर्ने नर्क हो । नर्कको आयु अनुसार भने आधा अन्तरकल्प जति भोग गर्नु पर्ने हुँदछ । अन्तर कल्पको सम्बन्धमा अवीचि काण्डमा मात्र वताउँला ।

लौ.....अब..धर्म स्मरणिका भनौं–

पतापन नर्क भोग परिणाम काव्य

दन्केको अग्नि-पर्वतमा पीट्दै चढ्न लाउँदा
समस्त नर्क भोगीहरूले चढ्दै जान पर्दछ ।
अकुशल सृजित बतास - हुरी घनघोर आई
वल्डयाङ बुल्डुङ लडाउँदै लड़ाई लैजाँदछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

समस्त नर्कभोगीहरू ती तल झर्दै पछारिंदा
पर्वत-फाँटका शूल-झिरमा घोंचिदै अड्कँदछ।
अग्निको घोर राप तापले सारा तन जलाउँदा
पोलिदै चल्नै नसक्ने भई भोग्नुपर्ने हुँदछ ।
नित्य जल्दै अग्नि गिरिमा बस्नु नै पर्ने हुँदा
यो अपायलाई पतापन - नर्क भनी भन्दछ ।
यो नर्कको आयु वर्षको लेखा-जोखा लाउँदा
भनिन्छ, अन्तरकल्पको आधा नै हुँदछ ॥
भयानक अहो ... ... भयानक !

यस प्रकारको भयंकर अपाय दुःख उत्पन्न गराउन सक्ने सम्फप्रलाप जस्तो दुश्चरित्रलाई उल्लंघन गरिएकै भए पनि आर्यभावसम्म विपश्यना भावना कार्य प्रयत्न पूर्वक उदद्योग एवं अभ्यास गरी लगे अपाय भयबाट टाढ़िएर अलग भएर बस्न सकिने हुन्छ ।

सम्फप्रलाप वचनले अपायमा पतन नहोइने गरी विपश्यनाद्वारा रक्षा

लौ..........(अब) ....अपाय भयबाट टाढ़िएर अलग हुन सकिने ढंग स्पष्ट हुनेगरी अघि बताएको गामणिको विषय फेरि जोड़ौं-

"साँचो पनि झूठो पनि (भएको र नभएको) कुराले रमाइलो पारी दिने नर्तक-नर्तकीहरूले प्रहासनर्क भोग्नु पर्दछ" भनी तथागतले भन्नु भएको सुनेर गामणि धुरू धुरू रोए। किन रोएको हो भने, "नर्तक-नर्तकीहरू मृत्युपछि देवता देवी हुन जान्छन् भन्ने पहिलेका नाटकका गुरूहरूको कुरोमा विश्वास गरी हिंड़ेर छक्याएर बस्नु परेको भयो" भनी विचार आउनाले हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

त्यसपछि स्मृति संवेग उत्पन्न हुन आएकोले गामणि भिक्षु हुन गए। विपश्यना भावना कार्य धर्म उद्योग र अभ्यास गरीकन धेर समय नबित्दै अरहन्त भए। गामणि स्रोतापन्न हुनासाथै अपाय भयबाट टाढ़िएर अलग हुन गएका थिए। अब अरहन्त भए भन्दा त अपाय भयबाट मात्र होइन संसार भय दु:ख जति पनि छ सबैबाट नै पूर्ण रूपले टाढ़िएर एकदमै मुक्त भएर गएको भयो।

त्यसैले उल्लंघन नभएका सम्फप्रलाप जस्ता दुश्चरित्र उल्लंघन हुन नपाइने गरी शील संरक्षण गर्दै धारण र पालन गर्नुपर्छ। उल्लंघन गरीसकेका दुश्चरित्रको कारणले अपायमा पतन नहोइने गरी आर्यभावसम्म विपश्यना भावना कार्य प्रयत्न पूर्वक उद्योग एवं अभ्यास गर्दै लानु पऱ्यो भनी यहाँनिर फेरि प्रेरणा व्यक्त गरेको हुँ।

यथार्थ दृष्टि गतिमान भयो भने भङ्ग मात्र थाह भइरहन्छ

विपश्यना भाविता गर्दै सचेत भइरहँदा विपश्यना धमिलिने कारण धर्महरू प्रकट नभएर सचेत मात्र भएर गए सजिलै हल्का ढंगले छिट्छिटै सचेत रहनसक्ने हुँदै सचेत रहनपर्ने आरम्मणका शुरूमा (पहिले) उत्पन्न हुने र अन्तमा विनाश होइनेलाई स्पष्ट स्पष्ट रूपले थाह भइरहने प्रज्ञाज्ञान प्रकट होइने तरिकासम्म बताइसकेको छु। अब एक खुड़किला अझ वृद्धि होइने ढंग जोड्दै बताउँला।

हरेक पल्ट होश राख्ने गर्दा सचेत रहनपर्ने आरम्मणको उत्पत्ति विनाशलाई थाह गर्दै लाने योगीले समय बढ़ाईकन उदचोग र अभ्यास गर्दै गए सचेत रहनपर्ने आरम्मण र सचेत भई जानेको चित्तहरू अघिपछि लोप हुँदै गएको, विनाश हुँदै गएको थाह भइरहने प्रज्ञाज्ञान उत्पन्न हुँदै आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

यो ज्ञानस्तरमा पुग्यो भने टाउको, हात, खुट्टा, पेट आदि प्रज्ञप्ति आकार संस्थानहरू एकदमै नदेखिने हुन्छ (देख्न छोड्दछ)। यसर्थ पहिले पहिले सचेत भईरहनु राम्रो नभएझैं, रित्तोजस्तो टाढ़ो भएको जस्तो देखिने हुंदछ। तर नबिराई सचेत भइरहने नै गरेपछि सचेत रहने ज्ञानहरू विशेष रूपले छिटो र तीब्र भएर राम्रो हुंदै आउने गर्दछ।

सचेत भइरहने ज्ञान छिटो हुन थाले सचेत रहनपर्ने आरम्मणहरू पनि एकको पछि अर्को स्वत: चाँड़चाँड़ै उदय भईदिए झैं देखिने हुन्छ। यस प्रकारले प्रज्ञाज्ञान तीक्ष्ण तीब्र गतिमान हुँदै आउँदा आरम्मणको आदि मध्यतिर ज्ञान नपुगी अन्ततिरको मात्र ज्ञान भइरहने हुँदोरहेछ। अन्तभागलाई जानेको (थाह पाएको) प्रज्ञाज्ञान उत्पन्न हुने गर्दोरहेछ।

फुलिदैछ भनी सचेत हुंदा (अब) पहिले झैं पेटको आकार पनि प्रकट हुँदैन। पहिले फुलिनुको लगत्तै फुलिरहने भन्ने फुलिंदाका आदि भाग र मध्य भागतिर पनि प्रज्ञाज्ञान नपुगिने भयो। फुलिनुको अन्तभाग मात्र ज्ञानद्वारा थाह पाइरहने हुँदछ। थाह भइरहँदा पनि आकार संस्थानसित नमिसिएर चलीरहने स्वभाव मात्र नै लोप हुँदै गइरहेको विनाश हुँदै गइरहेको थाह पाउँदै जाने हुँदछ। त्यतिमात्र होइन सचेत भइरहेको चित्त समेत लोप हुँदै (हराउँदै) गइरहेको विनाश हुँदै गएको थाह पाउँदै देखिंदै आउने गर्दछ। त्यसो हुनाले फुलिदै छ भनी सचेत हुनसाथै चल्ने र थाह पाइरहेको चित्त एकको पछि अर्को हराउँदै गइरहेको स्पष्ट स्पष्ट हुने गरी थाह पाइरहने हुन्छ।

दबिएर जाँदैछ भनी सचेत हुंदा पनि यसै अनुरूप हुने गर्छ। पेटको आकार संस्थान पनि प्रकट नहुने, दबिएर जानुको आदिभाग र मध्यभाग पनि प्रकट नहुने हुन्छ। दबिएर जानुको अन्तिम भागलाई मात्र प्रज्ञाज्ञानले थाह होइने हुन्छ। थाह भइरहँदा पनि आकार संस्थान नमिसिएर चल्ने स्वभाव मात्र नै हराउँदै गइरहेको विनाश हुँदै गइरहेको पनि थाह हुँदै गइरहेको हुन्छ। अनि दबिएर जाँदैछ भनी सचेत हुनासाथै चलीरहेको पनि, सचेत रही थाह पाइरहेको चित्त पनि एकको पछि अर्को हराउँदै गइरहेको थाह पाउँदै गइरहेको हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

खुम्च्याउँदै छु, पसार्दै छु, सार्दैछु आदि भनेर सचेत रहने अवस्थामा पनि त्यसरी नै हो। आकार संस्थान प्रज्ञप्ति प्रकट नहोइने हुँदछ। सचेत रहनपर्ने आरम्मण र सचेत रही थाह पाइरहने चित्त हराउँदै गईरहेको स्वभाव, विनाश भई गईरहेको स्वभाव मात्र थाह हुँदै जाने हुन्छ।

यस्तै प्रकारले लगतै सचेत हुँदै गएर मार्गज्ञान, फलज्ञानद्वारा निर्वाण साक्षात्कार गरी लिनसक्ने हुञ्जेलसम्म पुगियो भने त्यो व्यक्ति कहिले पनि अपायमा पर्न नसक्ने हुन्छ।

लौ......(अब) बताईसकेको सम्फप्रलाप दुश्चरित्र विषय इतिश्री गरिने रूपमा धर्म-स्मरणिका भनौं-

सम्फप्रलाप परिणाम काव्य

निरर्थक कुरागर्ने गफास्टक मरीकन
अपाय नर्कमा सोझै झर्छ पतन भैकन।
जन्मे पनि भई मान्छे, विश्वास पात्र हुन्न त्यो
हक्कारेको गरी गाली सहने बन्न पर्छ त्यो।
चार अपाय देखेर डर लागे यथार्थमा
मार्गादि फलमा पुग्ने गर उद्योग साधना।
त्यो मार्ग-फलमा पुग्न कुन् धर्म गर्नु साधना ?
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना।
जे जति बुझ्न जानेको नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको रूप स्वभाव हो उही।
नाम र रूपको सारा उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश राख्नु नै हो विपश्यना।
गरेर भाविता मार्ग-फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चित बन्द नै हुने॥
सचेत होऊ हई.........सचेत होऊ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सुरामेरय दुश्चरित्र

८. मातलाग्ने मदच पदार्थको सेवनबाट दुष्परिणाम

लौ......(अब) सुरामेरय (मदचपान) विषय जोड़ौं-

सुरामेरयपानं भिक्खवे आसेवितं भावितं बहुलिकतं निरयसंवत्तनिकं तिरच्छानयोनिसंवत्तनिकं पेत्तिविसयसंवत्तनिकं यो सब्बलहुको सुरामेरयपानस्स विपाको मनुस्सभूतस्स उम्मत्तकसंवत्तनिको होति।

भिक्खवे = प्रियपुत्र हे भिक्षुहरू हो; **आसेवितं** = बारम्बार सेवन गर्नुपर्ने; **भावितं** = वृद्धि गर्नपर्ने; **बहुलिकतं** = धेरैपल्ट गर्नुपर्ने; **सुरामेरयपानं** = जाँड़ रक्सी सेवन गर्नाले; **निरयसंवत्तनिकं** = सुख रहित नर्कमा उत्पन्न गराउने हुँदछ। **तिरच्छानयोनिसंवत्तनिकं** = छड्के तेर्सिदै हिंड्ने (वक्रचालले चल्ने) तिरश्चीन योनिमा उत्पन्न गराउने हुँदछ। **पेत्तिविसयसंवत्तनिकं** = सुखबाट टाढ़िने प्रेतभूमि, असुरभूमिमा पनि उत्पन्न गराइदिने हुँदछ। **सुरामेरयपानस्स** = जाँड़रक्सी सेवन गर्ने अकुशल दुश्चरित्रको; **सब्बलहुको** = सबैभन्दा हल्का र स्वल्प भएको; **यो विपाको** = जुन फल; **(वा)** खराब परिणाम उत्पन्न गराउने जुन चेतना; **अत्थि** = छ; **सो** = त्यो सबभन्दा हल्का र स्वल्प भएको अकुशल चेतनाले; **मनुस्सभूतस्स** = मानिस जन्म लिईरहने ब्यक्तिलाई; **उम्मत्तकसंवत्तनिको** = बहुला बहुली (पगला पगली) बनाइदिने; **होति** = अवश्य नै हुँदछ। **(वा)** कुशल कर्मको भर पाएर मनुष्य जन्म लिए पनि चित्त मलिन भई दृढ़चित्त नभएर बहुला बहुली हुने गर्दोरहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय

जाँड़-रक्सी सेवन गरेर हिँड्नु पनि एउटा दुश्चरित्र हो । यो दुश्चरित्रले प्रतिसन्धि फल उत्पन्न गरायो भने उल्लंघन गर्ने व्यक्ति अपायमा पतन हुन्छ। प्रवृत्ति फल मात्र दिए मानिस हुने अवस्थामा बहुला बहुली हुने गर्दछ ।

यस दुश्चरित्रको सम्बन्धमा वाद-विवाद रही आएकै छ । त्यो कसो हो भने - "कहिलेकाँही अलिअलि पिउने गरे, दवाई पानीका रूपमा पिउनाले दोष छैन" भनी धारणा राख्ने र "जुनै तरिकाले पिउन थाले पनि कर्मपथ बन्दछ, दोष हुन्छ" भन्ने धारणा भएका यसरी दुइथरीका देखिन्छन् ।

तर "पिउने इच्छा भएर जानीजानी सँधै पिउने गरेमा भने, अन्यान्य दुश्चरित्रहरू पनि उल्लंघन होइने गरी पिउन थाले अपायमा पतन गराइदिने ठूलै दोष छ" भन्ने कुरालाई विद्वद्वर्ग सबैले नै स्वीकार गरीराखेका छन् ।

जाँड़ रक्सीको कारण मानिस मार्दा अपायमा पतन

रक्सीले मात्तियो भने अरू अरू दुश्चरित्रहरू उल्लंघन गरिएर नर्कमा पतन हुन परेको कथावस्तु साधक नमूनाहरू छन् ।

एकदिन तथागत गृधकूट पर्वतको फाँटमा चंक्रमण गर्दै हुनुहुन्थ्यो । ठीक त्यतिनै बेला आयुष्मान देवदत्तले एउटा अग्लो डाँड़ामाथि चढ़ेर तथागतलाई ढुङ्गा हानिपठायो । तथागतको हत्या गर्ने विचारले नै त्यसो गरिएको थियो ।

तर अरूहरूका प्रयोगको कारणले परिनिर्वाण हुनुहुने बुद्धहरूका चलन छैन । तसर्थ एउटा ठूलो ढुङ्गाले बिच्चैमा त्यो हानिपठाएको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ढुङ्गालाई रोकी राख्यो । त्यसरी दुइवटा ढुङ्गाको टक्कर हुँदा फुटेर उछिटिएर गएको एक टुक्राले तथागतको बुढ़ी औंलामा लाग्यो ।

ढुङ्गाको टुक्राको चोटले बुढ़ीऔंलामा खून जमेर निकै ढुक-ढुक दुख्न थालेको हुनाले जीवक वैद्यराजले तथागतको बुढ़ीऔंला शल्य चिकित्साद्वारा दवाई उपचार गर्नुपरेको थियो । यस प्रकार तथागतले आफ्नो बुढ़ीऔंला चीरफार गर्न लाएर बस्न परेको किन हो त भने रक्सीले मातेर उल्लंघन गरी आउनु भएको एउटा दुश्चरित्रको कारणले हो भनिन्छ ।

अघिको एउटा जन्ममा बोधिसत्त्व प्रदेशराज भएर आएका थिए । त्यो बोधिसत्त्व जाँड़-रक्सी मद्य सेवन गरीकन जथाभावी गरी हिँड्ने गर्थे । उनले एकदिन रक्सीले मात्तिएर एकजना राजपुरुषलाई विना कारण छुरी हानेर मारेर आएका थिए । रक्सीले मातेर उल्लघन गरीआएको दुश्चरित्रको कारणले उनले मरण भएर नर्कको दु:ख पनि भोगीसकेका थिए । अहिले सम्यक्सम्बुद्ध हुनुभएको जन्ममा समेत त्यो अकुशल फलानिशंसद्वारा बुढ़ी औंला चिर्न लाउन परेको भनिन्छ ।

मृषावाद काण्डमा बताइसकेको अरहन्त स्थविर नन्दलाई गलत दोषारोपण गरीआएको हुँदा दश हजार वर्षसम्म नर्कमा पतन भएर बस्नुपरेको पनि रक्सीले मातेर उल्लंघन गरिएको वचीकर्मको कारणले नै हो । त्यसैले मद्यपान दुश्चरित्र कर्मले प्रतिसन्धि फल दियो भने नर्कमा पतन हुने नै हो भन्ने निश्चित रूपले जान्नु बुझ्नु पर्‍यो ।

नर्कका सम्वन्धमा बताउँदै आइरहेको मध्ये अवीचि नर्क मात्र बाँकीरहेको छ र त्यही नर्क विषयमा जोड्दै जाऔं-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अवीचि नर्क

'अ' र 'वीचि' जोड़िएर बनेको 'अवीचि' शुद्ध पालि शब्द हो । अ = छैन; वीचि = खालिस्थान । त्यसो हुँदा अवीचि भन्नाले १) नर्कभोगीहरू २) नर्कको अग्नि-ज्वाला ३) दु:ख- यी तीनै थरी कहिले खाली नहुने नर्क भन्ने भाव हो ।

यस नर्कमा नर्कभोगीहरू फलामको, बाँसको ढुङ्ग्रो भित्र राखिएको तोरी, तिल जस्तै नर्कभरि नै खाँदाखाँद भरिएको हुँदोरहेछ । खाली ठाउँ भन्ने कतै नहुने। नर्कको आगोले पनि त्यहाँ जम्मै नै दचाम्म ढाकिएको हुन्छ । नर्कको अग्नि-ज्वाला नपुगेको खाली भन्नु कुनै ठाउँ छैन । नर्कभोगीहरूले भोगीरहनुपर्ने दु:ख पनि लगत्तै भईरहने, खाली नरहने । ती तीनै खाली नहुने हुनाले त्यो नर्कलाई अवीचिनर्क भनिएको रहेछ ।

यस नर्कका नर्कभोगीहरूले पनि अकुशल कर्म शेष भएसम्म दु:ख भोग गरिरहन पर्ने हुन्छन् । नर्कको आयु शेष हुञ्जेल दु:ख भोग्न परे अन्तरकल्प पूरै भोग्नु पर्दछ। अन्तर कल्प भनेको ऱ्हासकल्प र वृद्धिकल्प एक जोड़ालाई भनिन्छ ।

आदि कल्पको अवस्थामा मानिसहरू असंख्य कल्पसम्म आयु लामो भएका हुन्थे भनिन्छ। असंख्य भनेको (१) - को पछि जम्मा १४० शून्य भएको भनिएको छ।

असंख्य आयुदेखि १०० वर्ष पुग्दा हरेक पल्ट एकवर्ष घटाइने विधि अनुसार १० वर्षसम्म ऱ्हास हुँदै आउने समयलाई "ऱ्हास कल्प" भन्दछ। १० वर्षदेखि असंख्य वर्षसम्म फेरि माथि चढ्ने समयलाई "वृद्धिकल्प" भन्दछ । यस्तो ऱ्हासकल्प र वृद्धिकल्पको एक जोड़ा एक "अन्तरकल्प" हो ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अवीचि नर्कको आयु नसकुञ्जेल दुःख भोग्न परे त्यस्तो अन्तरकल्प पूरै भोग्नुपर्ने हुन्छ। अवीचि नर्कमा चारै दिशामा १) मलमूत्र उस्सद नर्क, २) उष्ण खरानी (भुङ्ग्रो) उस्सद नर्क ३) सिमल-जंगल उस्सद नर्क ४) खड्ग-पातको जङ्गल उस्सद नर्क ५) निगालो-बाँस-नाला उस्सद नर्क भनी परिवार उस्सद नर्क एक एकको खापाखाप गरी पाँच पाँच तह छन् भनिएको छ।

यस अवीचि नर्कका नर्कभोगीहरू कहिलेकाहीं नर्कद्वारहरू खुल्लारहेको पाएर ती नर्कद्वारहरूतिर कठिन दुःख भोग्दै पुग्न जाने गर्छन् तर ढोका छेऊ पुग्नासाथै ढोकाहरू (दैलाहरू) बन्द होइन्छन्। कसैगरी बाहिर जानसके पनि दुःख छुटिने होइन।

बाहिर निस्कन सकेका नर्कभोगीहरू पहिले मलमूत्र उस्सद नर्कमा पुग्छन्। त्यो सानो नर्कमा हात्तीको टाउको जत्रो ठूला कुहेको घाउमा हुने जस्ता कीराहरूले सियोको टुप्पो जस्तो चुच्चो थुतुनाले तिनीहरूलाई घोच्दै खाने गर्दछ। मलमूत्रबाट मुक्त भएपछि फेरि पोल्ने खरानी नर्कमा पुगिन्छ। त्यो पोल्ने खरानी नर्कको मुनि घर - विहार जतिकै अग्लो नर्कका कोइलाको आगो हुँदछ। तसर्थ त्यहाँ पुग्ने नर्कभोगीहरूले आगोमा पोलिएर बस्नुपर्ने हुन्छ।

यो पोल्ने खरानी नर्कबाट मुक्त भएपछि फेरि सिमल-जंगल नर्कमा पुगिन्छ। नर्कको आगो हप्लाक्क हप्लाक्क आउने गरी जलीरहने सिमल-बोटमा ६ इन्च जति लामा लामा काँड़ा हुनेगर्छ र ती काँड़ा बड़ो गजबको हुँदोरहेछ। नर्कपालहरूले लखेट्दै लाँदा नर्कभोगीहरू तर्सदै ती सिमलको बोट चढ़दै भाग्न थाल्दा ती काँड़ाहरू चुच्चो टुप्पो तलतिर फर्केका हुन्छन्। तर माथिबाट तल झर्न थाल्दा भने माथि टुप्पो फर्काएका हुँदोरहेछ। त्यसो हुँदा माथि चढ़दा पनि तल झर्दा पनि नर्कभोगीहरू ती काँड़ाहरू घोंचिएर दुःख पाइरहने हुँदछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

यस्तो नर्कबाट मुक्त हुनासाथै खड्ग जस्ता पातको जंङ्गल नर्कमा पुगिन्छ। यस नर्कमा रूखका पातहरू तलवार खड्गको धार जस्तै लाग्ने धारिलो हुँदछ। पछाड़िबाट नर्कपालहरूले लखेट्दै ल्याउँदा तर्सेर त्यो जंगलमा जाने नर्कभोगीहरूले त्यस्ता धारिला पातहरूको चोट अघोरै कष्ट सहित सहन पर्ने हुन्छ।

यो नर्कबाट मुक्त हुन सके फेरि निगालो-बाँस-नाला नर्कमा पुगिने हुन्छ। त्यस नालाको पानी, विलाएर राखेको फलाम जस्तो हुँदछ। त्यस्तो नालामा झरेका नर्कभोगीहरू सार्‍है अचाकालि पोलिएर माथि उक्लने कोशिस गर्दछन्, तर जालो जस्ता बेंटका काँडाहरूले रोकिने हुनाले माथि उक्लन नसक्ने भईरहन्छन्। काँड़ाले घोंचिन पर्दा हटेर जान खोज्दा त्यही नालामा नै झर्न थाल्दछ। त्यस्ता काँड़ाको चोट र नर्कको फलामे-पानी जस्तो अघोरै तातोमा पर्दा मरणान्तक दु:ख भोग्न परिरहेको हुने गर्दछ। मूर्छित भएर नालामा माथि तल लड़िबड़ि गरिरहने होइन्छ। त्यस्ता कष्टमा परेका नर्कभोगीहरूलाई घाटको तीरमा नर्कपालहरूले धनुषवाण, भालाले हिर्काएर हानेर अनेक तरिकाले सास्ति गर्दछन्।

ती नर्कभोगीहरू अकुशल कर्म शेष नभएपछि त्यो निगालो बाँस नाला नर्कबाट मुक्त भइकन मनुष्य, देवलोकमा फर्की आइपुग्छन्। अकुशल कर्म शेष भए अवीचि नर्कमा नै फर्कने हुन्छन्। त्यसर्थ यस्तो अवीचि नर्कमा पुगियो भने बाहिर निस्कने ढोका प्वाल पाउन सक्ला भन्ने चिताउनै पर्दैन। सार्‍है नै भयानक।

लौ......(अब) उपदेश स्मरणिका भनौं-

oal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अवीचि नर्क भोग स्मरणिका

दु:ख, अग्नि-ज्वाला र भोगीहरू
यी तीनै बीच छैन स्थान खालि
नहुँदा तीनैमा स्थान खालि नै
भनिन्छ यो अवीचि नर्क भनी ।
वरिपरि बीस साना नर्क घेरिएर
भाग्न सजिलैसित पनि दिंदैन,
असूचि, भष्म, खड्ग, सिमल
फलामे पानीमा बेंतको नदी ।
पाँच-पाँच तह हरेक दिशामा
भो बीस तह नै चारै दिशामा
अवीचिको आयु हिसाब गरे
अन्तरकल्प एक पूरै हुने ।
भयङ्कर अहो..........कति भयङ्कर !!

मद्यपानद्वारा अपायमा पतन नहोइने गरी विपश्यनाले रक्षा गरेको कथावस्तु

यस्ता नर्कका दु:ख भोग्न परेको दुश्चरित्रको कारणले नै हो । तैपनि सुरामेरय जस्ता दुश्चरित्र उल्लंघन गरीराखेका भए पनि आर्य-भावसम्म विपश्यना कार्यलाई प्रयत्नपूर्वक उद्योग र अभ्यास गर्दै लगे त्यो व्यक्ति चार अपायबाट टाढ़िएर अलग्ग हुन सक्तछ ।

एक समय श्रावस्ती जेतवन विहारमा तथागत विराजमान हुनुहुँदा श्रावस्तीमा जाँड़-रक्सी पिउने उत्सव मनाइन्दै थियो । त्यतिबेला विशाखा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

विहार-दाताका पाँचसय जना स्त्री-साथीहरूले विशाखालाई त्यस उत्सवमा भाग लिनका निम्ति साथी गरिदिने आमंत्रण गरिरहेका थिए। तर विहारदाता स्रोतापन्न थिइन्, त्यसरी साथी गरिदिनु भन्दैमा कहाँ हुन्थ्यो ?

तसर्थ ती पाँचसय जना महिलाहरू आफै आफ जाँड़-रक्सी पिउने उत्सवमा गईकन खाई-पिई रस रङ्गमा लागेका थिए। त्यसपछि रक्सीले मात्तिदै विशाखा कहाँ फर्के। साँझ पख विशाखा विहारमा उपदेश सुन्न भनी जानलाग्दा तिनीहरू पनि रक्सीको मात नहराउँदै संगै गए।

अँ........अनि विहारमा पुगेर तिनीहरू रक्सीको प्रभावले गर्दा तथागतका सम्मुख नाच्ने नाचेकै; गीत गाउने गाएको गाएकै भई, मुखले बाजा बजाउनेहरू बजाएरै, बाझ्नेहरू बाझीरहँदै, पछ्यौरी-फरिया पनि सम्हाल्न नसक्ने भईकन थाम्नै नसकिने भई मनपरी गरिरहेका थिए।

रक्सीले मातेकाहरू यसै जन्ममा नै आधा वहुला-वहुली भएको देख्न पाइरहेको थियो। यसकारण रक्सी-जाँड़ पिउनाले अपायमा नपुगेता पनि कमसेकम मानिस होइने अवस्थामा वहुला-वहुली हुन सक्तछ भन्ने बुद्धवचन मतवालाहरूका यसै जन्मका स्थिति हेर्दै नै सही भइरहेको कुरा स्पष्ट छ।

ती पाँचसय स्त्रीहरू रक्सीको प्रभावले मनपरी जथाभावी चलेर घारघूर गरिरहेको हुनाले तथागतले उनीहरूलाई तर्साउन नीलो प्रकाश छोड़ी पठाउनु भयो। चारैतिर अँध्यारो हुँदै जान थाले पछि तिनीहरू तर्सिन थाले र रक्सीको मात हराउन थाल्यो। अनि पछि मात्र फेरि तथागतले सेतो प्रकाश छोड़ी दिनु भएपछि उज्यालो फैलियो।

तदुपरान्त तथागतले ती पाँचसय महिलाहरूलाई उपदेश गर्नु भयो। उपदेश सुन्दै तिनीहरू पनि उत्पत्ति विनाश रूप र नामको क्रम

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

मनन गर्दै भाविताद्वारा सचेत भईरहने गर्दा अन्तमा सबै स्रोतापन्न भए। स्रोतापन्न भनेपछि कहिले पनि अपायमा पतन नहुने भयो।

त्यसैले उल्लंघन नभएका सुरामेरय जस्ता दुश्चरित्र उल्लंघन हुन नपाइने गरी शील सुरक्षित रहने गरी धारण र पालन गर्नुपर्छ। उल्लंघन भइहालेका दुश्चरित्रको कारणले अपायमा पतन हुन्छ भनी डर लागे विपश्यना भावना धर्मलाई आर्यभावसम्म पूरा हुने गरी उदचोग एवं अभ्यास गर्नुपर्छ भनी प्रेरणा दिन लागिरहेछु।

भय आदिनवबाट निर्विदा दर्शन

विपश्यना भाविता गर्दै सचेत रहने अवस्थामा आरम्मण र सचेत रही जानेको चित्त स्वात्त स्वात्त अधि पछि हराउँदै जाने विनाश हुँदै जाने थाह हुनेसम्म प्रज्ञाज्ञान वृद्धि भएको ढंग बताइसकें। अब अझ प्रज्ञाज्ञान वृद्धि भएर आएको ढंगको सिलसिला जोड़दै बताउँला।

त्यसरी जति पल्ट सचेत भइरह्यो त्यत्ति नै पल्ट होश सचेत राख्नपर्ने आरम्मण र सचेत रही जानेको चित्त हराउँदै गएको निरवशेष हुँदै गएको मात्र बारम्बार धेरै देखिन थाल्दा त्यो सचेत राख्नपर्ने आरम्मण र सचेत रही जानेको चित्त भन्ने रूप र नाम डरलाग्दो छ भनी प्रकट हुने गर्दछ।

अहो......खुरू खुरू हराउँदै गइरहेको, निरवशेष हुँदै गइरहेको मात्र रहेछ। पहिले पहिले पनि यसरी नै हराउँदै निरवशेष हुँदै गइसकेको त होला। पछि पछि पनि यसरी नै हराउँदै निरवशेष हुँदै गइरहने नै हुनेछ। यो खुरू खुरू हराउँदै निरवशेष हुँदै गइरहेको रूप र नामलाई 'म' भनी हिंड़ेको भयङ्कर पो रहेछ भन्ने थाहा हुँदै देखिँदै आउने हुँदछ।

यसरी खुरूखुरू हराउँदै निरवशेष हुँदै गइरहेको रूप र नामलाई भयको रूपमा देखिन थाल्यो भने त्यो हराउँदै निरवशेष हुँदै गइरहेको रूप

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

र नाममा धेर समय नबित्दै दोष देखिन थाल्दछ। घृणित नचाहिँदो जस्तै, धूलो पीठो भई सकिने भैं, जीउ भरि शोभा विहीन हुने गरी कुहिने जस्तो पनि देखिन सक्तछ।

यसरी खुरूखुरू हराउँदै निरवशेष हुँदै गइरहेको आरम्मण र सचेत रही जानेको चित्तलाई भयको रूपमा देख्ने प्रज्ञाज्ञान; दोष देखिने प्रज्ञाज्ञान; नरमाइलो लाग्न थाल्ने प्रज्ञाज्ञान, यी ज्ञान प्रकार हिसाबले समान छन्। छिपेको र नछिपेको मात्र फरक भईरहेको हो। ती तीनैवटा ज्ञान जम्मै देख्न सक्ने (बुझीलिने) व्यक्तिहरू पनि हुन्छन्। ती जम्मै नै देखी बुझीलिने नभएर एक-दुइमात्र देखी बुझीलिने व्यक्तिहरू पनि हुन्छन्।

यस प्रकारले प्रज्ञाज्ञान वृद्धि हुँदै आए पनि वास्तवमा सचेत भइरहनुमा केही फरक हुँदैन। पहिले पहिले सचेत रहने गरी आए भैं सचेत भइरहनु नै हो। त्यसरी लगत्तै सचेत रहँदै गएर मार्गज्ञान फलज्ञानद्वारा निर्वाण साक्षात्कार गर्न सकिने भावसम्म पुग्न पाइयो भने त्यो व्यक्तिका निम्ति अपायको ढोका विल्कुलै वन्द रहने भयो।

लौ...अब.....बताइसकेका सुरामेरय विषय इतिश्री गरिने ढंगमा धर्म स्मरणिका भनौं-

सेवन जाँड़ रक्सीको गर्ने व्यक्ति मरीकन
अपाय नर्कमा सोझै झर्छ पतन भैकन।

जन्मिए पनि मान्छे भै, नभई मन नै दृढ़
बहुला बहुली बन्दै भोग्न पर्दछ जीवन।

चार अपाय देखेर डरलागे यथार्थमा
मार्गादि फलमा पुग्ने गर उदयोग साधना

त्यो मार्ग फलमा पुग्न, कुन् धर्म गर्नु साधना?
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

जे जति बुझ्न जानेको नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको रूप स्वभाव हो उही ।

नाम र रूपको सारा उत्पत्ति र विनाशता
ज्ञात हुने गरी होश राख्नु नै हो विपश्यना ।

गरेर भाविता मार्ग-फलमा पुगियो भने
अपाय नर्कको ढोका निश्चित बन्द नै हुने ।

सचेत होऊ.....हइ........सचेत होऊ ॥

मनोदुश्चरित्र तीनैवटाद्वारा अपाय पतन

अहिलेसम्म बताईसकेका दुश्चरित्रहरू **'दुच्चरित विपाकसुत्त"** म भएका आठ दुश्चरित्र विषय हुन् । ती आठवटाबाट कामेषु मिथ्याचार र सुरामेरयलाई एउटैमा सम्मिलित गरिए कायदुश्चरित्र ३ वटा, र वची दुश्चरित्र ४ वटा गरी जम्मा ७ वटा हुँदछ । ती ७ वटा र मनोदुश्चरित्र ३ वटा सहित दुश्चरित्र १० वटा भयो । तीन मनोदुश्चरित्रमा अब अभिध्या विषयमा बताउँला ।

८. (ख) अभिध्याद्वारा दुष्परिणाम

येभुय्येन हि सत्ता तण्हाय पेत्तिविसयं उपपज्जन्ति ।

(-अट्ठसालिनी)

हि सच्चं = अवश्य हो; **येभुय्येन** = प्राय: जसो गरी; **सत्ता** = पृथग्जन सत्त्व प्राणीहरू; **तण्हाय** = लोभ तृष्णाको कारणले; **पेत्तिविसयं** = प्रेतलोकमा; **उपपज्जन्ति** = उत्पन्न हुन पुग्दछन् । **वा** ... ... लोभ अभिध्या अति नै वृद्धि गरियो भने प्रेत हुनजाने हुँदोरहेछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding

भावार्थ अभिप्राय

अर्काको वैभव-सम्पत्ति आफ्नो वैभव सम्पत्ति बनाउने चाहना लोभ; अर्काको वैभव सम्पत्ति अन्याय पूर्वक इच्छा गर्नु लोभ अभिध्या दुश्चरित्र हो। अभिध्याको मूल स्वरूप यो लोभ कतिपय काय दुश्चरित्र र वची दुश्चरित्र उल्लंघन गरिने क्षेत्रको मूल कारणको रूपमा सामेल (समावेश) गरिएको छ। लोभ तृष्णा राग भन्ने शब्दहरू मूल स्वरूप अनुसार समान छन्। सूक्ष्म र स्थूल मात्र फरक रहेको छ। यसकारण यो लोभ तृष्णा चित्त लिई मृत्यु भयो भने प्रेत हुन जान सक्तछ भन्ने उपरोक्त अट्ठसालिनी वाक्य नै यहाँ पालिको उद्धरणको रूपमा उल्लेख गरिएको हो।

अभिध्याको कारणले अपायमा पतन

तथागतको जीवन कालमा आयुष्मान महामौद्‌गल्यायन एकपल्ट देश चारिका गर्नुहुँदै विञ्झाटवी जङ्गलमा पुग्नु भयो। उनले त्यहाँ चार विचित्र प्रेत परिवारहरू भेट्नु भएको थियो।

ती चार मध्ये बाबु चाहिँ प्रेतले आगोको ज्वाला हप्लाक हप्लाक आउने गरी जलिरहेको भूस, दुबै हात भरि भरि लिएर आफ्नै टाउकोमा छ्वाररर छ्वाररर पोखाउँदै अघोरै कष्ट पाउँदै थियो।

छोरा चाहिँ प्रेतले भने आफैले आफ्नो टाउकोमा फलामे मार्तोलले हिर्काउँदै कष्ट पाउँदै थियो।

आमा-प्रेतनीले घिनलाग्दो मलमूत्र खाँदै बस्नु परिरहेको थियो भने बुहारी प्रेतनीले चाहिँ आफ्नै ढाड़ पछाड़िको मासु आफ्नै लामा लामा नङराले चिथोर्दै तान्दै खाईरहन परेको थियो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

आयुष्मान महामौद्गल्यायन महास्थविरले उनीहरूसित सम्पूर्ण कारण सोधपुछ गर्नुहुँदा बाबु चाहिँ प्रेतले आफूहरूले उल्लंघन गरिआएका दुश्चरित्रहरू सबै बताई दियो ।

तिनीहरू श्रावस्ती छेवैको एउटा गाउँमा खराब नियत भएका दुर्मति व्यापारी परिवार थिए । बाबु चाहिँ प्रेतले असल सालि धानमा दाना नभएको सालि धान र रातो माटो मिसाएर छलकपट गरेर बेच्ने गर्थ्यो । खोटो नचल्ने मोहर, ओजन कम भएको ढक, कम नापको माना-पाथी आदि प्रयोग गरी अरूहरूबाट धेरै पैसा रूपिञाँ ठग्ने काम गरीआएको थियो ।

छोरा-प्रेतले आमा चाहिँको टाउकोमा फलामे छडले हिर्काएर आएको थियो । बुहारी-प्रेतले अरूका लागि राखिएको मासु चोरेर खाने गर्थी र साथै ढाँटेर बोल्दै 'मैले चोरेर खाएकी भए जन्म-जन्म हरेक पल्ट आफ्नै आङ (पिठिउँ– को मासु आफैले खान परोस्' भन्दै कसम खाएर आएकी थिई । आमा प्रेतले पनि अरू कसैले एउटा चीज माग्न आए आफूसित हुँदाहुँदै पनि छैन भनी असत्य मात्र बोल्ने गरेकी होइन तर "झूठो बोलेकी भए हरेक जन्ममा मलमूत्र खानपर्ने हुनु परोस्' सत्य कराल गरी कसम खाने गरेर आएकी थिई ।

ती प्रेत परिवारको छोरा बाहेक अरू तीनै जनाले प्रायः जसो असत्य बोलेर आउने हुँदा प्रेत दुःख भोग्न परेको थियो । ती असत्य व्यवहार पनि धेर जसो लोभ नै मूल कारण भएका हुनाले उत्पन्न भएका हुन् । त्यसै कारण अभिध्याले अपायमा पतन गराउन सक्तछ भनी बताउँदै आएको हुँ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

९. ब्यापादको वृद्धिले दुष्परिणाम

लौ......(अब) ब्यापाद विषय जोड़दै जाऔं ।

दोसेन हि चण्डजातिताय दोससदिसं निरयं उपपज्जन्ति ।

(-अट्ठसालिनी)

चण्डजातिताय = प्रचण्ड (बदमाशे) स्वभाव भएको; **दोसेन हि** = दोषको कारणले; **दोससदिसं** = दोष समानकै; **निरयं** = नर्कमा; **उपपज्जन्ति** = पुग्नु पर्ने हुँदछ । **वा** = विनाश गराउने ब्यापाद बनाईरहे नर्कगामी हुनपर्ने हुँदोरहेछ ।

भावार्थ अभिप्राय

अरूलाई विनाश गर्ने चाहना हुनु ब्यापाद दुश्चरित्र हो । त्यो ब्यापादको मूल स्वरूप दोष, पाणातिपात र पौरुष वचन जस्ता काय दुश्चरित्र र वची दुश्चरित्र उल्लंघन गर्ने अवस्थामा प्रमुख कारणको रूपमा समावेश भएको हुन्छ । यसैले यो ब्यापाद दोषचित्त मात्र लिई पृथग्जन सत्वप्राणीहरू मरण हुन गए नर्कमा पतन हुन जाने बढ़ी हुन्छन् ।

ब्यापादको कारणले नर्कमा पतन
सुप्रबुद्ध कथावस्तु

तथागत सम्यक्सम्बुद्धका मामा पनि थिए साथै ससुरा पनि थिए देवदहका नरेश सुप्रबुद्ध । उनले तथागत प्रति आफूसित भएको आघात शान्त गर्न असमर्थ भइरहेका थिए । "मेरी भाञ्जी, मेरी छोरीलाई एकजना नानी सहित छोड़ीराखेर हिंड्ने, मेरो छोरा राजकुमार देवदत्तलाई पनि उसैले भिक्षु हुन लगायो । अनि फेरि उसैले मेरो छोरालाई शत्रुको स्थानमा

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

राख्यो।" यस्तो दोष चित्तले तथागतलाई अनर्थ हुन दिने विचारका साथै उदयोग गरीरहेको भाव पनि थियो।

एकदिन तथागत भिक्षाटन जानुहुने बाटोमा नै त्यो राजाले आफ्ना परिषदसित पहिले नै त्यहाँ ठाउँ लिइराखी रक्सी पिउने उत्सव मनाई बसेका थिए। जानीजानीकन नै तथागत भोकै रहुन् भन्ने उद्देश्यले बाटो बन्द गरेर बसेका थिए।

अनि.....आफ्ना अनुयायी सङ्घ सहित केही बेरपछि नै तथागत त्यो ठाउँमा आइपुग्नुभयो। तथागतका निम्ति बाटो छोड़िदिन भनी अनुयायी भिक्षुहरूले राजा सुप्रबुद्धलाई निवेदन गरे। त्यस अवस्थामा पनि "यो भानिज श्रमण गौतम उमेरमा म भन्दा सानो हो, म बाटो छोड़ी दिन सक्तिन। उसलाई जानु नै छ भने छेऊछेऊबाट छलेर जाओस्" भनी जवाब पठायो। त्यसो हुँदा तथागत प्रमुख संघले त्यहाँबाट फर्केर जानपरेको थियो।

तथागतले फर्केर जानुहुँदा के भन्नुभयो भनी जान्नलाई सुप्रबुद्धले एकजना चरपुरुषलाई तथागतको पछि पछि पठाएका थिए। बाटो बिचमा तथागतले खोक्नु हुँदा भाइचाहिँ आयुष्मान आनन्दले प्रश्न गरे पछि "म तथागतलाई भोकै बस्नपर्ने गरी बाटो बन्द गरेर जान नदिएको अकुशल कर्मको कारणले आजदेखि सातदिन भित्र सुप्रबुद्ध आफ्नो राजप्रासादको सिँढ़ी (भऱ्याङ्ग) बाट तल झरेर पृथ्वी फाटिएर भासिएर जानेहुन्छ" भनी तथागतले भविष्यद् व्याकरण गर्नुभयो।

तथागतले त्यसरी आज्ञा गर्नुभएको चरपुरुषद्वारा सुप्रबुद्धले जाने पछि, "तथागतको वचन झूठो पारी दिन्छु, तथागतलाई मृषावादद्वारा आरोप लगाएर इज्जत लिऊँला" यस्तो व्यापाद दोष युक्त चित्तले विचार गर्दै कामकुरो गरिरहेका थिए। सात दिन मनग्गे पुग्ने गरी खाने पिउने

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पूरा भर्न लाएर सात तल्ला भएको प्रासादको सबैभन्दा माथिल्लो तल्लामा गएर बसे । तल्लैपिच्छे ढोकाका खापा ड्यामडुम्म हुनेगरी बन्द गर्न लगाएर ढोकैपिच्छे पाले खटाईराखे । त्यसको उद्देश्य थियो- कथंकाल केही भएर अपरझट्ट सिँढीबाट ऊ उक्लन थाले चट्ट रोक्नका लागि ।

तर तथागतको वचन गलत हुन्छ भन्ने हुँदैन । सातौंदिन राजा सुप्रबुद्धको मङ्गल घोड़ा तर्सँदै यताउति लात्तले हान्दै उफ्री रहने भएको थियो। त्यो घोड़ा तर्सिरहने बेलामा सुप्रबुद्ध राजालाई देख्ने बितिक्कै आफै शान्त भएर जाने गर्थ्यो । त्यसकारण घोड़ालाई अनुहार देखाउन भनी सुप्रबुद्ध ढोकामा आउना साथै ढोका आफै खोलिंदै गयो । ढोकामा रोक्न लगाउने भनी राखिएका पाले मुक्का बाजहरूले पनि रोक्नु त कहाँ झन् उनलाई तल्लै पिच्छेबाट ठेल्दै तल झारिरहेका थिए ।

यस प्रकारले सुप्रबुद्ध राजा सात तल्ले प्रासादको सबैभन्दा माथिल्लो तल्लाबाट झरेर सबैभन्दा तल्लो तल्लाको सिँढ़ीमनि पुगेर पृथ्वीमा भासिएर नर्कमा पतन हुनगयो । सुप्रबुद्ध राजा नर्कमा पतन हुन परेको तथागतलाई विनाश गर्न चाहेको र अनर्थ गरिदिन चाहेको व्यापाद दोषको कारणले नै हो ।

१०. धारणा गलत भए दुष्परिणाम

लौ.......(अब) मिथ्यादृष्टिको विषय जोड़ौं

मिच्छादिट्ठि समादाना, सत्ता गच्छन्ति दुग्गतिं ।

(धम्मपद)

मिच्छादिट्ठि समादाना = गलत धारणा हुनेहरू; **सत्ता** = जति पनि सत्त्व प्राणी छन् सबैनै; **दुग्गतिं** = नराम्रो, खराब दुर्गतिमा; **गच्छन्ति** = जानुपर्ने हुँदछ । वा-गलत धारणा मिथ्यादृष्टि सुदृढ़ बनीरहे अपाय भूमिमा पुग्नुपर्ने हुँदोरहेछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

भावार्थ अभिप्राय

१) कुशल कर्म अकुशल कर्म भन्ने कारण फ्याँकिदिने (फाल्ने) धारणा, २) कुशल कर्म अकुशल कर्मका परिणाम फ्याँकिदिने धारणा, ३) कारण र फल दुवै फ्याँकिदिने धारणा मिथ्यादृष्टि दुश्चरित्र हो । यी धारणाहरू त्याग नगरीकन दरिलोगरी समातेर मरण हुने व्यक्तिहरू चार अपायमा जानुपर्ने हुँदछन् ।

बुद्धकालीन अवस्थामा आफू आफू स्वयंलाई नै बुद्ध भन्ने सम्मति दिइकन तथागतसित प्रतिस्पर्धा गर्दै बुद्ध भइरहेका पूरण काश्यप आदि तीर्थंकराचार्यहरू आआफ्ना गलत एवं उल्टो धारणा सुदृढ़ गरी अपनाउँदै नै मरण भएर नर्कमा पतन हुन जाने धेरै थिए ।

तिरश्चीन

चार अपाय भएकोमा नर्कको विषयमा मनग्गे पूरा हुने गरी बताई दिइसकेको छु । अब रहेका तीन विषयमा अलिअलि गर्दै लगत्तै बताउँदै जाऊँला ।

तिरश्चीन भनेको **'तिरच्छान'** भन्ने पालिबाट आएको संस्कृत शब्द हो । मनुष्य देवताहरू जस्तै सीधा सीधा नहिँड़ी छड्के वक्रचालमा हिँड्ने सत्त्व प्राणीहरू भन्ने भाव हो । यिनीहरूको कुनै निश्चित भूमि हुँदैन । यिनीहरू झुण्ड झुण्ड भई जम्मा हुने ठाउँलाई नै तिरश्चीन भूमि भनिएको हो । यी तिरश्चीनहरूको दुःखकष्ट विषयमा सबैलाई थाह भइरहेकै देखीरहेकै हुनाले विशेष रूपमा भनिरहनपर्ने छैन ।

प्रेत

पालिको **'पेत'** शब्दको परिवर्तित संस्कृत शब्द हो प्रेत । सुखदेखि टाढ़िएको स्थानमा पुगी बसेका सत्त्व प्राणीहरू भन्ने भाव हो । यी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

प्रेतहरूलाई खाने पिउने चीजको साऱ्है संकट हुने गर्दछ । यिनीहरूमध्ये कत्तिले त मानिसहरूले फ्याँकिराखेका रहल-पहल भात-दाल, नाकबाट निस्केको सिँगान, खकार-थूक, मलमूत्र इत्यादि खाई बस्नपर्ने हुँदछ । आफ्नै अलग कुनै भूमि, घरवार, वासस्थान यिनीहरूको हुँदैन । यिनीहरू बस्ने नदी-नाला, पहाड़ पर्वत, मसान आदि ठाउँहरूलाई नै प्रेतभूमि भन्दारहेछन् ।

असुरकाय

'असुरकाय' पालि प्रयोजित शब्द हो । अधिकारमा, रमझम आदिमा देवताहरू जस्तै जाज्वल्यमान हुन नसक्ने सत्त्वहरू भन्ने अभिप्राय हो । तीन प्रकारका असुरहरू हुन्छन् र ती मध्ये चार अपायमा पर्नेहरू चाहिँ कालकञ्चिक असुरहरू रहेछन् । तिनीहरू पनि खाने पिउने चीजका निम्ति असाध्यै संकटमा परेकाहरू हुन् । यस्ता कतिपय असुरहरूले त दुइ तीनजना बुद्धहरू प्रादुर्भाव हुन भ्याउने अवधिसम्म एकपल्ट पनि केही खान पिउन पाउँदैनन् । यिनीहरूका निम्ति पनि अलग भूमि कतै छैन । यिनीहरूको वासस्थान नै असुरकाय भूमि भनिन्छ ।

मिथ्या धारणाद्वारा अपायमा पतन नहुने गरी विपश्यनाद्वारा रक्षा

मिथ्या धारणा सुदृढ़ हुनेगरी ग्रहण गर्नेहरू मरणपछि उत्पन्न हुन जानपर्ने ठाउँ हो चार अपाय ।

अपायमा पतन गराउन सक्ने मिथ्या धारणा ग्रहण गरिएकै भए पनि विपश्यना भावना धर्म उद्योग एवं अभ्यास गरीकन आर्य हुन पुगे ती मिथ्याधारणा पनि विलीन भएर जानेछन् र अपाय भयबाट पनि एकदमै टाढ़िएर अलग्ग हुन गई मुक्त भएर जान्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आयुष्मान सारिपुत्रकी मुमा रूपसारी ब्राह्मणी वंश परम्परादेखि नै सञ्जय तीर्थंकराचार्यहरूलाई गहन भावले पूजा गर्दै आइरहेकी थिइन्। आयुष्मान सारिपुत्र प्रमुख चार छोराहरू र तीन छोरीहरू समेत अरहन्त हुनुभइसकेका थिए, तरै पनि आमा चाहिँभने मिथ्या धारणा छोड़ेकी नै थिइन। अझ छोरा-छोरीहरूलाई धर्म बदली गरेर जान हुने हो र भनी मन खल्बल्याइदिने गरिरहेकी थिइन्।

ज्येष्ठ पुत्र आयुष्मान सारिपुत्रले तथागतका दाहिने हात आर्यश्रावकका रूपमा ४४ वर्षसम्म विभिन्न स्थानमा घुमी घुमी शासनको अभिभार लिईरहनु भएसम्म पनि आमा चाहिँले मिथ्या धारणा अपनाई नै रहेकी थिइन्।

अन्तमा जन्म भएकै कोठामा आयुष्मान सारिपुत्र परिनिर्वाण हुनुहुने दिनको साँझको बेलातिर मात्र आयुष्मान सारिपुत्रले रक्त वमन भईरहँदारहँदै पनि रोकिँदै दिनुभएको उपदेश सुन्दै हृदयमा ग्रहण गरी भाविताद्वारा सचेत हुँदै गएर स्रोतापन्न भएपछि मात्र मिथ्याधारणा छुटिएको थियो। यदि यो ब्राह्मणी मिथ्या धारणा ग्रहण गरी राखेरै मरण भएकी भए अपायमा पतन हुनु निश्चित थियो। छोराको उपदेश सुन्नपाएर स्रोतापन्न हुन पुगेकी हुनाले अपाय भयबाट मुक्त भएर गएकी थिइन्।

त्यसै कारण मनोदुश्चरित्र उल्लंघन नहोइने गरी रोक्ने गर्नुपर्छ। शीलले मात्र रोकिन सक्ने होइन। शीललाई आधार बनाई, शमथ वा विपश्यनालाई अटूट नबिराईकन चिन्तन मनन गर्दै उद्योग र अभ्यास गरे मात्र उल्लंघन नभएका मनोदुश्चरित्र रोक्न सक्ने हुन्छ। मनोदुश्चरित्रको कारणले अपायमा पतन नहोइने गरी आर्यभावमा पुग्ने गरी उद्योग र अभ्यास गरिए मात्र हुन सक्तछ त्यसैले विपश्यना भावना धर्मको उद्योग अभ्यास गर्दै आर्यभाव पुग्न सकिने हुनपर्‍यो भनी दुश्चरित्र काण्ड पूरा गर्दै फेरि प्रेरणा व्यक्त गरिरहेछु।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

मुक्तहुन चाहन्छौ भने बारम्बार भावित गरी शूक्ष्म शान्तिमा पुग्नु पर्ने

विपश्यना भाविता गर्दै सचेत रहने अवस्थामा खुरूखुरू हराउँदै जाने आरम्मण र सचेत रहने चित्तप्रति नरमाइलो (उराठ) लागिनेसम्म प्रज्ञाज्ञान वृद्धि हुँदै आउने ढंगलाई बताइसकेको छु। अब अझ प्रज्ञाज्ञान वृद्धि हुँदै आउने ढंग फेरि जोड्दै बताउँला।

हरेक पल्ट सचेत रहँदा सुरूसुरू हराउँदै गइरहेको आरम्मण र सचेत रहने चित्त नरमाइलो लाग्ने बढ्दै आए त्यो आरम्मण र सचेत भइरहने चित्त भनिने रूप र नामबाट मुक्त हुन चाहने प्रज्ञाज्ञान उत्पन्न हुन थाल्दछ। रूप र नाम दु:ख निरोध र शान्त भएको; रूप र नामबाट दु:ख मुक्त भएको निर्वाणमा पुग्ने चाहना हुन थाल्दछ।

यस प्रकारले नबिराइकन नरोकीकन विनाश भइरहने रूप र नामबाट मुक्त हुन चाहँदै आएकोमा अघिपछि भन्दा वीर्य वृद्धि गरी (उदयोग बढ़ाएर) भाविता गर्दै सचेत रहने गर्दछ। त्यस अवस्थामा दुख्ने, झमझमाउने, कटकटी खाने, आदि सहन सान्हो हुने दु:ख वेदना स्वभावत: फेरि प्रकट हुन सक्तछ। सचेत रहने चित्त पनि आरम्मणबाट उम्केर बाहिरिए झैं आरम्मण र सचेत रहने चित्त ठीक मिल्दो नभए झैं हुन आउन सक्तछ। त्यतिबेला बसेर सचेत भइरहँदा हुन्छ कि, उभेर सचेत भइरहँदा हुने हो कि भन्ने भएर ईर्यापथमा स्थिरता नभएको स्वभाव पनि प्रकट हुने गर्दछ।

त्यसो भए पनि मन नबिगारीकन उत्साहित भएर सचेत रहँदै गए धेर समय नबित्दै सचेत रहनमा सुधार आएर प्रज्ञाज्ञान वृद्धि भएर आउने हुन्छ। यसरी प्रज्ञाज्ञान एक खुड़किला माथि चढ़े सचेत रहन हल्का हुँदै आउँदछ, गतिमान भई विशेष राम्रो हुन थाल्दछ। सचेत रहन पर्ने

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आरम्मण खोजी रहन नपर्ने हुन्छ । अगाड़िको एउटा सम्झना पूरा हुनासाथै अर्को सचेत रहन पर्ने स्वत: प्रकट हुने गर्छ । त्यसरी जति पनि प्रकट हुन्छन् ती सबै प्रति सचेत भइरहन सक्ने गरी विशेष व्यापार (प्रयास) गरिरहने आवश्यकता हुन्छ । स्वत: नै सचेत हुँदै गइरहेझैं हुने गर्दछ ।

जति पनि उत्पन्न भएर आउने आरम्मणहरू छन् ती सबैप्रति, राम्रो नराम्रो भनी निर्णय नगरी, आशक्त नभईकन थाह मात्र हुने गरी अपेक्षाभाव सहित भाविता गरीरहने प्रज्ञाज्ञान नै हो । यो प्रज्ञाज्ञान परिपक्क हुँदै आयो भने लौकिक सम्बन्धी भय, रमाइलो प्रिय लाग्ने, धर्म सम्बन्धी भय, प्रसन्नता आदि छुटिँदै जान्छ । सुख दु:ख जे जति छन् सबैप्रति पनि समान रूपले भाविता गर्न सकिने हुन थाल्दछ । सचेत रहनलाई पनि व्यापार चाहिने (प्रयासको आवश्यकता) हुँदैन । सचेत रहनपर्ने आरम्मण पनि सजिलै हल्का ढंगले मिल्दोगरी सचेत भइरहन सरल हुँदै आउँछ ।

त्यतिमात्र होइन यो ज्ञान उदय भयो भने सचेत रही थाहा होइने (जानिने) क्रमैसित लामो समयसम्म स्थिर हुनथाल्दछ । आरम्मण अनि सचेत रहने चित्त समेत जति जति समय बित्यो त्यति त्यति नै झन्झन् सूक्ष्म हुँदै आउने गर्छ ।

अन्यान्य आरम्मणहरूतिर पनि चित्त छरपस्ट भएर जान छोड्दछ ।

ज्ञानको यस तहसम्म आइपुग्ने योगी व्यक्तिसित आर्य हुनसक्ने पारमी पनि हुन्छ । एक खुड़किला अझ अघि बढ़ेर नबिसाईकन उद्योग र अभ्यास गर्दै गए इन्द्रिय समतामा आएर एकैचोटि, रूप र नाम निरोध एवं शान्त भएको निर्वाणलाई मार्गज्ञान फलज्ञानद्वारा जानी देखी, त्यहाँ पुगी साक्षात्कार गरी लिनसक्ने हुन्छ । यसको मतलब स्रोतापन्न हुन्छ भन्ने हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

स्रोतापन्न भए उल्लंघन नभएका दुश्चरित्रादि पनि उल्लंघन कहिले नगर्ने हुँदछ। उल्लंघन गरी आएका दुश्चरित्रहरूको कारणले चार अपायमा पतन हुन जान पनि नसकिने हुन्छ।

लौ........बताइसकेका मनोदुश्चरित्र विषय इतिश्री होइने गरी धर्मस्मरणिका भनौं-

मनोदुश्चरित्र र विपश्यना काव्य

परसम्पत्तिमा लोभ, अभिध्या वृद्धि भो भने
अवश्य प्रेतभूमिमा, हुन्छ उत्पन्न होइने ।

गर्ने विनाशको इच्छा व्यापाद चित्तमा लिई
अवश्य हुन्छ उत्पन्न अपाय भूमिमा पुगी ।

गलत धारणा, मिथ्या शक्ति सम्पन्न हुन्छ जो
अपाय नर्क भूमिमा पुग्ने निश्चय बन्छ त्यो ।

चार अपाय देखेर डरलागे यथार्थमा
मार्गादि फलमा पुग्ने गर उदयोग साधना ।

त्यो मार्ग-फलमा पुग्न, कुन् धर्म गर्नु साधना
पुग्न सक्छ गरे साँचो शुद्ध धर्म विपश्यना ।

जे जति बुझ्न जानेको, नाम स्वभाव हो त्यही
केही बुझ्न नजानेको, रूप स्वभाव हो उही ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

नाम र रूपको सारा उदय अस्त होश भै
सचेत रहने गर्नु विपश्यना भनिन्छ त्यै ।

शुद्ध विपश्यना धर्म भावना कार्य क्षेत्रमा
महाशी पद्धती सिख्दै ग्रहण योग्य साधना ।

पादक फुलिने दब्ने प्रति सचेत भै रही
ध्यान गराउने नाम रूप प्रकट पद्धती ।

ग्रन्थादिको कुनै चर्चा जरूरी नभए पनि
वृद्धि ज्ञान क्रमैले भै, पुगिने मार्गमा पनि ।

सचेत नै रही मार्ग फलमा पुगियो भने
अपाय नर्कको ढोका भयो रहने बन्द नै ।

सचेत होऊ.......हइ........सचेत होऊ ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

इतिश्री पवित्र कामना

लौ.........दुश्चरित्रको अभिप्राय; दुश्चरित्र उल्लंघन गर्नाले हुन सक्ने अपराध, दुश्चरित्र उल्लंघन हुन नपाइने गरी रोक्ने विधि अनि प्रमादवश उल्लंघन गरी हालेका दुश्चरित्रको कारणले अपायमा पतन नहोइने गरी विपश्यना भावना धर्म उदद्योग एवं अभ्यास गर्ने विधि र पद्धतिहरू सक्दोभर बताइसकेको छु।

यो दुश्चरित्र अपराध भय मुक्त हुने विपश्यना भावना धर्म प्रति आदर गौरव सहित श्रवण गर्ने सत्पुरुष समूहगण संसार चक्र दुःखबाट मुक्त हुने उद्देश्य लिई प्रार्थना एवं दान धर्म गर्न सक्ने होऊन्, शील समाधान गर्न सक्ने होऊन्, भावना कार्य उदद्योग र अभ्यास गर्न सक्ने होऊन्; उदद्योग र अभ्यास गर्न सक्ने भईकन निर्वाणलाई जानी बुझी साक्षात्कार गर्न सक्ने होऊन् भनी प्रार्थनाका निगमन गाथा पढ्दै धर्मोपदेशको समापन गरौं।

दानं ददाथ सद्धाय, सीलं रक्खय सब्बदा।

भावनाभिरता होथ, पप्पोथ अमतं वरं॥

साधवो = धर्म स्रोतागण सत्पुरुष समूह; **तुम्हे** = धर्म स्रोतागण सत्पुरुषहरूले; **सद्धाय** = त्रिरत्न, कर्म, कर्मफललाई विश्वास गर्ने श्रद्धा धर्मद्वारा; **दानं** = संसार चक्र-दुःखहरूबाट मुक्त हुने उद्देश्य सहित प्रार्थना एवं गर्नपर्ने दानकार्य; **ददाथ** = सकेसम्म (दान) गर्न सकून्; **सीलं** = शरीर र वचन संयम र दमन गरी पालन गर्नुपर्ने पञ्चशील अष्टशील आदि भेदसहितका पवित्र शीललाई, **सब्बदा** = रातदिन सर्वदा; **रक्खय** = रक्षा गर्न सक्षम होऊन्। **भावनाभिरता** = जति पनि शमथ विपश्यना

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कार्य छन् ती सबैमा रमाइलो लाग्ने चित्त भएकाहरू; **होथ** = भएर/बस्न अवश्यमेव सकून् । **अमतं वरं** = मृत्यु रहित महापवित्र निर्वाणमा; **सीघं** = धेरै जन्म लिन नपर्नेगरी अतिशीघ्र; **पप्पोथ** = पुग्न सक्ने हुनपऱ्यो । **पप्पोथ** = हरेक पल्ट जबजब देखिन्छ, सुनिन्छ, सुंघिन्छ, खाइन्छ, छोइन्छ, विचार गरिन्छ, खुम्च्याइन्छ, पसारिन्छ, (वा तन्काइन्छ), गइन्छ (वा जाने गरिन्छ), उभिन्छ, बसिन्छ, ढल्किन्छ, फुलिन्छ, दबिएर जाने गरिन्छ, तवतब साँच्चै नै (यथार्थतः) प्रकट रूपमा भइरहने रूप र नाम स्वभाव धर्मलाई नबिराइकन भाविताद्वारा सचेत रहने वृद्धि गर्दै विपश्यना ज्ञान क्रमैसित खुड्किला चढ्दै मार्गज्ञान फलज्ञान मार्फत जानी बुझी लिएर (थाहा गरेर) साक्षात्कार गर्नसक्ने होऊन् ।

अशियङ् सुन्दर
(१४-१०-७७)

बु.सं. २५२१
बर्मेली सं. १३३९ आश्वीन
शुक्ल द्वितीया शुक्रबार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

परिशिष्ट

बालक–बालिकालाई ज्ञान प्रदायक धर्म–काव्य

लेखक:

प्युंदजा अशियङ् सुन्दर (बी.ए.)

अम्युताः पथमच्यो; अस्वःया धम्माचरिय

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रेरणात्मक काव्य स्मरणिका

प्रेरणा काव्य रचना गरौं
धर्मका नीति उल्लेख गरी

साना बालक बालिकालाई
पढ़ेर सम्झी राख्नलाई।

१) छैन तुलना बुद्ध-गुणको
आस्था राख्तै गर्नु प्रणाम।

२) छैन तुलना धर्म-गुणको
आस्था राख्तै गर्नु प्रणाम।

३) छैन तुलना संघ-गुणको
आस्था राख्तै गर्नु प्रणाम।

४) छैन तुलना माँ-बा-का गुणको
सहर्ष सेवा गर्नू सदा।

५) छैन तुलना उत्तमाचार्यको
गौरव राखी भज्नू सदा।

६) पञ्चशील हो श्रेष्ठाचरण
दिन्छौं राख अटूट सुदृढ।

७) विभिन्न क्षेत्रमा आधुनिक प्रज्ञा
सिकेर जानी लिने गर।

८) बुद्ध-सुदेशित पवित्र धर्म
बेला बखतमा सुन्ने गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

९) आफू भन्दा ठूला-बड़ाको
आदर गौरव राख्ने गर ।

१०) आफू समान भएकालाई
प्रेम गौरव राख्ने गर ।

११) आफूभन्दा सानाहरूमा
दया र माया राख्ने गर ।

१२) मुमा-बुबा गुरूजनका अर्ती
सदा सगौरव सुन्ने गर ।

प्रेरणा काव्य बान्हवटा यी
खूबै सगौरव सिक्ने गर ॥

होश राख्ने गर है होश राख्ने गर !

हीन प्रणीत दुइ भेद

(चूलकम्मविभंग सूत्रको आधारमा)

हीन प्रणीत भेद बनेको
कर्म स्वभाव नै कारण हो
भेदको रीत बुझ्न सुस्पष्ट
रचेर काव्य उल्लेख गरौं ।

१) क. प्राणी हिंसक मृत्यु भएर
अपायमा नै हुन्छ पतन
मान्छे जन्म लिन आए पनि
कर्म-शक्ति नै विहीन भई
घट्न सक्तछ आयु समेत ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

२) ख. अहिंसक व्यक्ति मरेपछि
६ देवलोक निश्चय पुग्छ ।
मानिस जन्म लिन आए पनि
कुशल शक्तियुक्त भई-
आयु पनि लामो हुन सक्तछ ।

३) क. सास्ति कारक मरीगएर
अपायमा नै हुन्छ पतन ।
मानिस जन्म लिन आए पनि
असाध्य रोग-विमार भई
उपचारले नहुने हुन्छ ।

२) ख. सास्ति नगर्ने मरेपछि
६ देवलोक अवश्य पुग्छ ।
मानिस जन्म लिन आए पनि
सदा निरोगी स्वस्थ्य भई
मात्र अस्थायी रोग हुन्छ ।

३) क. रिसालु व्यक्ति मृत्यु भएर
अपायमा नै हुन्छ पतन ।
मानिस जन्म लिन आए पनि
सदा अशान्ति मनमा रही
कुरूप वर्णको हुन सक्तछ ।

३) ख. रिस नगर्ने मृत्यु भएर
६ देवलोक निश्चय पुग्छ
मानिस जन्म लिन आए पनि
सुन्दर रूप चिटिक्क भई
हिसि परेको हुने गर्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

४) क. ईर्ष्यालु व्यक्ति मृत्यु भएर
अपायमा नै हुन्छ पतन
मान्छे जन्म लिन आए पनि
व्यक्तित्व-तेज विहीन भई
प्रभाव रहित मानिस हुन्छ ।

४) ख. ईर्ष्यालु नहुने मरेपछि
६ देवलोक निश्चय पुग्छ
मानिस जन्म लिन आए पनि
व्यक्तित्व तेजयुक्त भई
सशक्त प्रभावशाली हुन्छ ।

५) क. कृपण व्यक्ति मृत्यु भएर
अपायमा नै पतन हुन्छ ।
मानिस जन्म लिन आए पनि
धन-सम्पत्ति रहित भई
दु:ख चक्रमा फँसिने हुन्छ ।

५) ख. दानी व्यक्ति मृत्यु भईकन
६ देवलोक निश्चय पुग्छ
मानिस जन्म लिन आए पनि
धन-सम्पत्ति प्रशस्त भई
परिवारकै सुवृद्धि हुन्छ ।

६) क. श्रेष्ठ वृद्ध जनप्रति अगौरवले
अपाय पुग्ने कारण हुन्छ
मानिस जन्म लिन आए पनि
कुल वंश निकृष्ट भई
अपमानित बनी रहन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

६) ख. श्रेष्ठ वृद्धजनको गौरव राखे
स्वर्ग प्राप्तिको कारण बन्छ
मानिस जन्म लिन आए पनि
पूर्व श्रेष्ठ कर्म बनिई
श्रेष्ठ कुलीन होइने गर्छ ।

७) क. पण्डितजनको संगत नपाई
चार अपायमा पुग्ने हुन्छ
मानिस जन्म लिन आए पनि
ज्ञान गुण विहीन भई
बुद्धि विनाको मूर्ख हुन्छ ।

७) ख. पण्डितजनको संगत गर्ने
६ देवलोक निश्चय पुग्छ
मानिसजन्म लिन आए पनि
ज्ञानी प्रज्ञावान भई
भिक्षु, गृहीका आधार (बन्छ) ।

शुभ नामक ब्राह्मणद्वारा
सोधिएका प्रश्न कै
जिन सम्बुद्धले दिनुभएको
उत्तरको हो सार यिनै ॥

सचेत होऊ.....है.......सचेत होऊ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

आठ दुश्चरित्र दोष

दुश्चरित्र दोष प्रति सचेत रहन
रचेर काव्य थालौं अब गाउन ।

१) (पाणातिपात)

प्राणी हिंसक मरणपछि
अपायमा पतन निश्चित

मानिस जन्म पाए पनि
सदा रोगी मात्र भई
आयु छोटो हुन जान्छ ।

२) (अदिन्नादान)

चोर डाकूहरू मरणपछि
अपायमा पतन निश्चित

मानिस जन्म पाए पनि
झन् झन् दु:खी बन्न गई
सम्पत्ति पनि विनाश हुन्छ ।

३) (कामेसु मिच्छाचार)

पर-परिवार अतिक्रमण गरे
अपायमा पतन निश्चित

मानिस जन्म पाए पनि
शत्रु मात्र वृद्धि भई
नपुंसक बन्न सक्तछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

४) (मुसावाद)

भूठवादी मरण भएर
अपायमा पतन निश्चित
मानिस जन्म पाए पनि
विचार गलत हुन गई
व्यर्थै आरोप लाग्दछ ।

५) (पिसुणवाचा)

चुगली गर्ने मरणपछि
अपायमा पतन निश्चित
मानिस जन्म पाए पनि
साथी-सङ्गी विहीन भई
प्रियजन छुट्टिने हुन्छ ।

६) (फरुसवाचा)

गाली गर्ने मरण भएर
अपायमा पतन निश्चित
मानिस जन्म पाए पनि
सब श्रमण गृहस्थलाई
उसको बोलीनै अप्रिय लाग्छ ।

७) (सम्फप्पलाप)

व्यर्थको बोलने मरणपछि
अपायमा पतन निश्चित
मानिस जन्म पाए पनि
विना आस्थाको हुनगई
दोष र गाली थाप्ने हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

८) (सुरामेरय)

मद्यपान गर्ने मरेपछि
अपायमा पतन निश्चित
मानिस जन्म पाए पनि
सुद्धि बुद्धि रहित भई
पगला-पगली बन्ने हुन्छ ।

अगुंत्तरका यी अमृतोपदेश
सबै बालक-बालिकाले
होश राख्ने गर है होश राख !!

स्पष्टीकरण:

सुरामेरयलाई कामेसु मिच्छाचारमा समावेश गरेर, ब्रायकेटभित्रका इतिश्री कथनलाई निकाली मनोदुश्चरित्र तीनवटालाई सम्मिलित गरी लिए दुश्चरित्र १० वटा हुने भयो ।

मनोदुश्चरित्र दोष

८. (अभिज्झा)

परधनमा लोभ अभिध्या वृद्धिले
प्रेत भौमिक बन्न सक्तछ ।

९. (ब्यापाद)

विनाश-इच्छा ब्यापाद राखे
नर्क भौमिक बन्न सक्तछ ।

१०. (मिच्छादिट्ठि)

मिथ्या धारणा सुदृढ़ नै रहे
अपाय भूमिमा पुग्दछ ।

दुश्चरित्र वर्जन गरिए मात्र
अपाय पतन छुट्टिने हुन्छ ।
सचेत होऊ है सचेत होऊ !

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

तीन थरी प्रेम

तीन थरीका प्रेम चिन्नलाई
काव्य रचेर भन्ने गरौं ।

(तण्हापेम)

१. पुरुष-स्त्रीको परस्पर प्रीति
तृष्णा-प्रेम हो वास्तवमा ।

(गेहस्सितपेमं)

२. मुमा-बुवा दाजुभाई आफन्त
प्रिय भए, लोभ अवश्य हुन्छ ।

(मेत्तापेम)

३. प्रिय भए सत्त्व शुभेच्छाद्वारा
साँचो मैत्री त्यही हुन्छ ।

पाँच सय अठाइस अंगले युक्त
मैत्री भावना हुने गर्छ ।

सचेत होऊ है सचेत होऊ ॥

संग्रहित मैत्री वृद्धि

संग्रहित मैत्री वृद्धि रीत यो
संक्षिप्त गरी लौ हामी भनौं ।

सत्त्वादि समस्त दुःख रहित भई
कायिक रूपले सुखी होऊन् ।

सत्त्वादि समस्त हँसिलो पार्दै
भय त्रास जम्मै शान्त होऊन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सत्त्वादि समस्त प्रसन्न गराउन
मानसिक रूपले शान्त होऊन् ।

सम्झेर सजीव प्राणी सबै नै
गर्नुछ हामीले मैत्री भावना ।

गर्नमा लागौं........गरौं.......गरौं !

मैत्री प्रतिफल ११ वटा

मैत्री चित्तको अटूट वृद्धिले
पाइन्छ एघार प्रतिफल ।

१.२. सुत्नु ब्युँझनु सुख पूर्वक हुन्छ ।

३. शुभ सुन्दर सपना देखिने हुन्छ ।

४.५. देव मनुष्यले प्रिय मान्ने हुन्छ ।

६. विष, अग्नि, शस्त्रले नछुने हुन्छ ।

७. रक्षित हुँदछ देवताद्वारा ।

८. स्थिर चित्त र ९. प्रसन्न मुद्रा ।

१०. विस्मृत नभई मरण हुन्छ ।

११. ब्रह्मलोकगामी पनि होइन्छ ।
मैत्री भावना सुफल यिनै
वृद्धि गरौं अब वृद्धि गरौं ।

(पढ्दा अंक गिन्ति छोड्नु पर्छ)

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

तीन थरी अग्नि

अग्नि तीन थरीका चिन्न
थालौं काव्य रचना गर्न ।

१. मुमा-बुबा र गुरू आचार्य
एक थरीको आगो बुझौं ।
२. पत्नी बनेपछि पति-पुरुष
अर्को थरीको अग्नि भनौं ।
३. श्रमण-सङ्घ दाक्षिणेय्यलाई
पुन: त्यो अर्को अग्नि भनौं ।

नराख्ने गौरव झरी अपायमा
अग्नि-रापले पोलिइन्छन् ।

त्यसैले यी अग्नि तीनलाई
आदर गौरव राख्ने गरौं ।

राख्ने गरौं अब राख्ने गरौं ॥

छोरा-छोरी तीन थरी

इतिवुत्तकमा वर्णित तीन थरीका
पुत्र-पुत्री विषयमा अब बताउँला ।

१. शील समाधि प्रज्ञाका दृष्टिले
जो छ मुमा-बुबा भन्दा उच्च-अतिजात ।

२. शील समाधि प्रज्ञाका दृष्टिले
जो छ मुमा-बुबाकै समान-अनुजात ।

३. शील समाधि प्रज्ञाका दृष्टिले
जो छ मुमा-बुवा भन्दा हीन-अवजात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

श्रेष्ठ र समान ती पुत्र-पुत्री
प्रज्ञावानजनका प्रिय पात्र हुन्छन् ।
कुल कलङ्कित हीन सन्तान
कसले जगमा मनपराउलान् ।
मुक्त हुन सक्न अवजातबाट
गर्नुपर्‍यो आचरण व्रतादि जतिछन् ।
आचरण गर हई......आचरण गर ।

छोरा-छोरीका पाँच कर्तब्य

पाँच कर्त्तब्य छोराछोरीले
कुनै नछोड़ी पूरा गर्नु ।
१. महोपकारक मुमा-बुबाको ।
सेवा आदर सगौरव गर्नु ।
२. मुमा-बुबाका सुकृत्य सारा
समभागले ग्रहण गर्नु ।
३. मुमा-बुबाका अंश जति छन्
समभागले ग्रहण गर्नु ।
४. मुमा-बुबाहरू बितिगएपछि
यथेष्ट दान-पुण्य गरी
सोही पुण्य बाँड़ी दिइकन
साधुवाद पनि प्राप्त गर्नु ।
५. नबिगारी कुल वंश परम्परा
प्रफुल्लित मनले रक्षा गर्नु
पाँच कर्त्तब्य यी, हृदयमा
गाड़िनेगरी सचेत रहनु ।
सचेत होऊ है सचेत होऊ ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

विश्राम स्थल शान्ति शाला

विश्राम स्थल शान्ति शाला
भन्छ के के लाई
दर्शाउँछु राम्ररी अब
सब छुटचाई छुटचाई ।

१. प्रचण्ड राप तापादिले
जब जब पोलिरहन्छ
छायाँ रूख़को तब तब
विश्राम स्थल बन्दछ ।

२. मुमा-बुबा आफन्त अनि
इष्ट-मित्रादिजन
रक्षणीय स्थितिमा बन्छन्
छायाँ सुशीतलकर ।

३. प्रज्ञाको खोजमा हुँदा
गुरूको छायाँ पनि
विश्राम स्थल नै बन्छ
शीतलकारी अति ।

४. खोजी गर्दा सम्पत्ति
सरकारि छायाँ पनि
विश्राम स्थल नै हुन्छ
शीतलकारी अति ।

५. धर्मको खोजमा हुँदा
सम्बुद्धको छायाँ
बन्दछ सबैभन्दा शान्त
महा शीतल छायाँ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

कहिले कुन अवस्थामा
कुन चाहिँ छायाँ मनि
विश्राम लिन सुयोग्य हुन्छ
लिनु छ छानी छानी ।
छान्नु सिक है छान्नु सिक ॥

गुरुको दण्ड क्षमा दिने

१. कुमालेले भाँड़ा ठक्ठकाए पनि
फुटाउन ठोकेको होइन
२. मूर्ख शिष्यलाई गुरूले कुटे
मन नपराई कुटेको होइन ।
३. ज्ञान दिलाउन कुटेको भए
उब्जाउनु पर्छ चित्त क्षमा ।

सम्पत्ति विनाश कारण ६

सम्पत्ति विनाश हुने ६ कारण
स्त्री-पुरुष सबले जान्न योग्य ।
१. सुरा-मदले लट्ठ भई हिँड्नु
सम्पत्ति विनाशको कारण ।
२. वेला कुबेला बरालिने गर्नु
सम्पत्ति विनाशको कारण ।
३. मौज मज्जामा रम्दै हिँड्नु
सम्पत्ति विनाशको कारण ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

४. बान्हमासे भई जुवामा लाग्नु
सम्पत्ति विनाशको कारण ।

५. खराब साथीको सङ्गतिमा लाग्नु
सम्पत्ति विनाशको कारण ।

६. अल्छेका राजा लोसे हुनु पनि
सम्पत्ति विनाशको कारण ।

सिगाल नाउँको पुत्रलाई
बुद्धका हुन् यी उपदेश ।
सचेत होऊ है सचेत होऊ ॥

करणीय कर्त्तब्य

दु:खी प्राणी पथमा भेटे
सक्दो गुहार गर्ने गर ।

वयोवृद्धजन सामुं भेटे
बाटो दिनु विनीत भएर ।

भिक्षुसंघ पथमा भेटे
सगौरव लाग्नु एकातिर ।

माँ-बा, गुरूजन उच्छिन्न पर्दा
निहुरी विनम्र भई हिँड़ ।

विहार-मन्दिर भित्र पस्दा
जुत्ता फुकाल्नु याद गर ।

छाता पनि बन्द गर्नु उत्तम
यो पनि गौरव कारण ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

कुल वंशका असल परम्परा
सबैले राख्नु सुरक्षित।

रक्षा गर है रक्षा गर !!

पञ्चानन्तरिय कर्म पाँच

कर्म पाँचलाई राम्ररी बुझ्न
काव्य रचेर भन्ने गरौं।

१.२.३. आमा-बाबु र अरहन्त प्रति
घात गर्नु निदर्यताले।

४. बुद्धलाई रक्तिम चोट हुने
आघात गर्नु कठोरताले।

५. श्रमण संघमाझ भेद र
फाटो ल्याउने-पाँच यिनै।

अपाय नर्क लोकसम्म
पुऱ्याई दिने निश्चय नै।

सचेत हाऊ है सचेत होऊ !!

उत्तम बुद्ध

उत्तम बुद्ध गहिरो बुझ्न
गाऔं अब रचेर काव्य

१. क्लेश समस्त हनन गर्ने
भनियो तसर्थ अरहत्त मार्ग।

२. ज्ञातव्य जम्मै राम्ररी जाने
प्राप्त हुन्छ सर्वज्ञता ज्ञान।

३. दुवै ज्ञान यी रहे आफूमा
कहलाइन्छ उत्तम बुद्ध।

सचेत होऊ है सचेत होऊ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri. Funding:

बुद्धगुण– ९ वटा

बुद्धगुण स्पष्टतः बुझ्नु हो भने
भनौं अब हामी रचेर काव्य ।

१. देवादि नरले गरेको पूजा
ग्रहण योग्य गुणले पूर्ण ।
(अरहं)

२. सर्व धर्म स्वयं जानी लिनाले
छैन उनका कोही आचार्य ।
(सम्मासम्बुद्धो)

३. तीन अनि आठ विद्या हुनाले
उनी छन् पन्द्रह चरणले पूर्ण ।
(विज्जाचरणसम्पन्नो)

४. सुवचन बोल्न विज्ञ हुनाले
श्रेष्ठ निर्वाणमा पुगे सठीक ।
(सुगतो)

५. सत्त्व, संस्कार ओकास सहितै
छुट्टाछुट्टै ज्ञाता तीनै लोक ।
(लोकविदू)

६. असभ्यहरू सभ्य हुनेगरी
दमन गर्नमा छन् अनुपम
(अनुत्तरो पुरिसदम्मसारथि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

७. देवादि मनुष्य प्राणी सबका
अद्वितीय शास्ता पनि उनी ।
(सत्था देवमनुस्सानं)

८. चारसत्य भेद सहित सुविज्ञ
ज्ञान दृष्टिले छन् युक्त उनी ।
(बुद्धो)

९. छ थरी भाग्य गुणले पवित्र
अशेष परम सर्वोच्च पूर्ण ।
(भगवा)

नौ थरी गुण भए यी सारा
बसाली हृदयमा होऊ सचेत ।
सचेत होऊ है सचेत होऊ ।

बुद्धवाद विभज्ज

बुद्धवाद सठीक बुझ्न निमित्त
काव्य रचना गाऔं हांमी ।

१. हुनु नहुनु नाम रूप संस्कार
दुःख सत्य हो यही नै ।

२. नाम रूपलाई मनपराउनु
समुदय सत्य हो यही नै ।

३. नाम रूप दुवै विलय भएर
अन्त हुनु नै निरोध हो ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri. Funding

४. निरोध अवस्थासम्म पुग्नु
ज्ञान दृष्टि धर्म-पथ हो ।
चार सत्य विभक्त दर्शन
"विभज्ज" वाद भनिन्छ यो ।

बुद्धवाद पनि यही नै जान
बसाली हृदयमा होऊ सचेत ।

सचेत होऊ है सचेत होऊ ॥

धर्मगुण– ६

धर्म गुण राम्ररी बुझ्नका निम्ति
काव्य रचेर गाऔं हामी ।

१. बुद्धोपदेश सुव्यक्त हुनाले
यथार्थ उत्तम गुणले युक्त ।
(स्वाक्खातो)

२. गरे स्वयंले बुझिने आफैले
सांदृष्टिक गुणले परिपूर्ण ।
(सन्दिट्ठिको)

३. नदिलाई तुरन्तै फल पाइने
अकालिक गुणले परिपूर्ण ।
(अकालिको)

४. आऊ अनि हेर भन्न सकिने
साँचो श्रेष्ठ गुणले पूर्ण ।
(एहिपस्सिको)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

५. तन-मनले नै ग्रहण योग्य
श्रेष्ठोत्तम गुण परिपूर्ण ।
(ओपनेय्यिको)

६. आर्यगणद्वारा प्रत्यक्ष अवगत
साक्षात्करणीय गुणले पूर्ण ।
(पच्चत्तं वेदितब्बो विञ्ञूहि)

धर्म गुण ६ थरी हुन् यही नै
हृदयमा बसाली सचेत होऊ ।

सचेत होऊ है सचेत होऊ ।

संघगुण नौवटा

संघ गुण स्पष्टतः बुझ्नका निम्ति
काव्य रचेर गाऔं हामी ।

१. सत्य विशुद्ध आचरणमा
राम्ररी बढ्ने गुणले युक्त ।
(सुप्पटिपन्नो)

२. ऋजु पवित्र आचरणमा
राम्ररी बढ्ने गुणले युक्त
(उजुप्पटिपन्नो)

३. निर्वाण पुगिने आचरणमा
राम्ररी बढ्ने गुणले युक्त ।
(ञायप्पटिपन्नो)

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

४. गौरवनीय आचरणमा
राम्ररी बढ्ने गुणले युक्त ।
(सामीचिप्पटिपन्नो)

५. टाढ़ोबाट प्राप्त परिभोग
सेवनीय गुणले परिपूर्ण
(आहुनेय्यो)

६. अतिथि पाहुना परिभोगादि
सेवनीय गुणले परिपूर्ण ।
(पाहुनेय्यो)

७. प्रतिफलको अपेक्षा गरी दिएको
दक्षिणा ग्राह्य गुणले युक्त ।
(दक्खिणेय्यो)

८. करजोड़ी विन्ति चढ़ाइएको
ग्रहण योग्य गुण परिपूर्ण ।
(अञ्जलि करणीयो)

९. सुवीज छर्ने खेत सम भन्दै
नमुना दिइने गुणले युक्त ।
(अनुत्तरं पुञ्जक्खेत्तं लोकस्स)

संघ गुण नौवटा हुन् यिनै
हृदयमा बसाली सचेत होऊ ।

सचेत होऊ है सचेत होऊ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

दान

आफ्नो सम्पत्ति त्याग गरेमा
भन्ने गरिन्छ दान भनी ।

कर्मफल आस्था लिई दिए
हुँदछ फल दिलाउने पनि ।

देवादि सुखपाई सुरीतिले
निर्वाण पुग्ने आधार पनि ।

त्रिशरण गमन

१. बुद्धं सरणं गच्छामि
२. धम्मं सरणं गच्छामि
३. संघं सरणं गच्छामि ।

शरण स्थल रत्न भन्ने
तीनवटा तीनै थरीका छन् ।

बुद्धगुण मुटुमा बसाली
दिन्हौं हामी शरण जाऔं ।

धर्मगुण मुटुमा बसाली
दिन्हौं हामी शरण जाऔं ।

संघगुण मुटुमा बसाली
दिन्हौं हामी शरण जाऔं ।

तीन शरण यी सुदृढ़ रहे
निश्चय पुग्दछ देवभूमि ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पंचशील सुदृढ़ गर्न योग्य

शरीर वचन संयम गरिए
भनिन्छ शीलको पालन ।

पञ्चशीलमय श्रेष्ठाचरण
दर्शाउँछु वालवृन्दकन ।

१. परप्राण हनन गर्नबाट
बस्नु छ सदा अलग्ग भई ।

२. पर-सम्पत्ति चोरी गर्नबाट
बस्नु छ सदा अलग्ग भई ।

३. पर-स्त्री-पुरुष अतिक्रमणबाट
बस्नु छ सदा अलग्ग भई ।

४. ढाँटी झूठ बोल्नुबाट पनि
बस्नु छ सदा अलग्ग भई ।

५. मादक बस्तुको सेवनबाट
बस्नु छ सदा अलग्ग भई ।

पञ्चशील सदा सुदृढ़ रहेमा
अपाय दुर्गति हुन्न पतन ।

हुँदैन पतन है हुन्न पतन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

पति- पत्नीको अटूट जोड़ी

पति पत्नीको जोड़ी नछुटी
प्रत्येक जन्ममा बस्नु सँगै

समजीवी सूत्रको उपदेश
दिनुभयो बुद्ध तथागतले ।

१. श्रद्धामा हुनपर्छ समानता
२. हुनपर्छ शीलमा समानता
३. त्यागमा हुनपर्छ समानता
४. हुनपर्छ प्रज्ञामा समानता ।

प्रत्येक जन्ममा संगसंगै बस्न
यिनै हुन् प्रमुख कारण ।

उहिलेका नकुल माता-पिताले
जिज्ञासु बन्दै प्रश्न गरी

निवेदन गर्दा, प्रत्युत्तरमा
बुद्धले बताई दिनुभो यही ॥

भावनीय कर्मस्थान दुइ

१. शमथ

चित्त शान्तिका निम्ति गरिने
उदयोग नै हो शमथ भन्ने ।

शमथ वृद्धिले ध्यानको लाभ
ब्रह्मादि पनि हुन सकिने ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

किञ्चित्ले नर होइन्छ देव
वृद्धि योग्य सुनिश्चित ।

२. विपश्यना

आरम्मण जानिने नाम हो
नजानिने स्वभाव रूप भयो ।

उदय-अस्त नाम रूपको
थाह पाइनै रहने गरी ।

सतर्क सचेत भइरहेमा
नाम हुने भो विपश्यना भनी ।

मार्ग फलसम्म भावना वृद्धिले
सोझै निर्वाण पुगिने हो ।

किञ्चित्ले नर होइन्छ देव
वृद्धि योग्य सुनिश्चित ।

यी दुइ कर्मस्थान विषय
छुटचाई छुटचाई सचेत बन ।

सचेत होऊ है सचेत होऊ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

होश है होश !

परम पवित्र तथागतका उत्तम अववाद उपदेश, आआफ्ना साना साना छोरा-छोरी नाति-पनातिहरूलाई बाल्यावस्थादेखि नै सिकाई-बुझाई दिएर जान्ने-बुझ्ने सुचरित्रवान, सभ्य एवं सुसंस्कृत नानीहरू होइने गरी हुर्काउन सक्नपर्‍यो अनि माता पिताको कर्त्तव्य पूरा गर्न सुविज्ञ बन्न पर्‍यो ।

"सानै उमेरदेखि छोराछोरीलाई,
आवश्यक उपदेश नदिए,
माता पिता भए पनि शत्रु भनिन्छ ।"
(शियङ्‌ महारङ्गसार)

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

केही कुरा

'लोक नीति' नाउँको यो सानो पुस्तिका पालिभाषाको एउटा प्रसिद्ध कृति हो । सानै भए पनि यो सबै प्रकारका मानिसकालागि अति मननयोग्य र अपनाउन आवश्यक शिक्षाले पूर्ण छ । धेरै वर्ष अघि आदरणीय स्व. विवेकानन्द भन्तेले यसको अनुवाद नेपालभाषा (नेवारी) मा गरीकन प्रकाशित गर्नु भएको थियो । त्यही नेवारीको पद्यानुवादलाई नेपाली भाषामा पनि उल्था गर्नकानिम्ति आदरणीय भन्ते ज्ञानपूर्णिकज्यूले दिनु भएको सुझाव शिरोपर गरी प्रयत्न गरिएको हो यो पुस्तिका ।

यस पद्यानुवादमा अलंकार-अनुप्राशादिको कुनै विशेष ख्याल नराखी केवल मूल कुरा प्रष्ट होस् भन्ने तिर मात्र ध्यान दिएको छु । तसर्थ पदच-रचनाका दृष्टिकोणबाट विज्ञ पाठकवृन्दले यसमा रस-सौन्दर्यको कमी भएको महसूस गर्न सक्लान्, यसका लागि क्षमा प्रार्थी छु । म न त कवि हुँ न भाषाविद्, तैपनि लोकहितको कार्यमा आफूले पनि केही सहयोग गर्ने कोशिश मात्र गरेको हुँ र साधारण पाठकहरूलाई मात्र भए पनि केही उपयोगी ठहरिएला भन्ने सोचेको छु । अस्तु

पौष पूर्णिमा
सं २०५३

– अनुवादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

लोक-नीति

वन्दना गाथा

१. नाना शास्त्र सुसम्पन्न लोक-नीति सुभाषित
मागध-पालि भाषाको नेवारीमा अनूदित ।
त्यसैको फेरि उल्था यो नेपालीमा गरीकन
बताउँला सबै स्पष्ट गरी त्रिरत्न वन्दन ॥

२. नीति शास्त्र छ यो लोक जनका निम्ति सारको
यही माता पिता साथै गुरू आचार्य मित्र हों ।
त्यसर्थ मन लाएर सिक यो शास्त्र हे नर ।
जगमा भै महाज्ञानी हुने सर्वत्र पूजित ॥

पण्डित काण्ड

३. अल्छेले शिल्प विद्यादि सिक्न सक्छ कहाँ कुन ?
धन कहाँ विना शिल्प, मित्र कहाँ विना धन ॥
सुख कहाँ विना मित्र, पुण्य कहाँ विना सुख
नभए पुण्य नै केही कहाँ मोक्ष महोत्तम ॥

४. शिल्प नै धन हो साँचो नसक्ने चोर्न चोरले
यो लोकमा बनी साथी, सुख परत्रमा दिने ॥

५. थोरै सिकेर के गर्ने- नसोच्नु चित्तमा यसो
थोपा थोपा झरी पानी गाग्रो पूरा भरे जसो ॥
सिक्नेले सिक्छ विस्तारै दिक्क नमान्नु बन्धु हो !

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

६. विद्या, शिल्प कुनैलाई नगर्नू तुच्छ सम्झने
सिके पूरा गरी यौटै पेट पालो पनी हुने ॥

७. पर्वतै पिच्छे हुँदैन रत्न
प्रत्येक गजमा मोती हुन्न ।
न चन्दन हरेक वनमा हुन्छ
पण्डित जन पनि सर्वत्र हुन्न ॥

८. विद्वान छन् कहाँ भन्ने सुनेर ज्ञान निम्ति नै
हटाई व्यस्तता, त्यहाँ सोत्साह जानु पर्छ है ॥

९. धन वा शिल्पको कार्य, चढ़ाई गिरिको, अनि
काम राग तथा क्रोध गर्नु यी पाँच सुस्तरी ॥

१०. श्रुति, स्मृति तथा साँख्य, योग, नीति र संगित
वैशेषिक, धनुर्वेद, वैद्य शास्त्र, पुराण, र ।
इतिहास, तथा शब्द, गणित, मंत्र, ज्योतिष,
माया, छन्द र व्याकरण-हुन् यी शास्त्र अठारह ॥

११. बाजा त्यो नबजाए झैं नसोधे मौन पण्डित
सोधिए मेघ गर्जे झैं बताईदिन्छ स्पष्टत: ।
प्रश्न होस् वा नहोस् मूर्ख बोली बस्छ फटाफट ॥

१२. विद्या छन् ग्रन्थमा जो त्यो पराई हातको धन
खाँचो पर्दा स्वयंलाई हुन्न विद्या न त्यो धन ॥

१३. पानी अनुसार कमल-डाँठ
कुल अनुरूप विनम्र भाव ।
व्यक्ति छ जस्तो त्यस्तै वाक्य
मट्टि अनुसार उम्रन्छ घाँस ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

१४. अल्पज्ञ मूर्ख नै हिँड्छ धेरै जान्ने जसो गरी
नदेख्ने समुद्री पानी कुवाको भ्यागुतो सरी ॥

१५. शैशवमा सिकी विद्या, यौवनमा धनार्जन
र गर्नु धर्म सक्दोभर् के गर्न सक्छ वृद्ध भै ॥

१६. बन्छौ विद्वान हे पुत्र ! सिक, अल्छे भयौ किन
बन्छ दास अज्ञानी नै, विज्ञ सर्वत्र पूजित ॥

१७. माता पिता भई विद्या नदिने बन्छ शत्रु नै
हाँस माझ बकुल्लो झैं विद्वान माझ मूर्ख नै
बस्छ शोभा विहीन भै ॥

१८. तिखार्ने वनको काँड़ा, काजल मृग-नेत्रमा
भर्ने को पद्ममा वास्ना, स्रष्टा को कुलपुत्रका ?

१९. चूना विना पान स्वाद हीन
धन विन गहना शोभा छैन ।
नून विना दाल मीठो हुन्न
विन छन्द पद्य रस विहीन ॥

२०. शास्त्र ज्ञान सुनी हिँडे, बन्दै जान्छ सुशिक्षित
ज्ञान बुद्धि भई वृद्धि, बढ्दछ चित्तमा सुख ॥

२१. खानु, मैथुन, निद्रामा गोरू मान्छे समान छन्
मान्छे श्रेष्ठ भए विद्या, नभए पशु तुल्य नै ॥

२२. विद्या जस्तो छ को साथी, व्याधि जस्तो छ कुन रिपु
छैन प्यारो स्वयं तुल्य, कर्म जस्तो न शक्ति छ ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

२३. न हंस कागका माझ्, न सिंह गोरू माझ् नै
न शोभा हुन्छ घोड़ाको गधा समूह माझ् नै ।
मूर्ख माझ् कहाँ हुन्छ शोभा पण्डितको कुनै ॥

२४. भर्जन्म मूर्ख ज्ञानीको सत्संगमा बसे पनि
बुझ्दैन ज्ञानको स्वाद, डाड्डुले दालको सरि ॥

२५. क्षणभर बुद्धिमानीले गर्दा पण्डित संगत
दालको स्वाद जिब्रोले पाए झैं ज्ञान सिक्तछ ॥

२६. युद्ध लड्न विना शस्त्र योद्धा जान्छ कसोगरी
जाँदैनन् विज्ञ व्यापारी विना खर्च यताउती ॥

२७. धननाश, मनोताप, पत्नीको दुश्चरित्रता
छक्किएको कतै आफू बताउँदैन पण्डित ॥

२८. पात्र सुहाउँदो बोल्नु, स्वभाव योग्य प्रेम नै
उचित स्थानमा क्रोध गर्न सिपालु पण्डित ॥

२९. धन विना मिठो खाना, बाझ्नु लड्नु विना बल
तर्क गर्नु विना ज्ञान जानु हो हुनु पागल ॥

३०. नबोलाए पनी जानु, नसोधे पनि भन्दिनु
आफ्नो गुण स्वयं बक्नु, हीन लक्षण यी हुनु ॥

३१. बक्दछ मूर्ख नै व्यर्थै, सिंगार्दछ कुरूप नै
आधा मात्र भरे पानी गाग्रो हुन्छ छचल्कने ।
थोरै दूध दिने गाई हुन्छ अत्यन्त चञ्चले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

३२. टुक्रुक भ्यागुतो बस्दै आफू नै सिंह सम्भन्छ
बोलेको कागले आफू चातक तुल्य ठान्दछ ।
सम्झी आफू स्वयं ज्ञानी तर्कमा मूर्ख लाग्दछ ॥

३३. कतै टुक्रुक बस्दैमा भ्यागुता सिंह हुन्न है
सुंगुर घुर्र बोल्दैमा हुँदैन चितुवा उसै ।
चाल र ढालले मात्र बिरालो बाघ हुन्न नै
विद्वान वर्गका कार्य सबै समान हुन्न नै ॥

३४. ज्ञानी सुभाष्यले, राजा धनले तृप्त हुन्न है
न आँखा तृप्त प्यारोले, पानीले न त सागरै ॥

३५. रूप यौवन सम्पूर्ण, कुल उच्च भए पनि
विना विद्या कहाँ शोभा सुगन्ध हीन फूल झैं ॥

३६. नीचका पुत्र मंत्री नै, मूर्खका पुत्र पण्डित
हीन पुत्र धनी बन्न सक्छ हेला नगर्नु है ॥

३७. शिल्प लाभ गरी धेरै लोभमा पर्छ शिष्य जो
सक्दैन भन्न जानेकै, लाटाको स्वप्न बन्छ त्यो ॥

३८. कुमालेले घड़ा फोड्न हैन, राख्न वनाउँछ
गुरू दण्ड दिने गर्छन् शिष्य विज्ञ वनाउन ॥

३९. पलाश पातमा पोको पारे तगर फूल त्यो
बन्छ पात सुगन्धी नै त्यस्तै संगत विज्ञको ॥

सुजन काण्ड

४०. गर्नु सज्जन सत्संग मीत लाउनु सज्जनै
मनग्गे सिक्नु सत्धर्म, सदा कल्याण हुन्छ नै ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

४१. सत्संग दुष्टको त्याग, गर ज्ञानी समागम
कमाऊ पुण्य दिन्दिनै, सम्भेर पछि मर्नु छ ॥

४२. द्रुमि सुन्दर पाकेको रातो देखिन्छ बाहिर
भित्र कीरा भएको भैं दुष्टको चित्त हुँदछ ॥

४३. कटहर जसै पाकछ काँड़ा भैं देख्छ बाहिर
तर भित्र सुस्वादिष्ट त्यस्तै सुहृद सज्जन ॥

४४. सुकेर पनि श्रीखण्ड सुगन्धहीन हुन्न है
भाग्दैन भयले हात्ती कदापि युद्धबाट नै ।
यन्त्रमा ऊखु पेलिन्छ छुट्दैन गुलियो तर
दु:खैमा पनि सत्धर्म छोड्दैनन् धीर पण्डित ॥

४५. भोकाए पनि खाँदैन, सिंहले घाँस बिल्कुलै
न खान्छ मासु हात्तीको दुब्लाए पनि जत्तिकै ॥

४६. कुलीन पुत्रले राख्दै इज्जत कुलको सदा
आपद दु:ख जस्तै होस् लाग्दैन दुष्ट कर्ममा ॥

४७. सुशीतल छ श्रीखण्ड, त्यो भन्दा चन्द्र शीतल
श्रीखण्ड-चन्द्रमा भन्दा साधु वाक्य सुशीतल ॥

४८. शीतल हुन्छ नै छायाँ माता पिता स्वबन्धुको
आचार्य, नृपको छायाँ, ज्यादै शीतल बुद्धको ॥

४९. भुल्केला पश्चिमै घाम, निहुरेला सुमेरू नै
सायद पद्म नै फुल्न सक्ला पर्वत माथि नै ।
तर सन्त-सुवाणीको उल्टो केही हुँदैन है ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

५०. खोज्दछ भमरा फूल, गुण खोज्दछ सज्जन
कुहेकै खोज्छ भीँगाले, दुष्ट चाहन्छ दुर्गुण ॥

५१. दुष्टा आमा भए नानी बोल्छ अशिष्ट बोलि नै
बाबु दुष्ट भए त्यस्ले रोज्छ खराब काम नै ।
दुष्ट दुवै भए त्यस्का नीच काम कुरो दुवै ॥

५२. श्रेष्ठ आमा भए नानी बोल्ने हुन्छ सुवाक्य नै
श्रेष्ठ बाबु भए त्यस्ले गर्ने हुन्छ सुकर्म नै ।
श्रेष्ठ दुवै भए त्यस्का उच्च काम कुरो दुवै ॥

५३. सल्लाह निम्ति विश्वासी, संग्राम निम्ति वीर नै
भोजमा प्रियकै याद, ज्ञानका निम्ति पण्डितै ॥

५४. कुनै काम हतारिदै नगर्नू नगराउनु
हतारिदै गरी मूर्ख पछि त्यो पछताउँछ ॥

५५. एक कुकुर अर्को चैं देखेर लड्न भुक्तछ
देखी सज्जन दुष्टैले हानि नै गर्न खोज्दछ ॥

५६. क्रोध त्यागे सब शोक छुट्छ
लोभ छोड़े ऋषि गुण कहन्छ, ।
सहनु पराई कठोर वाक्य
भन्छन् सुगत यहि क्षान्ति श्रेष्ठ ॥

५७. हूलका माभ्र, फोहोरे स्थान र दुश्मनैसित
कृतघ्न निर्गुणीसंगै निवास दुःख हो अति ॥

५८. अनुशासनको शिक्षा दृष्कृत्यबाट जोगिने
प्रिय छ सज्जनै निम्ति दुर्जनले नचाहने ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

५९. श्रेष्ठलाई शान्तिले जित्नु
छलबलले वीर दमन गर्नु ।
केही दिई नीच-जन जित्नु
समानका उद्यमले छिचोल्नु ॥

६०. विष साँच्चै विषै हैन, धन नै संघको विष
मर्छ एक विषै खाए, धनले संघकै क्षय ॥

६१. जाँचिन्छ चालले घोड़ा, तान्दा वाहन बैलको
जाँचिन्छ दूधले गाई, संवादबाट विज्ञको ॥

६२. कुवाको पिउने पानी जस्तै सज्जनको धन
तर सागरको पानी जस्तो दुर्जनको धन ।
जत्तिकै धेर होस्, प्यासै नमेट्ने त्यो निरर्थक ॥

६३. स्वयं नदी पानी पिउँदैन
न त रुखले स्वयं फल खान्छ ।
हुन्न मेघ एक ठाउँ मात्र
सज्जनको धन परहितार्थ ॥

६४. इच्छा अयोग्यको, चिन्ता अचिन्त्यको नगर्नु है
लगाऊ चित्त धर्मैमा, समय नबितोस् त्यसै ॥

६५. हुन सक्छ नसोचे झैं, सोचेझैं नहुने पनि
सम्पत्ति स्त्री, पुरुषैको हुन्न सदा अधीनमै ॥

६६. छोड़ी सज्जन दिन्दिनै गरी दुर्जन संगत
लागे असत्य धर्मैमा विनाश हेतु बन्दछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

दुर्जन काण्ड

६७. दुर्जनसित ज्यादैनै मेल नराख्नु उत्तम
गाग्रो आधा भरेको झैं दुष्ट हुन्छ उपद्रव
बोके पनि शिरैमा त्यो दुःख दायक बन्दछ ॥

६८. साँप र दुष्टमा, दुष्टै हुँदछ धेर दुर्गुणी
ओखती, मंत्रले साँप, शान्त दुष्ट हुने कसो !

६९. मूर्खले मूर्ख हूँ आफू सम्झे त्यो हुन्छ पण्डित
भई मूर्ख, स्वयं ज्ञानी सम्झने पटमूर्ख हो ॥

७०. नपाए सम्म दुष्फल मधु झैं पाप ठान्दछ
पाउँदा फल पापैको पछि त्यो मूर्ख रूँदछ ॥

७१. बलशाली भए मूर्ख अनर्थ; अरूकै धन
लुटी दुःख दिने भै त्यो मरेर नर्क पुग्दछ ॥

७२. घर भित्र मुसा दुष्ट, वनमा दुष्ट बाँदर
काग नै दृष्ट पंक्षीमा, नरमा दुष्ट ब्राह्मण ॥

७३. रात लामो निद्रा विना, थाक्दा लामो सुमार्ग नै
अधर्मी मूर्खका निम्ति लामो संसार नै पनि ॥

७४. मूर्खले देख्छ अर्काको दोष तिल जत्रै पनि
आफ्नो दोष कहाँ देख्छ, नरियलै जत्रो पनि ॥

७५. ढाक छोप गरी हिँड्छ स्वयंको दोष मूर्खले
परदोष भने खोज्छ बनेर कछुवा सरि
जीउ लुकाउँदै पनि ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

७६. प्रशंसा विज्ञको गर्न कहाँ सक्छ र मूर्खले
सुविज्ञको प्रशंसा त सक्छन् नै गर्न विज्ञले ॥

७७. विन्तिद्वारा अहंकारी, लोभीलाई दिई धन
मूर्खलाई भई मूर्खे बशमा राख्नु पर्दछ ।
तर सुसत्यद्वारा नै वश गरिन्छ पण्डित ॥

मित्र काण्ड

७८. भए पनि पराई त्यो हित गर्ने स्वबन्धु हो
बन्धु जो हित गर्दैन त्यो परजन तुल्य हो ।
निस्केर देहमा रोग हानि गर्दछ देह कै
जंगलको बुटीले चैं गर्दछ हित अन्य कै ॥

७९. सर्काउँदै मुखै सामु निन्दा गर्ने पछाड़ि चैं
साथी त्यस्ता सबै त्यागनु विषाक्त मह तुल्य नै ॥

८०. धन शेष हुँदा छोड्छन् पुत्र-पुत्री स्वबन्धुले
धन रहे सबै हुन्छन् धनै यहाँ महासुख ॥

८१. जाँचिन्छ कामले नोकर् स्वबन्धुको विपत्तिमा
धन शेष हुँदा स्वास्नी जाँचिन्छ मित्र दुःखमा ॥

८२. उपकार गर्ने हुन्छ बन्धु
पालन गर्ने पिता समान ।
जो विश्वासी उही नै मित्र
पत्नी त्यो जो सुशीलवान ॥

८३. नगर्नु शत्रु विश्वासै, पत्यार न त मित्र कै
मित्र पनि रिसाएमा उघार्ने हुन्छ दोष नै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

८४. द्वेष चित्त लिई जाने मित्रका साथ मिल्छ को ?
गर्भिणी खच्चरै जस्तै त्यसको मृत्यु सम्भव ॥

८५. मौका नै नपरेसम्म शत्रु नै पनि बोक्नु छ
मौका पर्दा बजार्नै छ घैला पत्थर माथि झैं ॥

८६. ऋण, अग्नि तथा शत्रु-तीनै बाँकी नराख्नु है
बाँकी रहे हुने वृद्धि पूरै मेट्नु तसर्थ नै ॥

८७. रूप छ पद्म झैं, बोली श्रीखण्ड सम शीतल
र हृदय भए कालो-त्यस्को नगर्नु संगत ॥

८८. गाली मात्र सदा गर्ने, कंजूसी कपटी अति
निर्दयी दुष्ट त्यस्ताको कैले नगर्नु चाकरी ॥

८९. पचास हात टाढ़ामा सिङ्गयुक्त जनावर
घोड़ा सौ हात टाढ़ोमा हात्ती हजार हातमा ।
बस्नु दुर्जन छोड़ेर अलग्गै देश दूरमा ॥

९०. खराब देश, दुर्मित्र, नराम्रा वंश, बन्धु र
पत्नी अलच्छिनी त्याग्नु र साथै दुष्ट नोकर ॥

९१. हुँदा रोग, महादु:ख, बस्दा दुर्भिक्ष कालमा
जाँदा शत्रुहरू माझ, राज सभा, मसानमा ।
सदा मदद दिन्छन् जो, त्यो साँचो मित्र वा सखा ॥

९२. मित्र बन्छ मिठो बोले, शत्रु कठोर बोलिले
सूर्य चन्द्र प्रमाणै छ प्रत्येक दिन देखिने ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

स्त्री काण्ड

९३. स्वर नै कोइलीको हो रूप, स्त्रीको पतिब्रत
विद्या रूप कुरूपीको, तपस्वीको क्षमा त हो ॥

९४. नारीको धन हो रूप, विद्या पुरुषको धन
भिक्षुका धन शीलै हुन्, राजाको धन नै बल ॥

९५. दुब्लोपना तपस्वीको शोभा, मोटो भए पशु
विद्या पुरुषको शोभा, स्त्रीको शोभा त हो पति ॥

९६. पाँच रात विराएमा भुल्छ गन्धर्वले कला
सात रात धनुर्विद्ले, पन्द्रह रात शिष्यले ।
महीना दिन बित्दैमा स्त्री जाति गुण भुल्दछे ॥

९७. भैंसीलाई हिलै प्यारो, हाँस्लाई त पोखरी
स्त्रीलाई पुरुषै प्यारो, भिक्षुलाई सुशील नै ॥

९८. पचेको अन्न, वृद्धा स्त्री, जित्ने संग्राम वीरको
र अन्न घर भित्रैको-प्रशंसा गर्नु यी सबै ॥

९९. बहु-पति भएकी स्त्री, हिंड्ने भिक्षु घुमीफिरि
पंक्षी बन्धन उम्केको-हुन्छन् चंखो चलाक यी ॥

१००. शान्त गर्नु कुटी दृष्ट, शत्रु दमन मौनले
दुष्ट स्त्री शान्त दुःखैले, रागी चैं अल्प खाद्यले ॥

१०१. चन्द्र विन रात शोभा हीन
त्यस्तै सागर विना तरंग ।
हँस विन पुष्कर शोभा हीन
स्त्री श्रीहीन विना पति-संग ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

१०२. धन कमाउने लोग्ने, स्त्री गर्छे धन रक्षण
तसर्थ पुरुषै श्रेष्ठ, धागो झैं स्त्री सियोकन ॥

१०३. बग्छ नदी सबै बाङ्गै, वन वनै छ कण्टक
बसे स्त्री जन एकान्तै, पापको कर्म सम्भव ॥

१०४. जो पायो त्यो सितै लाग्ने, बाझी हिँड्ने सबैसित
पकाई बढ़िया अन्न, खाने धेरै सुब्यञ्जन ।
तृष्णा युक्त भई घुम्दै हिँड्ने सदा यताउति
जन्माओस् नै सयौं पुत्र, यस्ती स्त्री त्याग्नु पर्छ है ॥

१०५. आमा झैं हर्षले सोच्ने खान लाउनमा सदा,
लज्जाशील यथास्थान, दिदी बैनी सरी कुरा ।
दासीले झैं गरी काम, भय हुँदा सघाउने,
हीन रूप कुनै छैन, न त गर्छे रिसाउने ।
छैन शयनमा दिक्क, रमाइलै गरीदिने
विज्ञ प्रशंसिता यस्ती पुग्छे स्त्री सुगती मरी ॥

१०६. नयन मृगका जस्ता, तिघ्रा सुडौल सुन्दरी
सम दन्तावली, श्यामसुकेशी रूप माधुरी ।
पातली तन, गम्भीर-नाभी, शीलवती गुणी
नीचै होस् कुल, यस्ती स्त्री विवाह योग्य तैपनि ॥

१०७. ऋतु सदै श्रेष्ठ, नारी माझ सुरूपिणी
छोरामा मुख्य जेठो नै, दिशा प्रधान उत्तरै ॥

१०८. जन्म जन्म उही लोग्ने पाउने चाहना भए
गर्नु स्व-पतिको सेवा भै इन्द्र सेविका सरि ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

१०९. नर नै जन्म-जन्मैमा हुने इच्छा भए सदा
हिलो टेक्न घिनाएझैं पर-स्त्रीसित टाढ़िनु ॥

११०. भर्खरकी युवा केटी गरे विवाह वृद्धले
इच्छा अपूर्ण, चिन्ता भै शान्ति विनाश नै हुने ॥

राज काण्ड

१११. एक प्रहर राजा र दुई प्रहर पण्डित
सुत्छन् गृहस्थ तीनै याम्, मगन्ते चार याम नै ॥

११२. राजा, नदी, विद्वत्वर्ग, वैदच, धनी महाजन
नभएको प्रदेशैमा एकै दिन नबस्नु है ॥

११३. जुन् देशमा न सत्कार, न वृत्ति, न छ बान्धव,
सिक्नु छैन जहाँ विदचा, ब्यर्थ हो बस्नु नै त्यहाँ ॥

११४. विना पुत्र घरै शून्य, राष्ट्र शून्य विना नृप
मूर्खको मुख नै शून्य, सर्व शून्य गरीबको ॥

११५. धन कमाउन व्यापार गर्नु
विदचा सिक्नु पण्डितै संग ।
नृप-चाकरि गर मंत्री बन्न
पुत्र निम्ति ब्याह युवती संग ॥

११६. भिक्षु नाश असंतोषी, संतोषले नरेश नै
वेश्याको नाश लज्जाले, निर्लज्जाले कुलीन स्त्री ॥

११७. पंक्षीको बल आकाश, माछ्राको बल नै जल
दुर्बलको बलै राजा, नानीको रून्नु नै बल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

११८. दया, क्षान्ति र निष्पक्ष, जागृत र निरालस
सम भाग गरी बाँड्नु-श्रेष्ठ नायक कै गुण ॥

११९. राजा, श्रमण ज्ञानीले, तथा पण्डितले पनि
एकै पटक नै बोल्छन्, यही नै धर्म सनातन ॥

१२०. अल्छे गृहस्थ कामान्ध, दुश्शील भिक्षु नीच हो
विवेक हीन राजा र क्रोधी पण्डित दुष्ट हो ॥

१२१. जहाँ सबै स्वयं नेता, आफै पण्डित बन्छ, र
आफै ठूलो हुनै खोज्छ, काम बिग्रन्छ नै त्यहाँ ॥

१२२. आय व्यय र कार्यादि हेरी बुझी यथोचित
राजा कै हो दिने काम-सजाई वा इनाम नै ॥

१२३. आङतिरैबाट ताप्नु घाम
आगो ताप्नु पेट अघिबाट ।
हर विधि स्वामी सेवा गर्नु
परलोक निम्ति पर्छ सुमार्ग ॥

१२४. आगो, पानी र स्त्री, मूर्ख, सर्प राजकुलैसित
राम्रो टाढ़ै वसे, नत्र ज्यान नै जान सक्तछ ॥

१२५. दुष्ट पत्नीसितै बस्नु, पाल्नु दुर्जन नोकर
घरमा हुनु सर्पादि मृत्यु कारण सम्भव ॥

१२६. मूर्ख चेलाहरूलाई उपदेश दिने गरे
दुष्ट पत्नी पनी पाली, बसे दुर्जन संग नै ॥
भोग्छ अवश्य दुःखैनै, पण्डितै त्यो भए पनि ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

१२७. छोरा पापी भए आमा दोषी, शिष्य भए गुरू
प्रजा पापी भए राजा, राजा साथै पुरोहितै ॥

१२८. क्रोधीलाई अक्रोधी भै, जित्नु दुष्ट सुभावले
कंजूस जित्नु दानैले, भूठोलाई सुसत्यले ॥

१२९. कंजूसी वशमा गर्ने दानै सिद्धि सबै दिने
दान र प्रिय वाणीले नम्र स्व-पर नै हुने ॥

१३०. दानले स्नेहको वृद्धि, कंजूसी दोष-वर्धक
यशको प्राप्ति दानैले, कंजूसी यश-नाशक ॥

१३१. एकजूट भए बन्छ समर्थ दुर्बलै पनि
बटारी सूत, डोरीले हात्ती बाँध्न सकिन्छ नै ॥

१३२. दुर्बल सैन्यका राजा हुन्थ्यो कहाँ प्रतापवान्
निर्जन स्थानको आगो जान्छ शान्त भई स्वयं ॥

१३३. धेरै व्यञ्जनको खाना, काम भोगादि सेवन
माला वस्त्रादि श्रृंगार सज्जा सुगन्ध लेपन ।
राजाले भैं सबै यस्ता नगर्नु है कदाचित ।

१३४. राजा मित्र कतै हुन्न, न हाम्रो धन त्यो हुने
सम्भी केवल स्वामी भैं राजाको गर्नु आदर ॥

१३५. बसी नजीक वा टाढ़ै, सम्मुख वा अदृश्य भै
बसेर न त अग्लोमा , न होचो ठाउँ नै कतै ।
सेवा नगर्नु राजाको, छः दोष दूर राख्नु यै
राजा त अग्नि भैं सम्भी सेवा गर्नु सचेत भै ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

१३६. भए पनि सर्वज्ञ गुण पूर्ण
नभए आश्रय शोभा हुन्न ।
बहूमूल्य नै होस् मणि रत्न
तर विन आसन शोभा छैन ॥

प्रकीर्ण वर्ग

१३७. स्त्री संगमा कहाँ शील, मंस खाए कहाँ दया
न सत्य मदसेवीमा, न लाज लोभ ग्रस्तमा ।
न सिक्छ शिल्प अल्छेले, क्रोधीसित धनै कहाँ ॥

१३८. मद सेवी, अनाचारी, कुबेलामा बरालिने
दुष्ट संगत गर्नेको सम्पत्ति नाश नै हुने ॥

१३९. नसुनेको, नदेखेको, सुनें-देखें नभन्नु है ।
हिंड़े झैं वनमा व्याधा, हिंड्नु होश गरी सदा ॥

१४०. दुःखी, रोगी तथा मूर्ख, ऋण, बोक्ने, निराश्रयी
व्यासजीको भनाईमा मरण तुल्य पाँच यी । ।

१४१. भविष्यमा हुने त्रास-भयबाट सचेत भै
सम्मुखी भय-त्रासैमा निर्भीक बन्छ पण्डितै ॥

१४२. रोगी, निद्रालु, अल्छे र प्रमादी, सुख-इच्छुक
लोभी, खोज्ने नयाँ काम, यी सात शास्त्र-वर्जित ॥

१४३. कार्य नाश अलाभैले, लाभले कार्य उन्नति
मेघबाट भई वृष्टि भर्छ पानी समुद्रमा ।
रीत प्रकृतिकै हो यो, छैन सम्बन्ध कर्मको ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

१४४. आफ्नो काम गरे आफै, को निन्दा गर्न सक्तछ
आफ्नो काम स्वयं गर्न तसर्थ हुनु तत्पर ॥

१४५. रूवा हल्का र त्यो भन्दा हल्का चंचल चित्तका
बुद्ध शिक्षा-निरूत्साही हुन्छ हल्का अझै बढ़ी ॥

१४६. दुङ्गे छाता गर्‍हौ सार्‍है, देववाणी गर्‍हौं झनै
बुद्धोपदेश वा बुद्ध-शासन अझ झन गर्‍हौं ॥

१४७. दाहिने हात तनको दास
खुट्टाको दास देब्रे हात ।
कान्छी औंलो चाहिँ हुन्छ
नाक, कान, आँखाको दास ॥

१४८. पानको पात माझैमा गर्छ रक्षा कुवेरले
डाँठ राक्षसले रक्षा, टुप्पा चैं कालकर्णिले ।
विधिले पान खाएमा सम्पत्ति बृद्धि नै हुने ॥

१४९. पाटी-रक्षक ब्रह्माजी, खरी रक्षक विष्णुजी
गरेमा यिनकै पूजा पाउँछौ मान सर्वदा ॥

१५०. गृहस्थनिम्ति गाई नै दाता-पोषक हो, र नै
सम्झी मातापिता तुल्य गाईको गर पूजन ॥

१५१. गौमांस खानु-आमाकै मासु खानु समान हो
बगाउनु मरे गाई, कि खान दिनु गीद्धले ॥

१५२. शिल्प सिक्न शुरू गर्नु राम्रो हो गुरूवार नै
रवि र शुक्र हुने मध्यम, बुध, सोम असिद्धि नै ।
मंगल, शनि वारैमा सम्भव मरणान्त नै ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

१५३. अष्टमि गुरूकै हानि, शिष्य हानि चतुर्दशी
दशमी शिल्पकै हानि, हुन्छ पूर्णे मुमा बुबा ॥

१५४. तृतीया दिन माछा र सप्तमीमा नरीयलै
न खानु नवमी लौका, कटहरादि द्वादशी ।
यो विपरित खाएमा हुन्छ शिल्प विनाश नै ॥

१५५. कुल हित निम्ति व्यक्ति छोड्नु
गाउँहित निम्ति वंश त्याग्नु ।
र छोड्नु गाउँ देशका निम्ति
आफ्नै हितार्थ पृथ्वी त्याग्नु ॥

१५६. ज्ञानी, सिंह र हात्तीले नराम्रो देश छोड्दछन्
तर त्यहीं बसी मर्छन् काग, गिद्ध र दुर्जन ॥

१५७. पण्डित एक खुट्टैले टेकी हिंड्न परे पनि
छोड्दैनन् पहिलो ठाउँ अर्को पक्का नभैकन ॥

१५८. पढ्दा-सिक्दा विदया-शास्त्र, अन्न धन कमाउँदा
दूत-कार्य र कामैमा लज्जाले कार्य हुँदैन है ॥

१५९. आहार द्विगुणा स्त्रीको, चातुर्य चार दोबर
उदयोग छः गुणा हुन्छ, कामेच्छा आठ दोबर ॥

१६०. बढ़े झैं ऊखुको स्वाद उँभो लाग्छ सुसज्जन
अवनति तिरै नित्य लाग्दछ मूर्ख दुर्जन ॥

१६१. कृषक, बनियाँ, मन्त्री, श्रमण, श्रुत, शीलवान्
भए उन्नति यीनैका हुन्छन् राजा समृद्धित ॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

१६२. विना अभ्यास विद्यादि, श्रमण, श्रुत, शीलवान्
विग्रन्छ देह अल्छेको र रक्षक प्रमादले ॥

१६३. अल्छेको धन जाने हो उदयोगी जनका घर
मनमा सोच्छ अल्छेले मुख्य हो पूर्व कर्म नै ॥

१६४. नसोची कर्म मात्रै नै धीर लाग्छ प्रयत्नमा
नपाए पनि साफल्य, छैन दोष प्रयत्नमा ॥

१६५. नीच कुल, प्रज्ञाहीन, शक्ति हीन, कुरूप होस्
तै पनि कलिकालैमा मान्छे ठूलो धनै भए ॥

उप. Acc. 692/612

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

"Wherever the Buddha's teachings have flourished,
either in cities or countrysides,
people would gain inconceivable benefits.
The land and pepole would be enveloped in peace.
The sun and moon will shine clear and bright.
Wind and rain would appear accordingly,
and there will be no disasters.
Nations would be prosperous
and there would be no use for soldiers or weapons.
People would abide by morality and accord with laws.
They would be courteous and humble,
and everyone would be content without injustices.
There would be no thefts or violence.
The strong would not dominate the weak
and everyone would get their fair share."

THE BUDDHA SPEAKS OF
THE INFINITE LIFE SUTRA OF
ADORNMENT, PURITY, EQUALITY
AND ENLIGHTENMENT OF
THE MAHAYANA SCHOOL

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

With bad advisors forever left behind,
From paths of evil he departs for eternity,
Soon to see the Buddha of Limitless Light
And perfect Samantabhadra's Supreme Vows.

The supreme and endless blessings
of Samantabhadra's deeds,
I now universally transfer.
May every living being, drowning and adrift,
Soon return to the Pure Land of Limitless Light!

~The Vows of Samantabhadra~

I vow that when my life approaches its end,
All obstructions will be swept away;
I will see Amitabha Buddha,
And be born in His Western Pure Land of
Ultimate Bliss and Peace.

When reborn in the Western Pure Land,
I will perfect and completely fulfill
Without exception these Great Vows,
To delight and benefit all beings.

~The Vows of Samantabhadra
Avatamsaka Sutra~

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

A Path to True Happiness

TRUE SINCERITY
towards others

PURITY OF MIND
inside

EQUALITY
in everything we see

PROPER UNDERSTANDING
of ourselves and our environment

COMPASSION
helping others in a wise and unconditional way

SEE THROUGH
to the truth of impermanence

LET GO
of all wandering thoughts and attachments

FREEDOM
of mind and spirit

ACCORD WITH CONDITIONS
go along with the environment

BE MINDFUL OF AMITABHA BUDDHA
wishing to reach the Pure Land and follow in His Teachings

From The Teachings of
Ven. Master Chin Kung

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn the Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

NAMO AMITABHA

南無阿彌陀佛

尼泊爾文：

The Teaching on The Liberation From Fear And Offense of The Immorality

Printed for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org.tw
Website: http: //www.budaedu.org.tw
This book is strictly for free distribution, it is not for sale.

यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन

Printed in Taiwan
5,000 copies; January 2002
NE011-2696

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:
epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

As this is a Dhamma text,
we request that it be treated with respect.
If you are finished with it,
please pass it on to others or
offer it to a monastery, school or public library.
Thanks for your co-operation.

Namo Amitabha!

〈尼泊爾文：The Teaching on The Liberation From Fear And Offense of The Immorality〉

Reprinted and donated for free distribution by

The Corporate Body of the Buddha Educational Foundation

11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel:886-2-23951198 · Fax:886-2-239.13415
Email:overseas@budaedu.org.tw
Website: http://www.budaedu.org.tw

This book is for free distribution, it is not for sale.

यो पुस्तक नि:शुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन

Printed in Taiwan

NE011

pal Sanskrit University, Balmeeki Campus, Kathma